# राष्ट्रिय सूचना आयोग

## वार्षिक प्रतिवेदन

## २०६६/०६७



राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोग
## वार्षिक प्रतिवेदन
२०६६–०६७

**राष्ट्रिय सूचना आयोग**

नयाँ बानेश्वर, थापागाउँ, बुलबुले मार्ग,
काठमाडौँ, नेपाल

**राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०६६–६७**

प्रकाशक : राष्ट्रिय सूचना अयोग
काठमाडौँ ।
फोन ४४६१६१२, ४४६४८६२
इमेल : nicnepal@wlink.com.np
वेबसाइट : www.nic.gov.np

प्रकाशन मिति : २०६७ चैत्र

प्रति : १०००

मुद्रक : टिकाराम अफसेट प्रेस,
पेप्सिकोला-३५, काठमाडौं, मो. ९८४१०१९९२१

# राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

मिति : २०६७ चैत्र

**विषय : दोस्रो वार्षिक प्रतिवेदन ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ अनुसार राष्ट्रिय सूचना आयोगले २०६६ श्रावणदेखि २०६७ को असार मसान्तसम्म सम्पादन गरेका काम तथा संविधानमा नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरिएको सूचनाको हक कार्यान्वयन गर्न गराउनका लागि गर्नुपर्ने कामका बारेमा आवश्यक सुझावहरू सहित यो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका छौं । साथै सर्वसाधारणको जानकारीको लागि यो प्रतिवेदन आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखेका छौं ।

| | | |
|---|---|---|
| (सबिता भण्डारी बराल) | (श्रीआचार्य) | (विनयकुमार कसजू) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ।"

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावना)

# विषयसूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| भूमिका | |
| प्रतिवेदनको सार | १ |
| **खण्ड : क : राष्ट्रिय सूचना आयोगको परिचय** | **३** |
| **खण्ड : ख : आयोगका गतिविधिहरू** | **६** |
| १. आर्थिक वर्ष २०६६-६७ मा आयोगमा परेका पुनरावेदन र उजुरीमाथि कारवाही र निर्णय | ६ |
| २. आयोगका निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेका रिट निवेदन | ६ |
| ३. अनुगमन, अध्ययन तथा अन्य नियमित कार्य | ७ |
| **४. प्रवर्द्धनात्मक कार्य** | **८** |
| १. सचेतना, जागरण कार्यक्रम | ८ |
| २. प्रशिक्षक प्रशिक्षण कार्यक्रम | ८ |
| ३. प्रकाशन | ८ |
| ४. प्रसारण | ९ |
| ५. लेखन बृत्ति | ९ |
| ६. गोष्ठी तथा छलफल कार्यक्रममा सहभागिता | ९ |
| ७. छलफल तथा परामर्श | १३ |
| ८. विश्वबैंकसँग सहकार्यको प्रयास | १३ |
| ९. कर्मचारी क्षमता विकास | १४ |
| **खण्ड : ग : आयोगको सुझाव** | **१५** |
| **खण्ड : घ : परिशिष्ट** | **२३** |
| परिशिष्ट १ : नेपालमा सूचनाको हकको कानुनी परिवेशको विकास | २३ |
| परिशिष्ट २ : पुनरावेदनसम्बन्धमा ऐनमा भएको व्यवस्था | २८ |
| परिशिष्ट ३ : पुनरावेदन र उजुरीबारे गरेको कारवाही र निर्णयको विवरण | ३० |
| परिशिष्ट ४ : प्रवर्द्धनात्मक कार्यक्रमको विवरण | ५८ |
| परिशिष्ट ५ : प्रशिक्षक प्रशिक्षण कार्यक्रमको विवरण | ८५ |
| परिशिष्ट ६ : अनुगमन गतिविधि | ९१ |
| परिशिष्ट ७ : विविध | ९९ |

# भूमिका

लोकतान्त्रिक व्यवस्थामा जनता नै देशको मालिक हुन्छ भन्नुको तात्पर्य हो राज्यका सबै स्रोत साधन तथा राज्य संचालनका सबै अधिकार जनतामा हुन्छ । जनताले राज्यका सबै गतिविधिहरूमा हिस्सा लिन पाउँछ । सबै सार्वजनिक निकायले गरेका कामको जानकारी र तीसँग भएका सूचनाको मालिक जनता हुन्छ । जनताले चाहेको बेलामा ती सूचना पाउने अधिकार राख्दछ । जनताले तिरेको करबाट चल्ने वा जनताको नाममा उपलब्ध भएको सहयोगबाट संचालन हुने निकाय, संस्था र त्यस्तो निकायबाट तलबभत्ता वा सुविधा पाउने व्यक्तिले पदीय हैसियतले गर्ने सबै काम पारदर्शी हुन्छ । त्यसैले लोकतान्त्रिक मुलुकमा सूचनाको हक जनताको मौलिक हक हुन्छ । सार्वजनिक महत्व र चासोको सूचना सार्वजनिक गर्न र जनतालाई सहज रूपमा पुऱ्याउन ऐन नियमद्वारा व्यवस्था गरिएको हुन्छ ।

सुशासन विना लोकतन्त्र चल्न र बलियो हुन सक्तैन । सुशासनको लागि पारदर्शिता अनिवार्य हुन्छ । शासनलाई पारदर्शी र जिम्मेवार बनाउन जनताले सूचनाको हक उपभोग गर्नुपर्छ । सूचना माग्ने र पाउने काम मौलिक अधिकार हो भनिए तापनि वास्तवमा सूचना माग्नु जनताको कर्तव्य हो । सूचना माग्ने र पाउने कर्तव्यलाई कार्यान्वयन गरिएन भने शासन अपारदर्शी, भ्रष्ट, असंवेदनशील र अधिनायक चरित्रको हुन सक्छ । फलस्वरूप लोकतन्त्र कमजोर हुन्छ । त्यसैले लोकतन्त्रलाई जोगाउन र बलियो बनाउन पनि जनता आफैं सूचना माग्ने र पाउने कर्तव्यप्रति जागरुक र सक्रिय हुन आवश्यक हुन्छ ।

नेपाली जनताले पहिलो पटक सूचनाको हक २०४७ सालमा बनेको संविधानमा मौलिक अधिकारको रूपमा प्राप्त गरेतापनि त्यसलाई लागू गर्ने ऐन कानुनको अभावले गर्दा सहज रूपमा सूचनाको हक उपयोग गर्न पाएका थिएनन् । २०६३ सालको जनआन्दोलनले ल्याएको लोकतन्त्रप्रतिको नयाँ उत्साहको फलस्वरूप नेपालको व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन २०६४ पारित गरेर आमजनतालाई राज्य र सार्वजनिक निकायमा भएका सूचनामा जनताको पहुँचको अधिकारलाई सहज बनाएको हो । नेपालले चाहेको साँच्चैको लोकतन्त्र र सुशासनको लागि यो ऐतिहासिक थालनी हो । वास्तवमा सूचनाको हकसम्बन्धी ऐन पारित गर्नु गोप्यताको संस्कारबाट मुक्त भएर खुलापन र पारदर्शी समाजमा प्रवेश गर्ने संकल्पको संकेत हो, अँध्यारोबाट उज्यालोतिरको  यात्राको थालनी हो ।

तर सयौं वर्षदेखि विद्यमान बन्द सरकारी परिवेशलाई खुला गर्न कानुन बनाएर मात्रै पर्याप्त हुँदैन । गोप्यताको संस्कृतिमा हुर्केको प्रशासनतन्त्र, सूचनाको हकसँग नमिल्दो/परस्पर बाझिने कानुन, पुराना प्रक्रिया र व्यवस्थापनको बाधाअडचन तथा पदाधिकारीहरूको कानुनको बुझाइमा कमीका साथै नेपाली समाज र सरकारभित्र मौलाएका कतिपय प्रवृत्तिगत बाधाहरू पार नगरी गोपनीयताको संस्कृतिबाट खुलापनतिर लाग्न सकिँदैन । यसका लागि केही व्यक्ति वा संस्थामात्रै तयार भएर हुँदैन । राजनीतिक दल र नेताहरू, राज्यको नेतृत्व, नीति र नियमकानुन बनाउने र पालन गर्ने गराउने जिम्मा लिएका व्यक्ति र निकायहरूका साथै सचेत नागरिक समाजको दृढ इच्छा, संकल्प र सक्रियताविना यो ऐन लागू हुन सक्तैन ।

राष्ट्रिय सूचना आयोगको प्रस्तुत वार्षिक प्रतिवेदनले आयोगका वर्षभरिका गतिविधिहरूका साथै सूचनाको हकलाई नेपालमा प्रभावकारी र व्यावहारिक रूपमा कार्यान्वयन गर्दा आइलाग्न सक्ने वाधा व्यवधान र चुनौतीहरूको पहिचान गरी आवश्यक कदम र उपायका बारेमा विस्तृत सुझाव दिने प्रयास गरेको छ । यसले भावी कार्यक्रमका लागि पनि बाटो देखाउने आशा र विश्वास छ ।

*– राष्ट्रिय सूचना आयोग*

## १. प्रतिवेदनको सार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ कार्यान्वयन, प्रवर्द्धन र अनुगमन गर्ने गराउने उद्देश्यले २०६५ जेठ २२ गते राष्ट्रिय सूचना आयोगको गठन भएको थियो । यो प्रतिवेदन आयोग गठन भएपछिको दोस्रो वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनमा राष्ट्रिय सूचना अयोगले पालना गर्नु पर्ने दायित्व र सूचनाको हक प्रवर्द्धनका लागि आयोगले सम्पन्न गरेका कार्यहरूको विवरण सेमेटिएको छ ।

आर्थिक वर्ष २०६६ – ६७ भित्र सूचना मागका सम्बन्धमा आयोगमा ३९ वटा पुनरावेदन र उजुरी परेका थिए । तीमध्ये अधिकांश पुनरावेदन र उजुरीको निर्णय भइसकेको छ भने आयोगका केही निर्णयको विरुद्ध सम्बन्धित निकायका सम्बद्ध व्यक्तिहरूले सर्वोच्च अदालतमा रिट निवेदन दिएका छन् । सम्मानित अदालतबाट तिनको अन्तिम फैसला हुन बाँकी नै छ ।

आयोगले विभिन्न जिल्लाका सरकारी कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरेको थियो । अनुगमनबाट प्राप्त प्रतिवदेनको आधारमा ऐनको कार्यान्वयनको अवस्था उत्साहप्रद छैन । जिल्लाहरूमा अनुगमन तथा सचेतना कार्यक्रमहरूमा जाँदा जनस्तरमा ऐनको बारेमा जानकारी बढ्दै गएको र सूचना माग्ने प्रवृत्ति पनि बढेको पाइयो । तर सार्वजनिक निकायमा सूचना मागेको र पाएको वा सूचना मागमाथि भएको कारवाहीको अभिलेख राख्ने र आयोगलाई जानकारी गराउने नगरिएको हुँदा कति जनाले सूचना मागे र कतिले पाए भन्ने जानकारी पाउने स्थिति छैन ।

सूचनाको हकसम्बन्धी ऐनका बारेमा चेतना फैलाउने उद्देश्यले यस वर्ष पनि आयोगले विभिन्न प्रकारका कार्यक्रम संचालन गरेको थियो । तीमध्ये नेपाल पत्रकार महासंघसँग सहकार्य गरेर विभिन्न जिल्लामा सरकारी कार्यालयका प्रतिनिधि, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरूलाई संलग्न गराई सचेतना तथा जागरण कार्यक्रम गरिएको थियो । यस्तै गत वर्षमा झैँ एफएम रेडियोमार्फत प्रचार प्रसार कार्यक्रम, पुस्तक तथा ब्रोसर प्रकाशन, छलफल, गोष्ठी तथा परामर्श साथै लेखनवृत्ति कार्यक्रम संचालन गरिएको थियो । साथै विभिन्न जिल्लाका सूचना अधिकारीहरूलाई स्थलगत रूपमा तालिम दिनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम पनि संचालन गरिएको थियो ।

सूचनाको हक प्रवर्द्धनका लागि विश्व बैंकले सुरुदेखि नै रुचि देखाएकोले सूचनाको हक कार्यान्वयनका लागि पाँच वर्षे रणनीति र केही साना परियोजना र कार्यक्रम संचालन गर्ने बारेमा विश्व बैंकका प्रतिनिधिसँग विभिन्न चरणमा छलफल भएर केही बुँदामा मौखिक सहमति भएको थियो । तर बैंकको तर्फबाट कार्यान्वयन चरणमा प्रवेश हुन बाँकी रहेको छ ।

सुझाव खण्ड प्रतिवेदनको मर्म र सार हो । प्रतिवेदनको उद्देश्य पनि राज्यका विभिन्न अंग, नागरिक समाज र आमनागरिकलाई सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण सुझाव दिनु हो । आयोगले गत वर्षको प्रतिवेदनमा आफ्नो वर्षदिनको अनुभव, विभिन्न देशमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्दा अबलम्बन गरेका उपायहरू तथा विभिन्न समूहहरूसँग भएको छलफल र अन्तरक्रियाहरूको आधारमा विभिन्न सुझावहरू प्रस्तुत गरेको थियो । ती सुझावहरूअन्तर्गत सूचनाको हक र यो हकलाई कार्यान्वयन गराउने, आयोगलाई नयाँ संविधानमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने, ऐन लागू गर्न गराउनका लागि दरिलो राजनीतिक प्रतिवद्धता हुनुपर्ने, प्रेस र नागरिक समाज सक्रिय हुनुपर्ने, प्रशासनिक संयन्त्रको संरचना, सोच र व्यवहारमा परिवर्तन गर्नुपर्ने, यो ऐनसँग बाझिने ऐनहरू खारेज वा संशोधन हुनुपर्नेजस्ता महत्वपूर्ण सुझावहरू समेटिएका थिए । ती

सुझावहरू भविष्यमा सूचनाको हकसम्बन्धी नीति र ऐन कानुन बनाउने काममा पनि उपयोगी हुनेछन् भन्ने आयोगको विश्वास थियो ।

आयोगले गतवर्षको प्रतिवेदनमा प्रस्तुत गरेका सुझावहरू अझै प्रासंगिक भएकोले यस वर्ष ती सुझावहरु पनि प्रस्तुत गरिएको छ । आयोगले प्रस्तुत गरेका सुझावका सम्बन्धमा सम्बन्धित तथा जिम्मेवार निकायले चासो लिएको नपाइनु निश्चय नै सुखद अवस्था होइन । यसैले सुझावको पुनरावृत्ति अयोगको वाध्यता हो ।

सूचनाको हकसम्बन्धी ऐन सरकारी निकायहरूमा लागू गराउनका लागि सबै निकायमा सूचना अधिकारीको नियुक्ति, निजहरूको तालिम तथा आवश्यक स्रोत साधनको व्यवस्था गर्नु सरकारका सबै केन्द्रिय निकाय र मन्त्रालयहरूको दायित्व हो । यो दायित्व पालन गर्न गराउन सबै मन्त्रालयमा एउटा इकाइ वा संयन्त्र तथा सबैको समन्वय गर्ने केन्द्रिय इकाइ हुनु आवश्यक छ ।

सारमा : सूचनाको हकसम्बन्धी ऐन र नियमको उद्देश्यअनुसार जनताले सूचनाको हक सहज रूपमा पाउने अवस्था अझैसम्म बन्न सकेको छैन । कानुनी रूपमा ऐन लागू गर्नु मात्रै पर्याप्त हुँदैन । यसका लागि नेतृत्व, नीतिनिर्माण र ऐन कानुन निर्माणदेखि कार्यान्वयन गर्ने तहसम्म नै प्रतिवद्धता, दक्षता र स्रोत साधनको व्यवस्था हुनुपर्छ । धन्यवाद ।

# खण्ड : क : राष्ट्रिय सूचना आयोगको परिचय

## राष्ट्रिय सूचना आयोगको गठन

राष्ट्रिय सूचना आयोग सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गर्न गठित स्वतन्त्र निकाय हो । व्यवस्थापिका संसद्का सभामुखको अध्यक्षतामा सूचना तथा संचार मन्त्री र नेपाल पत्रकार महासंघका सभापति सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले यो आयोगका पदाधिकारीहरू नियुक्त गर्दछ । २०६५ सालमा पहिलोपटक यो आयोगको गठन भयो र सरकारले श्री विनयकुमार कसजूलाई प्रमुख सूचना आयुक्त तथा श्री श्रीआचार्य र श्री सविता भण्डारी बराललाई सूचना आयुक्तमा नियुक्त गरेको हो । प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँच वर्षको हुन्छ ।

## राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

१. नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग्दा मागेको सूचना नपाएमा वा चित्तबुझ्दो गरी नपाएमा निजले आयोगसमक्ष पुनारावेदन दिन सक्छ र आयोगले सो पुनरावेदनमाथि कारवाही गर्छ ।

२. सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले गरेको कुनै सूचनाको वर्गीकरण चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन दिएमा र सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा आयोगले सार्वजनिक गर्न आदेश दिन सक्छ ।

३. सूचना नदिने, दिन इन्कार गर्ने, आँशिक रूपमा वा गलत सूचना दिने वा समयमा नदिने सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीको लागि लेखी पठाउन सक्छ ।

४. सूचना नदिएको, दिन इन्कार गरेको, आँशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई दिन सक्छ ।

५. सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्ति दिलाउँछ ।

६. कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना दुरूपयोग गरेमा जरिवाना गर्न सक्छ ।

७. आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसद्मा र सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्छ ।

८. ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार यसप्रकार छ : –

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐन वमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने,

**राष्ट्रिय सूचना आयोगको कार्य सम्पादनका लागि कर्मचारीको व्यवस्था**

आयोगको नियमित कार्य सम्पादनका लागि नेपाल सरकारले निम्नलिखित कर्मचारीको दरबन्दीको व्यवस्था गरेको छ

१. सचिव (रा.प. विशिष्ट श्रेणी ) –१

२. सह सचिव ( रा.प. प्रथम श्रेणी) –१

३. उप सचिव (रा.प.द्वितीय श्रेणी ) प्रशासन, सामान्य प्रशासन–२

४. शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) प्रशासन, सामान्य प्रशासन –८

५. कानुन अधिकृत (रा.प.तृतीय श्रेणी ) न्याय, कानुन –१

६. लेखा अधिकृत (रा.प. तृतीय श्रेणी ) प्रशासन, लेखा ) –१

७. नायव सुव्बा (रा.प.अन. प्रथम श्रेणी) प्रशासन, सामान्य प्रशासन )–३

८. कम्प्युटर अपरेटर – २

९. हलुका सवारी चालक– ५

१०. कार्यालय सहयोगी – २

११. पाले –२

१२. कुचिकार–१

जम्मा २९

**बजेटको व्यवस्था**

आयोगको लागि आवश्यक खर्च नेपाल सरकारले गर्ने व्यवस्था छ, जसअनुसार आर्थिक वर्ष २०६६–६७ मा कूल रु.९६२२०००।- उपलब्ध गराएको थियो । यसमध्ये रु ७४७५०००।-खर्च भएको थियो भने बाँकी रु.२१,४७,०००।- खर्च हुन नसकी फ्रिज हुन गएको थियो । आयोगमा न्यून संख्यामा कर्मचारी रहनु, बजेट ढीलो स्वीकृत हुनुजस्ता कारणले सम्पूर्ण कार्यक्रम गर्न नसकेर विनियोजित रकम सबै खर्च हुन नसकेको हो ।

आ.व. २०६६-२०६७ मा कार्यक्रमगत बजेट तथा खर्च

| क्र.सं. | शीर्षक विवरण | वार्षिक वजेट | खर्च |
|---|---|---|---|
| (क) | **पूँजीगत कार्यक्रम अन्तरगत** | ४,००,०००/- | **३,९४,०००/-** |
| | पूँजीगत जम्मा | ४,००,०००/- | ३,९४,०००/- |
| *(ख)* | ***चालु खर्च कार्यक्रम अन्तरगत*** | ***९२,२२,०००/-*** | ***७०,८१,०००/-*** |
| | चालु खर्च जम्मा | ९२,२२,०००/- | ७०,८१,०००/- |
| | **क र ख को जम्मा** | **९६,२२,०००/-** | **७४,७५,०००/-** |

## खण्ड : ख : आयोगका गतिविधिहरू

### १. आर्थिक वर्ष २०६६/२०६७ मा आयोगमा परेका पुनरावेदन र उजुरीमाथि कारवाही र निर्णय

गत आर्थिक वर्ष २०६५,०६६मा जम्मा १२ वटा उजुरी र पुनरावेदन परेका थिए भने यो आर्थिक वर्ष २०६६/२०६७ मा आयोगमा वर्षभरिमा विभिन्न प्रकृतिका ३९ वटा पुनरावेदन र उजुरी परेका थिए । सुरुमा व्यक्तिगत सूचनाका लागि बढी निवेदन परेको थिए भने पछि सार्वजनिक चासो र महत्वका व्यापक प्रभाव पार्ने प्रकृतिका उजुरी/पुनरावेदन पर्न थालेका छन् । विद्यार्थीहरूले परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपी पाउन, पत्रकारहरूले खोजपूर्ण समाचारका लागि प्रमाण जुटाउन, वकिलले वहसका लागि आफूले हेरेको मुद्दाको प्रमाण खोज्न, अभिभावकले विद्यालयको हरहिसाव र समग्र वस्तुस्थिति जान्न, विकास निर्माणका कार्यमा चासो राख्नेले गा.वि.स. कार्यालय र गैरसरकारी संस्थाहरूसँग सूचनाको हकसम्वन्धी ऐनको प्रयोग गरेर सूचना माग्न थालेका छन् । यसका साथै आफू कार्यरत निकायको गलत काम कारवाही सार्वजनिक गर्न पत्रकारहरूलाई सूचना दिएवापत सजाय पाएका सूचनादाता सजायमुक्ति र संरक्षणका लागि यो ऐनको बाटोबाट आयोगमा आउन थालेका छन् । यसले गर्दा सूचनाको हकसम्वन्धी ऐनप्रति सबैपक्षको चासो देखिएको छ । सार्वजनिक निकायतर्फ हेर्दा विद्यालयदेखि विश्वविद्यालयसम्म, गा.वि.स.देखि मन्त्रालय र संवैधानिक निकायसम्म र गैरसरकारी संस्थादेखि सरकारी स्वामित्वका संस्थानसम्ममा सूचना मागेर पाएको र नपाउदा आयोगमा पुनरावेदन परेको छ ।

**द्रष्टव्य :** आयोगले आ.व. २०६६-६७ मा उजुरी/पुनरावेदनका सम्बन्धमा गरेको कारवाही र निर्णयको विवरण परिशिष्टमा दिइएको छ ।

### २. आयोगका निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेका रिट निवेदन

**अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय**

२०६६, मंसिर ३ गते । त्रिभुवन विश्वविद्यालयका परीक्षार्थीले आफ्नो परीक्षकले जाँच गरिसकेको उत्तरपुस्तिका हेर्न पाउनुपर्छ, परीक्षाफल प्रकाशित भएपछि विद्यार्थीहरूले त्यस्तो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपी दिनू भनी राष्ट्रिय सूचना आयोगले गरेको निर्णयविरुद्ध त्रिविविका सम्बन्धित पदाधिकारीले सर्वोच्च अदालतमा दिएको रिट निवेदनमाथि सर्वोच्च अदालतको डिभिजन बेंचले निजको मागअनुसार आयोगलाई उत्तर पुस्तिकासम्बन्धी कुनैपनि निर्णय गर्नबाट रोक्ने अन्तरिम आदेश जारी गर्न नपर्ने भनी निर्णय गऱ्यो । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन र प्रभावको दृष्टिले यो ऐतिहासिक र महत्वपूर्ण घटना हो । रिटको अन्तिम निर्णय हुन बाँकी छ ।

**द्रष्टव्य :** आयोगले आ.व. २०६६-६७ मा गरेका निर्णयमाथि परेका रिट निवेदनको विवरण परिशिष्टमा दिइएको छ ।

## ३. अनुगमन, अध्ययन तथा अन्य नियमित कार्य

### अनुगमन, अध्ययन

सूचनाको हकसम्बन्धी ऐन लागू भैसकेको अवस्थामा सार्वजनिक निकायहरूले सूचना प्रवाहमा कत्तिको चासो र तत्परता देखाएका छन्, ऐनमा व्यवस्था गरिएबमोजिमको दायित्व पूरा गरेका छन् वा छैनन्, सूचना व्यवस्थापनको अवस्था कस्तो छ, सूचना माग्ने प्रवृत्ति र त्यसको चापको अवस्था र कार्यालयका लागि विनियोजित हुने मौजुदा साधन/स्रोत सूचना प्रवाहमा पर्याप्त छ छैन आदि बुझेर त्यसमा सरकारलाई के कस्तो सुझाव दिन सकिन्छ भन्ने हेतुले आयोगबाट नियमित अनुगमन गरिएको छ । यस आर्थिक वर्षमा विभिन्न १९ जिल्लाका १५५ सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थितिबारे स्थलगत निरीक्षण अनुगमन गरिएको छ ।

अनुगमनको आधारमा भन्नुपर्दा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको पक्ष आशा गरेअनुरूप अघिबढेको देखिँदैन र सरकार स्वयं यसप्रति उत्साहित छैन, तर जनस्तरमा भने यस्तो ऐन छ र सार्वजनिक निकायहरूमा सूचना मागेपछि सम्बन्धित कार्यालयले दिनै पर्छ, नदिए राष्ट्रिय सूचना आयोगमा पुनरावेदन लाग्छ र सूचना पाइन्छ भन्ने बोध विस्तारै विस्तारै बढ्न थालेको छ ।

द्रष्टव्य : अनुगमनसम्बन्धी गतिविधिको विवरण परिशिष्टमा दिइएको छ ।

### अनुगमन प्रतिवेदनका मुख्य मुख्य बूँदाहरू :

- अधिकांश कार्यालय प्रमुखहरूलाई सूचनाको हकसम्बन्धी ऐन छ भन्ने थाहा भएको तर ऐनमा के कस्ता व्यवस्था गरिएको छ भन्ने पुरा थाहा नभएको ।
- अधिकाँश कार्यालयमा सूचना अधिकारी तोकिएको छ तर छुट्टै सूचना शाखाको व्यवस्था नभएको र स्रोत साधनको कमीलाई नै यसको कारण बनाइएको ।
- सूचना अधिकारीले अरु जिम्मेवारी पनि पूरा गर्नुपर्ने, सूचना अधिकारीको बेग्लै दरबन्दी नभएकोले सूचना प्रवाहको काममा पर्याप्त समय र ध्यान दिन सकिन्न भन्ने भनाइ रहेको ।
- कार्यालयहरूमा सूचना व्यवस्थापनका लागि बेग्लै बजेट, तालिमप्राप्त जनशक्ति र स्रोत साधनको व्यवस्था नभएको । सूचना व्यवस्थापनका लागि आधुनिक प्रविधिको उपयोग गर्ने कार्यालयहरूको संख्या अति न्यून देखिएको ।
- दिन मिल्ने र दिन नमिल्ने सूचनाको बारेमा स्पष्टता नभएको । सूचनाको वर्गीकरणको जानकारी जिल्लाका कार्यालयहरूमा नरहेको ।
- कार्यालय प्रमुखले उपलब्ध नगराउनाले सूचना अधिकारीलाई नै सूचनामा पहुँच नहुने स्थिति रहेको ।

### प्रतिवेदन पेश

२०६६, कार्तिक ५ गते बिहीबार । प्रधानमन्त्रीमार्फत् राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका संसद्मा बुझाउनु पर्ने कानुनी प्रावधानअनुसार प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले आयोगको आर्थिक वर्ष २०६५-२०६६ को वार्षिक प्रतिवेदन प्रधानमन्त्री श्री माधवकुमार नेपालसमक्ष पेश गर्नुभयो । प्रधानमन्त्री कार्यालयमा आयोजित सो संक्षिप्त कार्यक्रममा आयोगका गतिविधि तथा ऐन कार्यान्वयनमा भएका समस्याका बारेमा प्रमुख सूचना आयुक्तले स्पष्ट पार्नु भएको

थियो । सो अवसरमा प्रधानमन्त्री श्री माधवकुमार नेपालले ऐन कार्यान्वय गर्नका लागि आवश्यक काम गर्ने निर्देशन दिनु भएको थियो ।

**शैक्षिक संस्थाहरूको सम्बन्धन सार्वजनिक गर्न आदेश**

२०६६, माघ २१ गते । शैक्षिक संस्थाहरूको सम्बन्धनको सूची र सम्बन्धनका आधारहरूको जानकारी सार्वजनिक गर्न सम्बन्धनदाता विश्वविद्यालय तथा अन्य निकायलाई आदेश दिने निर्णय भयो ।

## ४. प्रवर्द्धनात्मक कार्य

### १. सचेतना, जागरण कार्यक्रम

**नेपाल पत्रकार महासंघसँग सहकार्य**

सूचनाको हकसम्बन्धी ऐनलाई प्रभावकारी बनाउन जिल्लास्थित सार्वजनिक निकायका पदाधिकारीहरू र पत्रकारहरू सम्मिलित सचेतना गोष्ठी संचालन गर्नका लागि राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघबीच २०६६, असोज २८ गते सहकार्य गर्ने निर्णय भयो । यस अन्तर्गत आव ०६६-६७ मा ४१ जिल्लामा सार्वजनिक निकायका पदाधिकारी, पत्रकार तथा नागरिक समाजसँग सूचनाको हकको प्रभावकारी कार्यान्वयबारे छलफल भयो । यो कार्यक्रम सूचनाको हकसम्वन्धी ऐनको वास्तविक सन्देश सूचनादाता र मागकर्ता दुवै पक्षमाझ पुर्‍याउन निकै फलदायी भएको आयोगले महसुस गरेको छ । यस्ता कार्यक्रमहरू गा.वि.स. र वडा वडामा पुर्‍याउनु आवश्यक छ ।

**द्रष्टव्य** : जिल्लामा भएका कार्यक्रमहरूको विवरण परिशिष्टमा दिइएको छ ।

### २. प्रशिक्षक प्रशिक्षण कार्यक्रम

सूचनाको हक हाम्रो जस्तो मुलुकमा नयाँ विषयवस्तु भएकोले यसको व्यापक प्रचार प्रसार गर्न आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले यस आ.व. मा तीन विकास क्षेत्रको पोखरा, भँडेटार र नेपालगंजमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरियो । कार्यक्रममा कुल ५४ जना सहभागीले भाग लिएका थिए । सहभागीहरू विभिन्न व्यवसाय र क्षेत्रबाट छानिएका थिए ।

**द्रष्टव्य** : प्रशिक्षण कार्यक्रमको विस्तृत विवरण र कार्यक्रममा सहभागीहरूको सूची परिशिष्ट खण्डमा दिइएको छ ।

### ३. प्रकाशन

**क. सचेतना शैक्षिक तथा प्रशिक्षण सामग्री प्रकाशन तथा वितरण :-**

गत आर्थिक वर्षमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि सार्वजनिक निकायका प्रमुख र सूचना अधिकारीको मार्गदर्शनका लागि "सूचनाको हक कार्यान्वयन निर्देशिका" जारी गरी प्रकाशन एवं वितरण गरिएको थियो । सूचना सार्वजनिक गर्ने तथा सूचना माग गर्नेलाई सूचना उपलब्ध गराउने विधि तथा मागकर्तासँग गर्ने व्यवहार आदिका बारेमा विस्तृत रूपमा प्रकाश पारिएको यो निर्देशिका आव ०६६- ०६७ मा पुनः प्रकाशन तथा वितरण गरियो ।

सूचनाको हक कसरी प्राप्त गर्ने भन्ने विषयमा जनचेतना फैलाउनका लागि सरल भाषामा "सूचनाको हक किन ?" प्रचारपत्र छापेर बाँड्ने काम भइरहेको छ ।

त्यसैगरी आयोगको गत आवको प्रतिवेदन प्रकाशन तथा वितरण भएको छ ।

**ख. सहकार्यमा पुस्तिका प्रकाशन**

२०६६, पुस ३ गते । राष्ट्रिय सूचना आयोगले प्रकाशन गरेको पुस्तिका 'थाहा पाउने अधिकार' र निर्देशिका एकीकृत गरी एउटै पुस्तिका काहुरास्ट (क्याम्पेन फर ह्युमन राइटस् एन्ड सोसल ट्रान्स्फरमेसन) ले सहयोगी क्यानेडियन संस्था सीसीओ सहित तीन वटै संस्थाको नाम राखी धेरै संख्यामा प्रकाशन गर्ने सहमति भएको छ ।

**ग. स्टिकर प्रकाशन**

२०६६, मंसिर १५ गते । राष्ट्रिय सूचना आयोग, आर्टिकल नाइन्टिन र सीसीआरआइको सहकार्यमा तयार भएको सूचनाको हक प्रवर्द्धन गर्ने तीन प्रकारका स्टिकर प्रकाशित भयो । यी स्टिकरहरू सिसा र अन्य बस्तुमा अगाडि र पछाडिबाट टाँस्न मिल्ने गरी बनाइएका छन् ।

**घ. मन्त्रालयहरूलाई निर्देशिका पुस्तिका**

२०६६, साउन २८ गते । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्दा देखिएको परिणाम उल्लेख गर्दै मातहतका विभाग र कार्यालयहरूमा ऐन लागू गर्न गराउन सूचनाको हक कार्यान्वयन निर्देशिका पुस्तिका सयसय थान सहित सबै मन्त्रालयमा पत्राचार गरिएको छ ।

**४. प्रसारण**

**रेडियो र टेलिभिजनबाट सूचनाको हक कार्यान्वयन सम्बन्धी सचेतनामूलक कार्यक्रम प्रशारण :**

रेडियो नेपालवाट जनचेतना शिक्षा कार्यक्रम ९० दिन सम्म तथा नेपाल एफएम (रेन्वो एफएम) बाट १२० दिन जनचेतना शिक्षा सम्वन्धी कार्यक्रम प्रसारण भएको थियो । त्यसैगरी असार ७ गते नेपालको "थाहा" (Right to Know) आन्दोलनका अगुवा रूपचन्द्र विष्टको दसौँ वार्षिकीको अवसरमा एबीसी टेलिभिजनमा छलफल कार्यक्रम प्रसारण गरिएको थियो ।

**५. लेखन वृत्ति**

सूचनाका हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्था बुझी पत्रपत्रिकामा समाचार, लेख, टिप्पणी, रचना प्रकाशित गर्न गराउन आयोगले क्रियाशील पत्रकार महिला (Working Women Journalist) सँग सहकार्य गरिएको थियो । यसअन्तर्गत पत्रकारहरूले विभिन्न निकायमा सूचनाको प्रवाहको स्थिति र आयोगको गतिविधिबारे रिपोर्टिङ गरेका थिए । काठमाडौँ उपत्यकाबाट प्रकाशित नेपाली तथा अंग्रेजी दैनिक पत्रिकामा ती समग्री प्रकाशित भएका थिए ।

**६. गोष्ठी तथा छलफल कार्यक्रममा सहभागिता**

**क. ऐन कार्यान्वयनको अवस्थाबारे छलफल**

२०६६ साउन १ गते । जिल्लामा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरी फर्केका अनुसन्धानकर्ताहरूको अनुभव सुन्ने सुनाउने छलफल कार्यक्रम आयोगको हलमा सम्पन्न भयो ।

**ख. विशेषज्ञहरूसँग छलफल**

२०६६ साउन ७ गते । प्रशासनिक अदालतका अध्यक्ष श्री काशीराज दाहाल र महान्यायाधिवक्ताको कार्यालयबाट नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला तथा आयुक्तहरूबीच सूचनाको हक कार्यान्वयनका पक्षमा देखिएका समस्या, खासगरी सरकारी कार्यालयमा सूचना लिने र निजामती कर्मचारीको मूल्याँकनको अङ्क खुला गर्ने विषयमा छलफल भयो ।

**ग. संविधानमा सूचनाको हक तथा आयोगको हैसियत र कामबारे छलफल**

२०६६ साउन ११ गते । नेपाल पत्रकार महासंघका अध्यक्ष श्री धर्मेन्द्र झा, उपाध्यक्ष श्री गोविन्द आचार्य, साफ्मा नेपालका अध्यक्ष श्री शिव गाउँले, फोरम फर डिजिटल इक्वेलिटीका अध्यक्ष अधिवक्ता श्री बाबुराम अर्याल, क्रियाशील पत्रकार महिलाका उपाध्यक्ष शुभेच्छाबिन्दु तथा आयोगका पदाधिकारीहरूबीच सूचनाको हक कार्यान्वयनमा आयोगको भूमिका तथा आयोगलाई संवैधानिक बनाउनु किन आवश्यक छ भन्ने विषयमा छलफल भयो । छलफलको क्रममा सहभागीहरूले नयाँ बन्ने संविधानमा सूचनाको हकको ग्यारेन्टी कसरी गर्न सकिन्छ भन्ने बारेमा विचार व्यक्त गर्दै आयोगले अन्य संघसंस्थासँग मिलेर तथा स्वतन्त्र रूपमा गर्नु पर्ने कामका बारेमा सुझाव दिनु भएको थियो ।

**घ. ऐन कार्यान्वयनबारे छलफल**

२०६६ साउन ९ गते । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका हाँकहरू विषयमा दोलखाको चरिकोटमा स्थानीय सरकारी निकायका केही प्रमुख, उपप्रमुख तथा पत्रकारहरूबीच भएको छलफलमा प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले भाग लिनुभयो । सो अवसरमा भारतमा भएको सूचनाको हक सचेतना अभियानको भिडियो देखाइएको थियो ।

**ङ. प्रशिक्षण कार्यक्रममा आतिथ्य**

२०६६, भदौ २३ गते । आर्टिकल नाइन्टिन र फ्रिडम फोरमले आयोजना गरेको Promoting AFC: Orientation Training on Right to Freedom of Expression for Journalism Teachers कार्यक्रममा प्रमुख सूचना आयुक्त विनयकुमार कसजूले प्रमुख अतिथिको रूपमा भाग लिनुभयो र सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

**च. संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा**

२०६६, असोज २७ गते । नेपाल पत्रकार महासंघ केन्द्रको आयोजनामा संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा पत्रकार महासंघका प्रतिनिधि तथा आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरू उपस्थित भई संविधानमा मौलिक हकको रूपमा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति स्पष्ट रूपमा हुनुपर्ने तथा राष्ट्रिय सूचना आयोगलाई संवैधानिक अंग बनाउनु पर्नेबारेमा छलफल गरियो ।

**छ. कार्यशालामा सहभागिता**

२०६६, मंसिर ८ गते । क्याम्पेन फर ह्युमन राइटस् एन्ड सोसल ट्रान्स्फरमेसन (काहुरास्ट) ले आयोजना गरेको सुशासन र सूचनाको हक बारेको कार्यशालामा प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा आयोगको भूमिका र दायित्व विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सूचनाको हक प्रवर्द्धनसम्बन्धी भिडियो देखाइएको थियो ।

### ञ. सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनबारे गैससहरूसँग छलफल

२०६६, माघ २२ गते । आयोगको सभाकक्षमा सूचनाको हक प्रवर्द्धनमा लागेका केही गैरसरकारी संस्थाहरूसँग सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनका लागि गर्नुपर्ने कामका बारेमा छलफल भयो । छलफलमा आठ संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए ।

### झ. संविधानमा सूचनाको हक प्रत्याभूत गर्ने विषयमा छलफल

२०६७, वैशाख ७ गते । इन्फर्मेसन फस्ट र संवैधानिक संवाद केन्द्रद्वारा आगामी संविधानमा सूचनाको हकलाई मौलिक अधिकारको रूपमा कसरी राख्न उपयुक्त हुन्छ भन्ने कुरा सभासद्हरूलाई अवगत गराउने उद्देश्यले आयोजित कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजू र सूचना आयुक्त श्री सविता भण्डारी बरालले भाग लिनुभयो ।

### ञ. क्षेत्रीय कार्यशालामा सहभागी

२०६७, वैशाख १४ – १७ गते । "दक्षिण एसियामा खुला र पारदर्शी शासन" विषयमा विश्व बैंकको सहयोगमा इन्डियन इन्स्टिच्युट अफ पब्लिक एड्मिनिस्ट्रेसनको आयोजनामा भारतको नयाँ दिल्लीमा सन् २०१० अप्रैल २७ देखि २९ सम्म भएको क्षेत्रीय कार्यशाला गोष्ठीमा आयोगका प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजू र सूचना आयुक्त श्री सविता भण्डारी बराल सहभागी हुनुभयो । नेपालबाट त्यहाँ सहभागी हुनेहरूमा सूचना तथा संचार मन्त्रालयका सचिव श्री सुशिल घिमिरे, सर्वोच्च अदालतका रजिस्ट्रार श्री रामकृष्ण तिमिल्सिना, नेपाल पत्रकार महासंघका अध्यक्ष श्री धर्मेन्द्र झा, फ्रिडम फोरमका अध्यक्ष श्री तारानाथ दाहाल, प्रो पब्लिकका अध्यक्ष श्री केदार खड्का, सीसीआरआइका श्री टंकराज अर्याल तथा कानुनव्यवसायी राघवराज रेग्मी हुनुहुन्थ्यो ।

### ट. दक्षिण एशिया क्षेत्रीय परामर्श दिवस सम्मेलनमा सहभागिता

विश्व प्रेस स्वतन्त्रता दिवस २०१० को उपलक्षमा युनिसेफ र युएनडीपीको आयोजनामा भएको 'सूचनाको स्वतन्त्रता : थाहा पाउने अधिकार' विषयको दक्षिण एसिया क्षेत्रीय परामर्श सम्मेलनमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल र पत्रकार श्री प्रतीक प्रधानले भाग लिनुभयो । सो सम्मेलन मालदिभ्सको मालेमा वैशाख २० र २१ गते (मे ३ र ४) सम्पन्न भएको थियो ।



**ठ. सूचनाको हक र थाहा पाउने अधिकारसम्बन्धी गोष्ठी सम्पन्न**

२०६७, जेठ ४ गते । राष्ट्रिय सूचना आयोग, नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस इन्स्टिच्युटको आयोजना तथा ओएचसीआर र युनेस्कोको सहयोगमा "सूचनाको हक र थाहा पाउने अधिकार" विषयक गोष्ठी सम्पन्न भयो । गोष्ठीमा सूचना तथा संचार मन्त्री श्री शंकर पोखरेल प्रमुख अतिथि हुनुहुन्थ्यो । गोष्ठीमा प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजू, नेपाल पत्रकार महासंघका अध्यक्ष श्री धर्मेन्द्र झाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

द्रष्टव्य : गोष्ठीमा जारी भएको घोषणा परिशिष्टमा दिइएको छ ।

**ड. "सूचनाको हक र सीमान्तकृतको अधिकार" बिषयक अन्तरसम्बाद ।**

२०६७, जेठ २० गते । जागरण मिडिया सेन्टरको सक्रियतामा राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा ***"सूचनाको हक र सीमान्तकृतको अधिकार"*** बिषयक अन्तरसम्बाद कार्यक्रममा प्रमुख सूचना आयुक्त विनयकुमार कसजू र सूचना आयुक्त श्री सबिता भण्डारी बरालले भाग लिनुभयो ।




**ढ. एआइएनसँग छलफल र समझदारी**

२०६७, असार १ गते । प्रमुख सूचना अयुक्त श्री विनयकुमार कसजूसँग आयोगको कार्यालयमा एसोसिएसन अफ इन्टरनेसनल एनजीओज इन नेपालका कन्ट्री डाइरेक्टर चन्दा राईसँग छलफल भयो । एआइएनसँग सूचनाको हकसम्बन्धी ऐनबारे छलफल गरेर सदस्य संस्थाहरूलाई यसबारे सचेत गराउने र यो काममा आयोगले सघाउने; एनजीओहरूले सूचनाको हकसम्बन्धी ऐन पालन गर्ने विषयमा गाइडलाइन तयार पार्ने - यसका लागि एआइएनले एनजीओ फेडरेसन, महासंघहरूसँग छलफल चलाउने तथा सूचनाको हकबारे प्रचारात्मक श्रव्यदृश्य सामग्री उत्पादन र वितरण गर्न सघाउने समझदारी भयो ।

### ण. कार्यशालामा सहभागिता

राष्ट्रिय मानव अधिकार आयोगले असार १८ र १९ गते आयोजना गरेको 'विद्यालय तहमा मानव अधिकार" विषयक दुई दिने कार्यशालामा यस आयोगका सहायक सचिव श्री अच्युतकुमार पौड्यालले भाग लिनुभयो । सो कार्यशालामा सहायक सचिव पौड्यालले मानव अधिकार व्यापक विषय भएकोले यसको समग्रता भन्दा मानव अधिकारको महत्वपूर्ण पक्षलाई पाठ्क्रममा समावेश गर्नुपर्ने तथा यसै अन्तरगत सूचनाको हकलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिनु भएको थियो ।

## ७. छलफल तथा परामर्श

### क. मुख्यसचिवसँग छलफल

२०६६, कार्तिक १६ गते । सूचनाको वर्गीकरणमा उठेका समस्या तथा सूचनाको हक कार्यान्वयनमा सबै मन्त्रालयको सहयोग प्राप्त गर्ने विषयमा साथै आयोगका कर्मचारीको दरबन्दी सम्बन्धमा नेपाल सरकारका मुख्यसचिव र राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्त र आयोगका सचिवबीच छलफल भयो ।

### ख. महान्यायाधिवक्तासँग परामर्श

२०६६, फागुन १८ गते । त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालयले चार जना विद्यार्थीलाई उत्तरपुस्तिकाको नक्कल दिनुको सट्टा फेरि अर्को रिट (चार वटा) दिएको र यसरी कुनै कार्यालयले सूचना दिनुको सट्टा आयोगको निर्णयमाथि रिट दिने परम्परा सुरु हुने संभावना तथा सूचनाको हकसम्बन्धी ऐनको प्राथमिकता आदि विषयमा महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्तासँग छलफल भयो ।

## ८. विश्वबैंकसँग सहकार्यको प्रयास

### क. विश्व बैंक टोलीसँग छलफल

२०६६, मंसिर २ गते । नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्ने सम्बन्धमा गर्नुपर्ने कामहरूको बारेमा अध्ययन गरी प्रतिवेदन तयार पार्न विश्व बैंकले सघाउने योजनाअनुसार गत वर्षदेखि भइरहेको कुराकानीको सिलसिलामा विश्वबैंकको टोलीसँग आयोगको कार्यालयमा छलफल भयो । छलफलमा गत वर्ष आएको टोलीबाट विस्तृत कार्ययोजना तर्जुमा गर्ने भनिएकोमा सो पूरा नभएको हुँदा सो काम पूरा गर्न जोड दिइयो । विस्तृत कार्ययोजना नबनेसम्म तत्कालका लागि गर्न सकिने कामबारे कुराकानी भयो । तीमध्ये सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा कार्यान्वयन गराउन रोडम्याप बनाउने, मिडियामा प्रचार र प्रकाशन, पाँच विकास क्षेत्रमा नगर, गाउँ र जिल्ला विकास समितिमा नमुना सूचनामैत्री कार्यालय बनाउने, कर्मचारीलाई तालिम, कार्यालयहरूलाई कम्प्युटर सामग्री सहयोग, सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने कानुन पहिचान गरी संशोधन गर्न सुझाव तयार पार्न लगाउने जस्ता काममा विश्व बैंकले सहयोग गर्ने विषयमा मौखिक सहमति भयो ।

### ख. केही लघु योजनामा सहमति

२०६७, असार २५ गते । सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपले लागू गर्नका निम्ति आवश्यक योजना रोडम्याप बनाउने सिलसिलामा आएको विश्वबैंक टोलीका सदस्यहरू विक्रम चन्द, टोबी मेन्डेल र राजिव उपाध्यायसँग आयोगको कार्यालयमा छलफल भयो ।

२०६७, असार ३० गते । विश्व बैंक टोलीका विक्रम चन्द र टोबी मेन्डेलसँग भएको छलफलमा सूचनाको हकसम्बन्धी ऐन लागू गर्ने गराउने विषयमा पाँच वर्षको रणनीतिक योजना बनाउने विषय उठेको थियो । त्यसमध्ये दुई वर्षका लागि विस्तृत कार्यक्रमसहितको पाँच वर्षे रणनीतिक योजना बनाउने, योजनाअन्तर्गत गर्नुपर्ने काममध्ये केही कामका लागि विश्व बैंकले सहयोग गर्ने, केही कार्यक्रम अन्य दातृ निकायहरूसँग समन्वय गर्ने र टोबी मेन्डेलले तयार पारेको योजना कार्यान्वयन गर्ने सम्बन्धमा २०१० को सेप्टेम्बर महिनामा विश्व थाहा दिवसको अवसर पारेर विश्व बैंकले कार्यशालाको आयोजना गर्ने र आयोगले पाँच वर्षे रणनीतिक योजना बनाउने काममा निरन्तर रेखदेख गर्ने सहमति भएको थियो ।

२०६७, असार ३२ गते । विश्व बैंकका विक्रम चन्द र राजिव उपाध्यायसँग भएको छलफलमा नेपालका सूचनाको हक अभियान वा कार्यान्वयनमा सक्रियतापूर्वक लागेका मानिसहरूलाई भारतको राजस्थानमा गरिब जनताको पक्षमा सूचनाको हक ऐनको कार्यान्वयन कसरी गरिएको छ भनी देखाउन अध्ययन भ्रमण गराउने; सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन कानुनहरू पत्ता लगाउन कुनै व्यक्ति वा संस्थालाई जिम्मा दिने; २८ सेप्टेम्बरमा विश्व थाहा दिवस मनाउने प्रस्तावना बनाउन विश्व बैंकले सहयोग गर्ने, सूचनाको हक कार्यान्वयनमा उल्लेखनीय योगदान दिने व्यक्ति वा संस्थालाई पुरस्कार दिने विषयमा सहमति भयो । तर विश्व बैंकका तर्फबाट छलफलमा भएको सहमति अनुसार काम अगाडि बढ्न नसकेता पनि छलफलमा उठेका सुझावहरू आयोगको भावी रणनीति बनाउने काममा उपयोग गर्ने सोच आयोगले राखेको छ ।

**९ कर्मचारी क्षमता विकासः**

आयोगका कर्मचारीहरूको क्षमता विकासका लागि कम्प्युटर तथा भाषा तालिम प्रदान गरिएको छ ।

## खण्ड : ग : आयोगको सुझाव

### गत वर्षको सुझाव र कार्यान्वयनको स्थिति

सूचनाको हकसम्बन्धी ऐनको दफा २५ मा 'आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसद्‌मा प्रस्तुत गर्नु पर्नेछ' भन्ने व्यवस्था छ । अन्य देशको प्रचलनमा पनि आयोगले सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिने तथा संसद् र सरकारले आवश्यक संशोधन परिमार्जन र कार्यान्वयन गर्ने व्यवस्था गरिएको देखिन्छ । ऐनको व्यवस्था र अन्तरराष्ट्रिय प्रचलनलाई ध्यानमा राखी आयोगले गत वर्ष प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरूका सम्बन्धमा व्यवस्थापिका संसद्‌मा छलफल हुने, आवश्यक ऐन नियमको तर्जुमा तथा परिमार्जन हुने आशा गरिएको थियो । त्यस्तै सरकारबाट पनि ऐन नियमको कार्यान्वयनका लागि गर्नुपर्ने कामहरू गरिने अपेक्षा गरिएको थियो तर यसो भएको पाइएन ।

त्यसैले, आयोगको गत वर्षको प्रतिवेदनमा उल्लेख भएका सुझावहरूको कार्यान्वयनस्तर संतोषजनक नदेखिएको आयोगलाई महसुस भएको छ । गतवर्ष उल्लेख भएका सुझावहरू पुनः उल्लेख गर्नु परेको स्थिति आयोगकालागि सुखद नरहेको तर्फ सरकार र सम्बन्धित सबैको ध्यानाकर्षण हुनु आवश्यक छ । सूचनाको हकसम्वन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि उपयोगी ती सुझावहरू कार्यान्वयन तथा आवश्यक पूर्वाधार निर्माण एवं समन्वयमा सरकारको कार्यकारी संरचनाको जिम्मेवार निकायले आवश्यक पहल गर्ने वातावरण निर्माण हुनसकेमा मात्र सूचनाको हकको प्रत्याभूतिमा सहजता आउने आयोगको विश्वास छ ।

यस वर्ष आयोगमा परेका पुनरावेदन र उजुरी तथा आयोगले जिल्लाहरूमा गरेको अनुगमन, सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि गरिएका गोष्ठी, सचेतना एवं जागरण कार्यक्रमको अनुभव र विज्ञहरूसँगको छलफल, परामर्शको आधारमा आयोगले निम्नलिखित सुझावहरू प्रस्तुत गरेको छ ।

### सुझाव

१. सूचनाको हकसम्बन्धी ऐनले सरकारी निकायलगायत सबै सार्वजनिक निकायले केही काम गर्नै पर्ने व्यवस्था गरेको छ । जसअनुसार हरेक कार्यालयमा सूचना अधिकारी तोक्ने, ऐन र नियमावलीअनुसार कार्यालयले तीनतीन महिनामा कार्यालयसम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसका लागि हरेक कार्यालयमा सूचना अधिकारीको व्यवस्था वा सूचना शाखा हुनुपर्छ । त्यसका लागि भौतिक स्रोत साधन र जनशक्तिको तालिमको व्यवस्था हुनुपर्छ । कार्यालयको सूचना शाखालाई चाहिने भौतिक तथा मानवीय स्रोत साधनलाई सुसम्पन्न र दक्ष बनाउने काम सम्बन्धित कार्यालयको केन्द्रिय निकायको हो । ऐन कार्यान्वयनका सन्दर्भमा सरकारी निकायहरूमा के कसरी काम भइरहेको छ, सूचना अधिकारीको व्यवस्था भएको छ छैन, सूचना अधिकारीलाई कार्यालय प्रमुखबाट सूचना प्राप्त भएका छन् छैनन्, सूचना व्यवस्थापन र वितरणका लागि साधन स्रोत छ छैन आदि कुराहरू सूचना आयोगले नियमित रूपमा गर्ने अनुगमनबाट प्राप्त गरेका तथ्यहरूको आधारमा सम्बन्धित निकायलाई ऐन वमोजिमको दायित्व पालना गर्न आदेश दिने र सरकारलाई सुझाब दिने काम गर्दछ । तर आयोग आफैंले सूचना अधिकारी तोक्न वा सूचनाहरू उपलब्ध गराउन वा साधन स्रोतकालागि वजेटको व्यवस्था गर्न सक्दैन ।

अतः हरेक सरकारी कार्यालयमा सूचना अधिकारी तोक्नेलगायतका ऐन अनुसार कार्यालयले गर्नुपर्ने सबै काम गर्ने गराउने / केन्द्रिय निकाय वा मन्त्रालयको जिम्मेवारी हुने हुँदा सो जिम्मेवारी पूरा गर्ने दायित्वयुक्त व्यक्ति वा संरचना हुनु आवश्यक छ । यसको अभावले गर्दा सूचनाको हकसम्बन्धी ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि प्रायः सरकारी कार्यालयका प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनमा तोकिएबमोजिमको दायित्व पालना गरेको पाउन सकिएन । यस्तो हुनु भनेको कार्य उदासिनता नै हो । अतः यस्तो प्रवृत्ति हटाउन केन्द्रीय स्तरका निकायहरूले आफ्नो मातहतका कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको पालना भएको छ छैन भनी निगरानी गर्ने, निर्देशन दिने तथा राष्ट्रिय सूचना आयोगका आदेश, निर्देशन र निर्णयहरू पलाना गराउनका लागि हरेक मन्त्रालय र केन्द्रीय कार्यालयहरूमा सूचनाको हकसम्बन्धी एउटा छुट्टै शाखाको व्यवस्था गर्नु जरुरी छ । ती निकायहरूको समन्वय र निगरानीका लागि मन्त्री परिषद्को कार्यालयमा सचिवको संयोजकत्वमा केन्द्रीय स्तरको इकाइ राखिनु पर्दछ । सरकारी कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि यस्तो केन्द्रिय इकाइ वा संयन्त्रको व्यवस्था गर्नु पर्ने आयोगको सुझाव छ ।

२. सूचनाको हकबारे आमनागरिकमा चेतना फैलाउन र सार्वजनिक निकायहरूको प्रतिवद्धता बढाउनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिन भदौ ३ गतेको दिनलाई सरकारले राष्ट्रिय सूचना दिवस घोषणा गर्ने र हरेक वर्ष सबै जिल्लामा सरकारी तवरमा तीन दिन (भदौ २, ३ र ४ गते) विविध कार्यक्रमका साथ सूचना दिवस मनाउनु पर्छ ।

३. विद्यालयदेखि कलेजसम्मका सबै कक्षाको पाठ्यक्रममा सूचनाको हकवारेको जानकारीमूलक पाठ्यसामग्री अनिवार्यरूपमा समावेश गर्नु आवश्यक छ ।

४. सूचनाको हकसम्बन्धी ऐन नेपाली नागरिकहरूले कति र कसरी प्रयोग गरिरहेका छन् भनी जान्नका लागि हरेक कार्यालयमा सूचनाको माग र सूचना दिएको वा मागका बारेमा गरेको कारवाहीको अभिलेख दुरुस्त राख्ने र उक्त अभिलेख नियमित रूपमा आयोगमा पठाउने व्यवस्था अनिवार्य रूपमा गर्नु पर्दछ ।

५. सूचनाको हकसम्बन्धी ऐनका दफा ३ (३) मा सार्वजनिक निकायमा रहेका पाँच प्रकारका सूचना प्रवाह नगरिने व्यवस्था गरिएको छ । दफा ३ (३) मा उल्लेख भएका सूचनाको संरक्षण गर्नका लागि दफा २७ मा नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ । यसको लागि समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले सूचना प्रवाह गर्नु नपर्ने भनी वर्गीकरण गरी २०६५ पौष २० गते आयोगमा पठाएको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यलाई ध्यानमा राखी विचार गर्दा वर्गीकरणका कतिपय विषय र बूँदाहरू ऐनको उद्देश्यसँग बाझिने देखिएको हुँदा आयोगको २०६६ मंसिर १९ गते बसेको बैठकले उक्त वर्गीकरण यथाशीध्र पुनरावलोकन गर्न सिफारिस गरेको थियो ।

यससम्बन्धमा वर्गीकरण समितिले ऐनको भावना, मर्म र उद्देश्यअनुसार वर्गीकरण गर्नु आवश्यक छ । वर्गीकरण गर्ने कार्य नियमित कार्यको रूपमा गर्नु पनि जरुरी छ । साथै वर्गीकरण गरेपछि त्यसको जानकारी सबै सरकारी निकायमा पठाउनु अवश्यक छ ।

**द्रष्टव्य :** वर्गीकरणका सम्बन्धमा आयोगले गरेको सिफारिसको निर्णय परिशिष्टमा दिइएको छ ।

आयोगले २०६५/२०६६ को प्रतिवेदनमा सूचानाको हक कार्यान्वयनको सन्दर्भमा देखिएका जटिलता र चुनौतीहरू स्पस्टरूपमा उल्लेख गर्दै राज्यका तर्फबाट गर्नै पर्ने कामहरू औंल्याएको थियो । तर सरकारकातर्फबाट त्यसमा ध्यान गएको पाइएन र त्यसैले ती जटिलता र चुनौतीहरू यथावत् छन् । गत वर्ष आयोगले दिएका सुझावहरूप्रति सरकार र सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउन ती सुझावहरू यस वर्षको यो प्रतिवेदनमा पनि समावेश गरिएको छ ।

## आयोगले गतवर्ष दिएका केही सुझावहरू

### १. सूचनाको हक, आयोग र संविधान

लोकतन्त्र जनताको अभिमतबाट चल्ने व्यवस्था भएको हुनाले यो शासकीय पद्धतिलाई बलियो र सुचारु बनाउनका लागि सबै लोकतान्त्रिक देशमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक अधिकारको रूपमा राखिएको हुन्छ । नेपालको नयाँ संविधानमा पनि यी अधिकारहरूलाई नागरिकको मौलिक अधिकारको रूपमा राखिने छ भन्ने कुरामा शंका छैन । तर अधिकारलाई संविधानमा मात्रै सीमित नगरेर प्रभावकारी रूपमा लागू गर्नका लागि चाहिने कानुन र कानुन कार्यान्वयन र अनुगमन गर्ने गराउने स्वतन्त्र निकाय बनाउने सम्बन्धमा पनि स्पष्ट व्यवस्था हुनु आवश्यक छ । यस्तो निकायमा राज्यका सबै अंगमा सूचना प्रवाह गराउने दायित्व हुने हुनाले राष्ट्रिय सूचना आयोगलाई शक्तिशाली, स्वतन्त्र र सक्षम बनाउने व्यवस्था पनि संविधानमै उल्लेख हुनु अनिवार्य छ ।

### २. सूचनाको हक र सूचनाका माध्यम

सूचना तथा संचारको क्षेत्रमा शीध्र, सरल र सस्ता नवीनतम माध्यम तथा प्रविधिहरूको निरन्तर विकास भइरहेको सन्दर्भमा सूचना अभिलेखन, व्यवस्थापन, संप्रेषण र संरक्षणका उपयुक्त माध्यम र प्रविधि अपनाइएन भने कालान्तरमा संरक्षित सूचना उपयोग गर्न नसकिने, नष्ट हुने, प्रविधि उत्पादक, नियन्त्रक कम्पनीको प्रभाव र दवाब सहनु पर्ने आदि नकारात्मक परिणाम हुन सक्छ । उदाहरणका लागि अहिले नेपालका झण्डै सबैजसो सरकारी तथा गैरसरकारी निकायमा डिजिटल स्वरूपमा सूचना तयार गर्दा अनधिकृत सफ्टवेयरहरूको प्रयोग भइरहेको छ । ती सफ्टवेयरहरू सित्तैमा प्रयोग गर्न पाइने सफ्टवेयर हैनन् । कपीराइट सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र कम्पनीले आँखा चिम्लेको अवस्थामा यस्तो भइरहको बुझिन्छ । यो स्थिति कायम रहनु उपयुक्त होइन । त्यसैले नेपाल सरकारले सकेसम्म चाँडो प्रविधि निर्धारक कार्यदल गठन गरी सरकारी कार्यालयले प्रयोग गर्ने सफ्टवेयरहरूका सम्बन्धमा नीति तथा ऐन कानुन बनाउनु अति आवश्यक छ ।

### ३. सूचनाको हक र राजनीतिक संकल्प

सूचनाको हकसम्बन्धी ऐन बनाउने र संसद्मा परित गराउने चरणमा नागरिक समाज र राजनीतिक नेतृत्वमा जुन उत्साह देखिन्छ त्यो पछिसम्म कायम राख्नु सबै मुलुकका लागि समस्या बनेको देखिन्छ । ऐन बनेपछि राजनीतिक इच्छाशक्तिमा ह्रास आयो भने त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा प्रशासनिक नेतृत्वमा उत्साह र प्रतिवद्धता हुँदैन, लागू गर्ने निकायहरूमा नकारात्मक सन्देश पुग्छ । फलस्वरूप ऐनप्रति वेवास्ता र उपेक्षा बढ्छ ।

त्यसैले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफू दृढ रहेको स्पष्ट सन्देश दिनुपर्छ । किनकि यसको अभावमा राज्यका अन्य अंग र संयन्त्रहरूले जनतालाई सूचनामा पहुँच दिने काम उत्साहपूर्वक गर्न सक्तैनन् । त्यसैले राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निर्माणको तहका पदाधिकारीहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गर्नु

आवश्यक हुन्छ । खुलापनको नयाँ संस्कृति र वातावरणप्रति आफ्नो निरन्तर र स्पष्ट समर्थन छ भन्ने प्रतिवद्धता सबैले सँधै जनाउनु पर्छ ।

### ४. सूचनाको हक र प्रेस/मिडिया

सूचनाको हकको कुरा गर्दा सबैभन्दा पहिले सरकारी तथा सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकारको कुरा आउँछ । निश्चय पनि सूचनाको हकको यो सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर सूचना प्रवाहित गर्ने माध्यम, खासगरी प्रेसको पनि यसमा महत्वपूर्ण भूमिका र दायित्व हुन्छ । हाम्रोजस्तो समाजमा जहाँ आमजनता आफै कुनै सार्वजनिक निकायमा गएर सूचना माग्ने अवस्थामा छैनन्, त्यहाँ प्रेसले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्न सक्छ ।

यसको लागि प्रेस स्वयं पनि सक्षम र जिम्मेदार बन्नु आवश्यक छ । अचेल दिनदिनैजसो मिडियामा गलत समाचार आइरहेका हुन्छन् तर तिनलाई सच्याउने काम गरिन्न । सच्याए पनि प्रभावकारी रूपमा गरिँदैन । मानिसहरूले तिनै गलत समाचारको आधारमा कुनै विषय वा घटनाको बारेमा विश्लेषण गर्छन्, आफ्नो विचार बनाउँछन्, निर्णय लिन्छन् । त्यस्ता विश्लेषण, निर्णय र विचारले निश्चय नै नकारात्मक र हानीकारक प्रभाव पार्न सक्छन् । सही समाचार प्रवाहित गर्ने दायित्वलाई पालन गरिएन भने आमनागरिक सूचनाको हकबाट बंचित हुनसक्छन् । नेपाल अहिले जुन राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको छ त्यसलाई ध्यानमा राख्दा प्रेसको सही सूचना प्रवाहित गर्ने दायित्व अझै महत्वपूर्ण छ ।

जनताले मिडियाबाट विभिन्न प्रकारका कुराहरू थाहा पाउने अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे मिडियाले जानकारी गराइराखोस् भन्ने पनि उनीहरू चाहन्छन् । संसद्मा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै ठूलो आर्थिक नीति बनाउँदैछ वा कसैलाई भ्रष्टाचारको आरोप लागेको छ भने मिडियाले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । त्यसैले मिडियाले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्नु अति जरुरी छ ।

### ५. सूचनाको हक र गैरसरकारी संस्था

लोकतान्त्रिक राज्यमा मानवअधिकार तथा नागरिकका लोकतान्त्रिक अधिकारहरूको संरक्षण र सम्बर्द्धन गराउन, अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुवन्धहरू पालन गराउन र यससम्बन्धी कानुनहरू कार्यान्वयन गराउन सचेतना अभियान संचालन गर्नेदेखि लिएर सडकमा शान्तिपूर्ण संघर्ष गर्ने काम नागरिक समाजले गर्छन् । नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले नागरिक समाजको प्रतिनिधित्व गर्दै यो काम गरिरहेका छन् ।

संयुक्त राष्ट्र संघको सन् १९४८ मा पारित मानव अधिकारको घोषणापत्रको धारा १९ मा सूचनाको अधिकार मानवअधिकारको रूपमा उल्लिखित छ । त्यसमा भनिएको छ : “हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधा विना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनविना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।” तैपनि सूचना अधिकारको विषय नेपालको लागि तुलनात्मक रूपमा नयाँ हो । तर यो अधिकार अरु सबै मानव अधिकारको पनि आधार हो भन्ने कुरा बिर्सनु हुँदैन । सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो : **सूचनाको हक मानिसको**

**मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।**

त्यसैले समयको मागअनुसार नेपालका मानवअधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले मानवअधिकारका अन्य विषयमाभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ ।

## ६. सूचनाको हक र प्रशासनिक संयन्त्र

खुलापनलाई प्रवर्द्धन गर्नु राज्यका सबै पदाधिकारीहरूको जिम्मेवारी हो । तर, व्यवहारमा राजनीतिक नेतृत्वले परिवर्तनलाई समर्थन गर्दा पनि, कर्मचारीतन्त्रको फलामे ढाँचाले खुलापनलाई बाधा पुऱ्याउन सक्छ । वर्षौंदेखि चलिआएको राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रमा जरा गाडेको गोपनीयताको संस्कार र संस्कृतिले पारदर्शिता र खुलापनलाई हुर्कन दिँदैन । सूचना, जानकारीहरू आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यो प्रवृत्तिले राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रलाई जिम्मेवारीविहीन बनाउँछ । फलस्वरूप जनता लोकतान्त्रिक अधिकार र अवसरहरूबाट बंचित हुन्छन् । लोकतन्त्र व्यवहारमा लागू हुन सक्तैन । त्यसैले सूचनाको हक सम्बन्धी ऐन कानुन चाहिएको हो ।

विश्वमा लामो लोकतान्त्रिक शासन परम्परा भएका मुलुकहरूमा पनि सरकारी सूचनामा पहुँच र पारदर्शितामा सरकारी प्रशासनिक संयन्त्र अनिच्छुक र असहयोगी देखिएका घटनाहरू बेलाबेलामा देखिन्छन् । भारतमा सूचनाको हकसम्बन्धी कानुन सन् २००५ मा लागू भएको केही समयमै त्यहाँको कर्मचारीतन्त्र (व्युरोक्रेसी) ले सूचनाअधिकार कानुनलाई खुम्च्याउने विधेयक ल्याउन सम्बन्धित मन्त्री र राजनीतिक दलका नेताहरूलाई दवाव दिएको थियो ।

नेपालजस्तो नवलोकतान्त्रिक देशमा जहाँ सरकार मात्रै होइन समाज पनि सैयौं वर्षको पुरातन व्यवस्था र संस्कारमा हुर्केको छ, जहाँ गोपनीयता सामान्य र खुलापन अपवादको रूपमा छ, त्यहाँ अन्तरराष्ट्रिय मान्यताअनुसारको सूचनाको हकसम्बन्धी कानुन बन्नु र लागू हुनु एउटा अप्रत्याशित र ठूलो फड्को हो । तर ऐन बन्दैमा सयौं वर्षदेखिको संस्कार, विचार र व्यवहारमा परिवर्तन आउँदैन भन्ने कुरा अन्य मुलुकको अनुभवले पनि देखाएकै छ । कुन बहानामा, कुन बेला कस्तो ऐन, नियम, नियमावली, संशोधन वा परिपत्रद्वारा यो ऐनलाई खुम्च्याइन्छ भन्ने कुराप्रति सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि नागरिक समाजका प्रतिनिधिहरू र लोकतान्त्रिक मूल्य मान्यता बोकेका राजनीतिक दलका नेता तथा जनउत्तरदायी प्रशासनका हिमायती कर्मचारीहरू सदा सचेत र प्रयत्नशील हुनु आवश्यक छ ।

- यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरुरी छ । यस्ता उपायहरू कार्यान्वयन गर्नुपर्छ जसले गर्दा कर्मचारीहरू ऐनको भावना र मर्मअनुसार काम गर्न प्रेरित होउन् ।

- राज्यका सबै अंगका निकायहरूमा सेवा प्रवेश गर्दा सेवा प्रवेशीलाई सूचनाको हकबारे जान्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसका लागि सेवा प्रवेश गर्दा लोकसेवा आयोगलगायत अन्य आयोग वा त्यस्ता निकायले लिने परीक्षाका पाठ्यक्रमहरूमा सूचनाको हकसम्बन्धी ऐन नियमका विषयहरू अनिवार्य रूपले समावेश गरिनुपर्छ ।

● सरकारी कार्यालयहरूमा सूचना/अभिलेखहरूको सिर्जना, भण्डारण, संरक्षण, पहुँच र वितरण/संप्रेषण व्यवस्थित गर्नका लागि अभिलेख व्यवस्थापनसम्बन्धी बेग्लै नीति, ऐन, नियम हुनुपर्छ। अभिलेख व्यवस्थापनलाई समन्वय गर्ने, यससम्बन्धी मानक (स्ट्याण्डर्ड) कायम गर्ने, अभिलेख व्यवस्थापनका सम्बन्धमा नियमित रूपमा शिक्षण प्रशिक्षण संचालन गर्ने बेग्लै/निश्चित निकाय हुनुपर्छ। यसका लागि राष्ट्रिय अभिलेखालयको वर्तमान भूमिकालाई परिवर्तन गरी सरकारी कार्यालयका सूचना व्यवस्थापन र प्रशिक्षणको व्यवस्था गर्ने जिम्मेवारी दिन सकिन्छ।

**७. तालिम र अभिप्रेरणा (इन्सेन्टिभ)**

● सूचना माग्ने कामले एउटा प्रचलित प्रक्रिया भंग हुने, कुनै अनियमिता वा भ्रष्टाचार खुल्ने वा कुनै संभावित नीतिगत निर्देशनमा बाधा पार्ने हुँदा यसबारे लोकसेवक कर्मचारीहरूका प्रतिक्रिया फरकफरक हुन्छन्। कसैले आफै सक्रिय भएर सूचना दिन सक्छन् भने कसैले सूचना नदिन अनेक बहाना बनाउन सक्छन्। तर सूचना दिने जिम्मा पाएका कर्मचारीहरू सूचनाको हकका बारेमा आफै सचेत भएनन् र सूचना सार्वजनिक गर्ने, मागेको सूचना उपलब्ध गराउने काम ठिकसँग गरेनन् भने ऐनको कार्यान्वयनमा बाधा पुग्छ। त्यसैले कर्मचारीहरूलाई यसबारे सचेत र दक्ष बनाउनु आवश्यक छ।

● गोप्यताको पुरानो र प्रचलित मान्यतामा आमूल परिवर्तन ल्याउनु सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भएकोले सार्वजनिक निकायका सबै तहका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। तैपनि, पहिलो चरणमा सूचनाको माग पूरा गर्ने जिम्मा पाएका सबै सूचना अधिकारीहरू र तिनका विरुद्ध पहिलो उजुरी सुन्ने पदाधिकारीहरूलाई सूचना मागको निवेदन र उजुरीमाथि कसरी कारवाही गर्ने र कानुनका दफाहरूको कसरी व्याख्या गर्ने भन्ने विषयमा तालिम दिनुपर्छ।

● सूचनाको माग पूरा गर्ने र कानुनमा व्यवस्था गरिएका सूचनासम्बन्धी अन्य काम गर्ने कर्मचारीलाई उचित अभिप्रेरणा (इन्सेन्टिभ) र पुरस्कारको पनि व्यवस्था हुनु आवश्यक छ।

**८. ऐनसँग बाझिने कानुनहरूको संशोधन र खारेजी र कानुन निर्माणमा एकरूपता**

सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुऱ्याउने कतिपय कानुन नेपालमा प्रचलित छन्। सरकारी कर्मचारीहरूको सेवा र वृत्तिविकाससँग गहिरो रूपमा सम्बन्ध भएको निजामती सेवा ऐन र नियमावली यसको एउटा उदाहरण हो। सूचना संचार गर्नबाट कर्मचारीहरूलाई रोक्ने कतिपय नियमहरू निजामती सेवाका ऐन/नियमभित्र लुकेका भेटिन्छन्। फलस्वरूप कतिपय कर्मचारीहरूले सूचना खुला गर्नुभन्दा लुकाउँदा आफूलाई सुरक्षित ठान्छन्। सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन नियमहरू प्रचलनमा छन्। त्यस्ता अवरोधकारी कानुनहरूले निरन्तरता पाइरहेका हुनाले अनिश्चितता सिर्जना गरेका छन्। यसले गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूलाई नयाँ कानुन अन्तर्गत कति सूचना खुला गर्ने र कति गोप्य राख्ने भन्ने निधो गर्न र काम गर्न गाह्रो भइरहेको छ। एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गऱ्यो भने सजायको भागिदार हुन्छ भन्छ। यस्तोमा कर्मचारीहरू सजायको कुराप्रति बढी सचेत भएर सूचना नदिनेतिर लाग्ने संभावना बढी हुन्छ। सजायको कुराले त्रास खडा गरेको अवस्था पनि छ। फलस्वरूप सूचनामा पहुँच नदिनु सामान्य र स्वाभाविक बनेको देखिन्छ। सूचनाको हक ऐन लागू भइसकेको अवस्थामा यस्ता कानुन सक्रिय हुनुहुँदैन। सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुन बदल्नु वा संशोधन गरिनु पर्छ।

## ९. सहयोगी ऐन कानुनको आवश्यकता

सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन । त्यसलाई सक्रिय बनाउन अरू कानुनको सहयोग चाहिन्छ । राज्यका सबै कानुनले यसलाई सघाउनु पर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरू सबै ऐनलाई ओभरराइड गर्छ भन्ने निश्चित भएपछि मात्रै यो कानुन प्रभावकारी हुन सक्छ । 'अब पहिलेजस्तो अवस्था छैन, सूचनाको हकसम्बन्धी ऐनअनुसार काम गर्नुपर्छ' भन्ने स्पष्ट संकेत सरकारी संयन्त्रलाई पठाएर मात्रै सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागू गर्न सकिन्छ । **यसका लागि सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने वा नमिल्ने ऐनका प्रावधानहरूलाई कम्तीमा पनि खुला सरकारको भावनासँग मेल खाने गरी फेर्नु, सुधार्नु, संशोधन गर्नुपर्छ ।**

## १०. सूचनाको हक र वर्गीकरणको तगारो

सूचनाको हकसम्बन्धी ऐनमा सूचना दिन नमिल्ने केही विषय तोकिएका छन् । ऐनअनुसार मुख्यसचिवको अध्यक्षतामा गठित समितिले ती विषयका आधारमा केही सूचनालाई केही अवधिका लागि गोप्य राख्न सक्ने व्यवस्था ऐनमा गरिएको छ । तर उक्त समितिले गरेको वर्गीकरण भनी वितरित सूचीमा ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका बुँदाभित्र नपर्ने कतिपय सूचनाहरू पनि दिनु नपर्ने सूचनाको वर्गमा पारिएको देखिएको हुँदा सो वर्गीकरणलाई आधार मानी सरकारी निकायहरूले सूचना दिन इन्कार गरेको अवस्थामा सूचनाको हकसम्बन्धी कानुनको मर्म र भावनामा नै कुठाराघात हुने देखिन्छ । यो वर्गीकरणमाथि तत्काल पुनर्विचार गर्नुपर्छ ।

## ११. गोपनीयताको होइन पारदर्शीताको शपथ

नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनीयताको शपथ भन्ने गरिन्छ । पदसँग गोपनीयता गाँसिएको वा शपथ भनेकै गोपनीयताका लागि हो भन्ने सोच छ । अब कुनै पनि पदाधिकारीले कामको प्रकृति हेरी ऐनअनुसार गोप्य राख्नुपर्ने कामकुरा मात्रै गोप्य राख्नुपर्छ । पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन । आधुनिक लोकतन्त्रमा गोपनीयताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ । नत्र यसले कर्मचारीहरूलाई सूचना सार्वजनिक गर्ने कामको उल्टो सन्देश दिन्छ ।

## १२. नियमावली प्रभावकारी बन्नुपर्छ

केही देशमा संसद्ले बनाएको सूचनाको हकसम्बन्धी ऐनलाई निस्तेज पार्ने गरी सरकारले नियमावली बनाएको देखिन्छ । संसद्ले बलियो सूचनाको हक ऐन बनाए पनि कर्मचारीहरूले त्यसको प्रभाव घटाउन त्यस्तै प्रभावकारी नियम बनाउन सक्छन् वा सूचना रोक्ने आन्तरिक नियमहरू लागू गर्न सक्छन् । त्यसैले कानुन कार्यान्वयन गर्ने निकायहरू र निगरानी गर्ने निकायहरू सहायक कानुन वा नियमावली बनाएर सूचनाको हक खोस्ने यस्ता प्रयासबारे सतर्क हुनु आवश्यक छ । सहायक वा थप कानुन वा नियमहरू मूल कानुन लागू गर्न सहयोगीको रूपमा आउनु पर्छ न कि अवरोधकको रूपमा ।

## १४. सूचनाको हक र उपभोक्ताको अधिकार

आधुनिक युगमा सबै नागरिकले राज्य तथा विभिन्न सर्वजनिक तथा निजी निकायहरूबाट कुनै न कुनै सेवा लिइरहेको हुन्छ । त्यस्तै प्रायः सबैजसो मानिसले कुनै न कुनै सेवा प्रदान गरिरहेका हुन्छन् । युग जतिजति अगाडि बढ्दैछ त्यतित्यति सबै मानिस उपभोक्ता र सबै मानिस उत्पादक वा सेवा

प्रदायक बन्ने अवस्था बढ्दैछ । कुनै पनि वस्तु/सामान वा उत्पादन र सेवा उपभोग गर्नका लागि उपभोक्ताले त्यो उत्पादन वा सेवाको मूल्य र गुणस्तर जान्नु आवश्यक हुन्छ । उपभोक्ताको यो अधिकार हो । त्यसैले उत्पादित सामान वा प्रदान गरिने सेवाका बारेमा पर्याप्त सूचना सामान वा सेवासँगै उपलब्ध गराउनु उत्पादक तथा सेवा प्रदायकहरूको पहिलो कर्तव्य हो । बिरामीले चिकित्सक वा अस्पतालबाट आफ्नो रोग तथा उपचारका बारेमा बुझिने भाषा र अक्षरमा सूचना प्राप्त गर्नु उसको अधिकार हो । बजारमा बेचिने कुनै पनि सामानको उत्पादन र उपयोगिता समाप्त हुने मिति, सामान तयार पार्दा उपयोग गरिएका आधारभूत वस्तु वा पदार्थ साथै त्यसको मूल्य उपभोक्ताले जान्न पाउनुपर्छ । त्यस्तै उपभोक्ताले खानेपानी, बिजुली, टेलिफोन आदि हरेक समयमा चाहिने सेवाका बारेमा पनि नियमित र व्यापक रूपमा जानकारी पाउनुपर्छ । प्राकृतिक रूपले उत्पादित फलफूल, तरकारी, दूध, फुल, मासुजस्ता सामग्रीमा पनि यदि तिनलाई संरक्षण गर्न वा चाँडै खानयोग्य बनाउन वा पशुपंछी तथा बनस्पतिको उत्पादन क्षमता बढाउन कृत्रिम उपाय अपनाइएको छ भने त्यसका बारेमा पनि जानकारी दिइनुपर्छ । नेपालमा उपभोक्ता हित संरक्षण गर्ने कानुनहरूमा उपभोक्ताका लागि पर्याप्त सूचना उपलब्ध गराउने प्रभावकारी प्रावधान हुनुपर्छ । साथै उपभोक्ताहरूले पनि यसबारे सचेत भएर अधिकार माग्नुपर्छ ।

### १५. सूचनाको हक र शिक्षा क्षेत्र

असल र जिम्मेवार नागरिक बन्ने बनाउने पहिलो स्थान विद्यालय नै हो । यसैले नागरिकका अधिकार र कर्तव्यहरूको ज्ञान विद्यार्थी अवस्थाबाटै सुरु हुनुपर्छ । यसका लागि विद्यालयका हरेक तहका पाठ्यक्रममा सूचनाको हकका बारेमा कुनै न कुनै रूपमा जानकारी दिने कक्षा वा प्रवचनको व्यवस्था हुनुपर्छ ।

### १६. आयोगको स्थायित्वका लागि भौतिक पूर्वाधार निर्माण

राज्यका सम्पूर्ण अंगलाई पारदर्शी र जिम्मेवार बनाउने उद्देश्य लिएको सूचनाको हकसम्बन्धी ऐनलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने जिम्मेवारी बोकेको राष्ट्रिय सूचना आयोगको गहन दायित्व, यसको कामको प्रकृति र महत्व तथा आमनागरिकसँग यसको निकट सम्बन्धलाई ध्यानमा राखी आयोगको स्थायित्वका लागि आफ्नै कार्यालय भवनको आवश्यकता छ । यसको लागि सरकारले जग्गा उपलब्ध गराउने र भवन निर्माणको लागि योजना थाल्नु जरुरी छ । साथै नेपालका अन्य क्षेत्रमा पनि यसको कार्यालय खोल्नका लागि भौतिक पूर्वाधार तयार गर्नु आवश्यक छ ।

# खण्ड घ : परिशिष्ट

## परिशिष्ट -१

### नेपालमा सूचनाको हकको कानुनी परिवेशको विकास

(गत वर्षको वार्षिक प्रतिवेदनबाट)

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार दिएको छ ।

यसअघि, सबैभन्दा पहिले नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली नागरिकलाई सूचनाको हक मौलिक हकको रूपमा दिएको थियो । तर यससम्बन्धी ऐनको अभावमा सूचनाको हकको कार्यान्वयन सहज र सरल थिएन ।

नेपालको अन्तरिम संविधान, २०६३ मा पनि सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्थित गरिएको छ :

“प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाएको मानिने छैन ।” (धारा २७)

२०६३ सालको जनआन्दोलनको सफलताको फलस्वरूप पुनर्स्थापित व्यवस्थापिका संसद्ले २०६४ साल साउन २ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गर्‍यो र साउन ५ गते सभामुखबाट प्रमाणित भयो । ऐनको व्यवस्थाअनुसार ऐन प्रमाणित भएको तीस दिनपछि अर्थात् २०६४ साल भदौ ३ गतेदेखि यो ऐन लागू भयो ।

नेपाली नागरिकले सूचनाको हक सर्वप्रथम मौलिक हकको रूपमा पाएको सत्र वर्षपछि मात्र सूचनाको हकसम्बन्धी ऐन बन्यो । यसबीच सूचनाको हकको कार्यान्वयन आमनागरिकका लागि सहज थिएन । यसका लागि अदालतको सहारा लिनु आवश्यक हुन्थ्यो ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएर नागरिकसँग सरोकार राख्ने सबैखालका निकाय र सरकारी निकायहरूलाई नागरिकप्रति उत्तरदायी बनाएको छ । सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेको छ । सार्वजनिक निकायहरूले आफ्ना सबै सूचना नागरिकले नमागेको अवस्थामा पनि तीनतीन महिनामा सार्वजनिक गर्नुपर्ने दायित्व छ । साथै नागरिकले आफ्नो बारेको सूचना सरोकारवाला निकायसँग माग्न पाउने अधिकार पनि दिएको छ । यसरी सूचनाको हकसम्बन्धी ऐनले लोकतन्त्रमा नागरिकले पाउने एउटा महत्वपूर्ण हकलाई व्यावहारिक रूपमा उपभोग गर्न सक्ने बाटो खोलिदिएको छ ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन प्रभावकारी रूपमा भयो भने यसले राज्यका सम्पूर्ण अंग र सार्वजनिक निकायहरूलाई जनताप्रति उत्तरदायी, पारदर्शी, संवेदनशील र सक्रिय बनाउन सक्छ; गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याउन सक्छ र जनउत्तरदायी, पारदर्शी लोकतान्त्रिक शासन व्यस्थालाई बलियो बनाउन सक्छ । यसको सफल कार्यान्वयनले शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । भ्रष्टाचारको महाजालबाट समाज र राष्ट्रलाई जोगाउँदै लोकतन्त्रलाई बलियो बनाउँछ ।

वास्तवमा सूचनाको हकविना जनताका अरु अधिकारहरू अधुरा हुन्छन् । त्यसैले जनतालाई शक्तिसम्पन्न बनाउने सूचनाको हकलाई पूर्णता दिनु अति आवश्यक छ ।

**अन्तरराष्ट्रिय प्रचलन र अनुभव**

सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो :

**सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।**

सन् १९४८ मा संयुक्त राष्ट्र संघले जारी गरको मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १९ मा सूचनाको अधिकारलाई यसरी स्पष्ट पारिएको छ :

"हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यो अधिकारभित्र कुनै बाधा विना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनविना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।"

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध, १९६६ मा पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै सूचनाको हकको व्यवस्था गरिएको छ :

- प्रत्येक व्यक्तिलाई विनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।

- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत कुनै बन्देज वा सीमा विना आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ । (धारा १९)

त्यस्तै, मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५० को धारा १० मा; मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धि १९६९ को धारा १३ मा; मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र १९८१ को धारा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको व्यवस्था गरिएको छ ।

युरोपका विभिन्न मुलुकमा सूचनाको हक संविधान र कानुनमा व्यवस्था गरिएको लामो इतिहास छ । स्विडेनको संविधानमा १७७६ देखि नै सूचनाको स्वतन्त्रताको प्रत्याभूति गरिएको थियो । कुनै विशेष कानुनले नरोकेसम्म सरकारी निकायका काम कारवाही पारदर्शी हुन्छन् भन्ने मान्यताले त्यहाँको समाजमा, विचार र व्यवहारमा दरोसँग जरा गाडिसकेको छ ।

फिनल्याण्डमा सन् १९५१ मा "सरकारी लिखतहरूको सार्वजनिक स्वरूपका बारेमा कानुन बनेको थियो भने डेनमार्क र नर्वेमा सन् १९७० मा सूचनामा पहुँचसम्बन्धी ऐन लागू भएको थियो ।

संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा सूचनाको स्वतन्त्रतासम्बन्धी ऐन लागू भएको थियो , जसमा खुलापन/पारदर्शिता अर्थात् सूचना सार्वजनिक गर्ने काम स्वाभाविक र सूचना लुकाउने काम अपवाद मानिन्छ ।

भारतमा सन् २००५ देखि सूचना अधिकार ऐन देशभरि लागू भयो । त्यहाँ सूचनाको हकको लागि चलेको आन्दोलन अरु विकासशील मुलुकहरूका लागि पनि उदाहरणीय छ । भारतमा सूचनाको हक संविधानमा उल्लेख नभएता पनि वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको हिस्साको रूपमा सूचनाको हक रहेको व्याख्या गरेर यसलाई बल दिएको थियो भने गाउँलेहरूको काम गर्न पाउने, उचित ज्याला र काम गरेको अभिलेख हेर्न पाउनका लागि भएको नागरिक आन्दोलनले सूचनाको हकसम्बन्धी कानुन बनाउन सरकारलाई बाध्य पारेको थियो ।

अहिले संसारका सत्तरी भन्दा धेरै मुलुकमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको छ ।

**नेपालको प्रयास र अनुभव**

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न विभिन्न पक्षले भूमिका खेलेका छन् ।

- अन्तरराष्ट्रिय अनुवन्धहरू
- अदालतको सक्रियतावादी भूमिका
- लोकतन्त्रान्त्रिक आन्दोलन
- पत्रकार र नागरिकसमाजको आन्दोलन

**अन्तरराष्ट्रिय अनुवन्धहरू**

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तरराष्ट्रिय अनुवन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले पनि सूचनाको हकलाई नेपालले पालन गर्नु पर्ने वाध्यकारी अवस्था थियो र छ पनि । नेपालले नागरिक तथा राजनितिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध १९६६ लाई सन् १९९१ को मे १४ मा अनुमोदन गरिसकेको छ । त्यसैगरी, नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धिहरू नेपालका कानुन सरह लागु हुन्छन् र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ । यसप्रकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्धमा निहित अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसम्बन्धी प्रावधान नेपालका लागि राष्ट्रिय कानुनकै एक भाग पनि हो । त्यसैले अन्तरराष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐनकानुनहरूलाई समय सापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नु आवश्यक हुन्छ ।

**अदालतको सक्रियतावादी भूमिका**

२०४७ सालको संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेपछि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्वपूर्ण र ऐतिहासिक निर्णयहरू भएका छन् । तीमध्ये सर्वोच्च अदालतका दुइटा फैसला ऐतिहासिक र उल्लेखनीय छन् ।

१: टनकपुर बाँध सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसको अंश यस्तो छ :

“संविधानको धारा १६ ले सार्वजनिक महत्वको कुनै विषयमा सूचना माग्ने र पाउने अधिकार देशका प्रत्येक नागरिकलाई प्रदान गरेको छ । सरकारबाट गरिने यस्ता सबै काम कारवाहीहरू जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्न

सक्तछ, सार्वजनिक महत्वका हुन्छन्; यस्ता सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार पनि हो ।" (सर्वोच्च अदालत बुलेटिन, वर्ष १, अङ्क ११, पृ. १ ।)

२: अरुण तेस्रो मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसमा अदालतले सूचनाको हकसम्बन्धी कानुनको आभावलाई हृदयंगम गरी आठ वटा नियम पालन गर्दै सूचना दिने निर्णय गऱ्यो । ती नियमहरू 'आवश्यक नियम कानुन नबनेसम्म लागू रहनेछन्' भनेर त्यस निर्णयले सूचनाको हकसम्बन्धी ऐन नबनेसम्मका लागि एउटा आधार बनाइदियो भने 'लिखतहरूको गोप्यतासम्बन्धी कानुन लागू नहुँदा सम्बन्धित सबैलाई कठिनाइ र अनिश्चितताको स्थितिमा अल्मलिई रहनुपर्ने हुँदा उक्त कानुनलाई लागू गर्न' वा अन्य कानुनी व्यवस्था यथाशक्य चाँडो गर्नको लागि सरकारको ध्यानाकर्षण समेत गऱ्यो । ( नेपाल कानुन पत्रिका २०५१, अङ्क १, पृ. ५८ ।)

यी दुई मुद्दाका सन्दर्भका साथै योगी नरहरिनाथको मुद्दामा सर्वोच्च अदालतले सामान्यतया के कस्ता विषय गोप्य रहन्छन् भन्ने ६ वटा बूँदामा स्पष्ट पाऱ्यो । (योगी नरहरिनाथ वि. श्री ५ को सरकार मन्त्रिपरिषद्समेत, सं २०५४ को रिट नं. ३१९३, आदेश मिति २०६०/३/१२ ।) । त्यसैगरी शाही शासनकालमा एफएम रेडियोहरूले समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लगाएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरुद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै दिएको निर्णय पनि महत्वपूर्ण छ :

"....... यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्वका विषयमा सूचना पाउने एवं अरुका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अङ्गको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ ।" ( माधब कुमार बस्नेत वि. सूचना तथा सञ्चार मन्त्रालय, नेपाल कानून पत्रिका, २०५८, अङ्क ७ र ८, पृ. ३९२ ।)

सूचनाको हक भनेर उल्लेख नगरिए तापनि अदालतका सूचनाहरू सरोकारवालाहरूले पाउने व्यवस्था सर्वोच्च अदालत नियमावली, २०१३ मा मिहीन रूपमा उल्लेख गरिएको छ । त्यसमा उल्लिखित सूचना दिने प्रवधानका प्रक्रियाहरू हेर्दा त्यो नियमावलीलाई सूचनाको हकसम्बन्धी ऐनको वीजारोपण भन्न सकिन्छ ।

सूचनाको हकलाई वाक् तथा प्रकाशन स्वतन्त्रतामा अन्तर्निहित मान्ने हो भने सूचनाको हकसम्बन्धी संकेत २००४ सालको वैधानिक कानुन (धारा ४) तथा अन्तरिम संविधान २००७ मा 'राज्यको नीतिका निर्देशक सिद्धान्तहरू' अन्तर्गत (धारा १६) पनि पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले यसअधिका संविधानहरूमा उल्लिखित वाक् तथा प्रकाशन स्वतन्त्रतालाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता भनी परिवर्तन गर्नुका साथै सूचनाको हकलाई बेग्लै मौलिक हकको रूपमा स्थापित गऱ्यो । त्यसपछि सूचनाको हकलाई कार्यान्वयन र उपचारको व्यवस्थासहित सूचनाको हकसम्बन्धी ऐनको आवश्यकता महसुस गरी यसका लागि प्रयासहरू भए । सर्वोच्च अदालतले यो अधिकारलाई फराकिलो रूपमा व्याख्या गरी ऐन बनाउने पृष्ठभूमि तयार पार्न सघायो ।

**लोकतान्त्रिक आन्दोलन**

लोकतान्त्रिक आन्दोलनले सूचनाको हकको प्रवर्द्धनका लागि सकारात्मक प्रभाव पारेको कुरा नेपाल अधिराज्यको संविधान २०४७ मा स्पष्ट देखिन्छ । सो संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा पहिलो पटक स्थापित गऱ्यो ।

त्यसपछि शाही शासनकालमा संचार माध्यमहरूमाथि, खास गरी रेडियोमाथि गर्न खोजिएको दमन र नियन्त्रणका विरुद्ध पत्रकार र रेडियोकर्मीका संस्थाहरूले चलाएको आन्दोलनले सूचनाको हकको पक्षमा ऐतिहासिक महत्वको काम गरेको छ । यसलाई सर्वोच्च अदालतका निर्णयहरूले पनि सघाएको छ ।

२०६३ को जनआन्दोलनको सफलतापछि पुनर्स्थापित व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन पारित गरेर जनआन्दोलनको भावनालाई मूर्तरूप दिने काम गरेको छ ।

त्यसपछि बनेको अन्तरिम संविधानले पनि जनभावनालाई कदर गर्दै सूचनाको हकलाई फराकिलो पार्दै मौलिक हकको रूपमा स्थापित गरेको छ ।

संविधानसभाले बनाउने नयाँ संविधानमा पनि सूचनाको हकलाई अझै दरिलो गरी राख्नेछ र यसको कार्यान्वयनका लागि स्वतन्त्र र संवैधानिक निकाय/आयोगको व्यवस्था गर्ने छ भन्ने कुरामा विश्वास लिन सकिन्छ ।

**पत्रकार र नागरिकसमाजको आन्दोलन**

नेपालमा सूचनाको हकसम्बन्धी ऐन मस्यौदा गर्नेदेखि पारित गर्ने चरणसम्म नेपाल पत्रकार महासंघले महत्वपूर्ण भूमिका खेलेको छ । नेपाल प्रेस इन्स्टिच्युट र नेपाल पत्रकार महासंघ मिलेर सूचनाको हकसम्बन्धी पहिलो विधेयक मस्यौदा गरे । तर सूचनाको हकसम्बन्धी त्यो विधेयक, २०५७ त्यस बेलाको संसद्मा पुगेर पनि छलफलमा आउन सकेन ।

हुन त सूचनाको हकको महत्व र यससम्बन्धी ऐनको आवश्यकताबारे जनचेतना फैलाउनका लागि पत्रपत्रिकामा लेख रचना प्रकाशित गर्ने, गोष्ठी र छलफलको आयोजना गर्ने काम २०४७ सालको संविधानपछि नै सुरु भएको देखिन्छ, तापनि सूचनाको हक केवल पत्रकारहरूको लागि हो भन्ने सोचाइ पनि सुरुदखि नै देखिन्छ । सूचनाको अधिकार आमनागरिकको अधिकार हो र सुशासन र लोकतन्त्रका लागि यो अपरिहार्य अधिकार हो भन्ने कुराको बुझाइ पर्याप्त नहुनाले सूचनाको हकसम्बन्धी आन्दोलन केवल पत्रकारजगत र केही पत्रकारहरूसँग सम्बन्धित गैरसरकारी संस्थाहरूले मात्रै संचालन गरेको देखिन्छ । भारतमा सूचनाको हकलाई आमनागरिकको आजीविकासँग जोडेर नागरिक समाजले आन्दोलन गरेझैँ नेपालमा भएन । तैपनि पत्रकार महासंघको निरन्तरको प्रयास र दवावले सूचनाको हकसम्बन्धी ऐन ल्याउन महत्वपूर्ण भूमिका खेल्यो ।

यसरी झण्डै साठी वर्षको वैधानिक, अदालती अभ्यास, एक दशकभन्दा लामो पत्रकारहरूको संघर्ष, अन्तरराष्ट्रिय सन्धिसम्झौता र अनुवन्धहरू पालन गर्नु पर्ने वाध्यता तथा ऐतिहासिक जनआन्दोलनहरूको धक्काको फलस्वरूप नेपाली नागरिकले सूचनाको हक उपभोग गर्ने कानुनी परिवेश तयार भएको हो ।

## परिशिष्ट-२

### पुनरावेदनसम्बन्धमा ऐनमा भएको व्यवस्था

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ वमोजिम सार्वजनिक निकायसँग सूचना माग गरिएको निवेदनमा सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आँशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सूचना माग गर्ने व्यक्तिले त्यसरी सूचना नपाएको वा आँशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सोही कार्यालयका प्रमुखसमक्ष उजुरी दिन सक्छ ।

त्यसरी प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आँशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएवमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्छ । निकायका प्रमुखसमक्ष परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुंगो लगाई सक्नुपर्छ ।

उजुरी जाँचबुझ गर्दा उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुंगो लागेको मितिले बढीमा सात दिनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकारीलाई आदेश दिनुपर्छ ।

उजुरीमाथि प्रमुखले जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको अथवा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन वमोजिम विभागीय कारवाही गर्न सक्छ ।

उजुरीमाथि प्रमुखले जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्छ । यसरी प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिन सक्छ ।

### पुनरावेदनमाथि कारवाही र निर्णय गर्ने कार्यविधि तथा अवधि

राष्ट्रिय सूचना आयोगमा प्राप्त भएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्छ ।

- आयोगले पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न सक्छ ।
- आयोगले पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न सक्छ ।
- आयोगले पुनरावेदन परेको ६० दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्नुपर्छ ।

**सजायसम्बन्धी व्यवस्था**

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आँशिक वा गलत रूपमा सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना विनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना हुन्छ ।

आयोगबाट विभागीय कारवाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्छ ।

कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरूपयोगको गंभिरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ ।

आयोगले यस ऐनवमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ ।

**क्षतिपूर्तिसम्बन्धी व्यवस्था**

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनवमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक वा गलत रूपमा सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्छ । प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानी नोक्सानी विचार गरी मनासिब क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्छ ।

**सजायमाथि पुनरावेदनसम्बन्धी व्यवस्था**

ऐनको दफा ३२ वमोजिम आयोगले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्छ ।

**सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था**

सार्वजनिक निकायमा भएको, भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुन वमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हो । यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुन्छ ।

सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन पाइँदैन । सूचनादातालाई सजाय गरेमा वा हानी नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्छ । आयोगले उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए

त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्छ ।

## परिशिष्ट-३

### आयोगले आ.व. २०६६-६७ मा पुनरावेदन र उजुरीका सम्बन्धमा गरेको कारवाही र निर्णय

क्रम संख्या : १ (गत आ.व.को बाँकी) **पुनरावेदन**

मिति : २०६६ जेठ १९

पक्ष : **दुर्गाप्रसाद पन्थी**, जिल्ला कृषि विकास कार्यालय कंचनपुर

विपक्ष : कृषि तथा सहकारी मन्त्रालय, नेपाल सरकार ।

विषय : २०६६।०४।१३ मा हालसम्मको कार्य सम्पादन मूल्यांकनसम्बन्धी सूचना माग गरेकोमा आंशिक रूपमा सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मात्रै प्राप्त भएको, पुनरावलोकन समितिको प्राप्त नभएको । सूचनाको हकसम्बन्धी ऐनबाट नभई निजमती सेवा ऐनबाट प्राप्त भएको दावी ।

**कारवाही/निर्णय**

- २०६६।०३।२१ मा कृषि तथा सूचना मन्त्रालयका सूचना अधिकारीलाई बोलाइएको । असार ३१ मा उपस्थित भई साउन ७ सम्म पुनः उपस्थित हुने म्याद थपेको ।
- २०६६।४।१३ मा सूचना अधिकारी उपस्थित भई दिनुपर्ने सूचना दिइसकिएको लिखित जवाफ दिएको ।
- २०६६ साउन १९ मा पुनरावेदकले माग गरेवमोजिमको पुनरावलोकन समितिको कार्य सम्पादन मूल्यांकनको अंकको जानकारी पुनरावेदकलाई पन्ध्र दिनभित्र दिनु भनी नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयलाई आदेश दिने ठहर्छ भन्ने आयोको निर्णय ।
- २०६६ साउन ३२ मा आयोगको निर्णयमाथि पुनर्विचार गर्न कृषि तथा सहकारी मन्त्रालयको पत्र प्राप्त ।
- २०६६ भदौ १० मा आयोगको मिति २०६६।४।१९ को निर्णयवमोजिम गर्न/गराउन मन्त्रालयलाई जानकारी दिने आदेश जारी ।

क्रम संख्या : २ **पुनरावेदन**

मिति : २०६६ साउन ८

पक्ष : **विजय अर्याल**, शंकरदेव क्याम्पस, पुतलीसडक, काठमाडौं ।

विपक्ष : परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, **त्रिभुवन विश्वविद्यालय**, काठमाडौं ।

विषय : उत्तर पुस्तिकाको प्रतिलिपि माग

**कारवाही/निर्णय**

- २०६६।०४।१५ मा परीक्षा नियन्त्रकलाई लिखित जवाफ सहित सम्पर्क राख्न आदेश जारी गर्ने निर्णय ।

- २०६६।०५।०९ मा त्रिविवि परीक्षा नियन्त्रण कार्यालयबाट लिखित जवाफसहित कानुनी सल्लाहकार र परीक्षा नियन्त्रक दयामान कर्माचार्य उपस्थित ।

लिखित जवाफको सार :

१) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसंबन्धी नियमावली २०५० मा व्यवस्था गरेअनुसार परीक्षा लिइन्छ ।

२) परीक्षाका सबै कुरा गोप्य राखिन्छन् । गोप्य नराख्दा परीक्षकको जिउज्यानको खतरा हुनसक्छ ।

३) परीक्षा उत्तर पुस्तिका नियमावली २०५० को विनियम २३५ अनुसार नतिजा प्रकाशित भएको ६ महिनापछि धुल्याइन्छ । माग गरिएको उ.पु. धुल्याइसकेको हुँदा प्रतिलिपि दिन सकिँदैन ।

४) सू.ह.ऐनको दफा ३(३)(ङ) मा व्यक्तिको सुरक्षामा आँच आउने सूचना प्रवाह नगर्ने भनेको र उ.पु. दिँदा जाँच्नेको जिउज्यान खतरामा पर्न सक्ने ।

५) संस्थाको मर्यादा र प्रतिष्ठामा समेत आँच आउने हुँदा उत्तरपुस्तिका कुनै पनि व्यक्तिलाई प.नि.का.ले उपलब्ध गराउन सक्तैन ।

६) ऐनको प्रस्तावनामा नै राज्य र नागरिकको हितमा प्रतिकूल पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने भनिएको छ ।

७) हरेक निकायको आफ्नै खालको प्रकृति, काम हुन्छ । चित्त नबुझ्नेले रिटोटलिङ गराउन सक्छ ।

८) उ.पु.को प्रतिलिपि माग्नु परीक्षाको मर्म र मर्यादा विपरीत छ ।

- २०६६।०५।१० मा आयोगमा विचार विमर्श हुँदा विपक्षको लिखित जवाफका बुँदाहरू बिचार गर्दा उत्तरपुस्तिका नै नष्ट गरेको भनेकोले माग गरिएको सूचना दिन संभव देखिएन । तर दिन नमिल्ने अन्य तर्क कानुनन जायज देखिएन । ६ महिनामा उ.पु. धुल्याउने नियम भए नतिजा प्रकाशन गरेको एक महिनाभित्र सूचना माग्न सकिने र तीन महिनाभित्र दिनु पर्ने व्यवस्था गर्न सकिन्छ भन्ने सुझाव ।

- २०६६।०५।११ मा परीक्षा नियन्त्रकको कार्यालयका कानुनी सल्लाहकारसँग छलफल भयो । विषयको गम्भीरता हेरी आयोगमा थप छलफल र परामर्श ।

- २०६६।०५।२९ मा परीक्षा नियन्त्रक र कानुनी सल्लाहकार उपस्थित भई निजहरूको भनाइ सुनेपछि उत्तरपुस्तिका उपलब्ध गराउन आदेश जारी गर्ने निर्णय गरियो ।

- २०६६।०७।२५ मा आयोगको निर्णय विरुद्ध त्रि.वि. केन्द्रीय परीक्षा समितिका अध्यक्ष प्रा.डा. भीमराज अधिकारीबााट सर्वोच्च अदालतमा उत्प्रेषणयुक्त प्रतिषेध समेतको आदेश जारी गरी पाउँ भनी रिट निवेदन दर्ता । प्रस्तुत रिट निवेदन अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि

मिति २०६६।०८।०३ मा इजलास समक्ष पेश । अन्तरिम आदेश जारी भएन । अन्तिम फैसला हुन बाँकी ।

क्रम संख्या : ३ **पुनरावेदन**

मिति : २०६६ साउन २८

पक्ष : पर्वत जिल्ला खौलालाँकुरी गाविस ५ बस्ने **डिल्लीराज सुवेदी**, वारेस काठमाडौं नैकाप गाविस २ बस्ने मनिस लामिछाने । कानुन व्यवसायी डालकुमार खड्का, (वारेस) ।

विपक्ष : कर्मचारी संचलय कोष केन्द्रिय कार्यालय, पुल्चोक, ललितपुर ।

विषय : पोखरास्थित संचयकोषको घर बहालको सम्झौताको प्रतिलिपि र सो सम्बन्धी जानकारी माग ।

**कारवाही/निर्णय**

- २०६६।०५।०७ मा आयोगमा कर्मचारी संचय कोषका पदाधिकारीहरूसँग छलफल ।
- २०६६।०५।१० मा निवेदकले मागेको सूचना दिनू भनी आदेश दिने निर्णय ।

क्रम संख्या : ४ **पुनरावेदन**

मिति : २०६६ साउन २७

पक्ष : **रामकुमार छतकुली**, कानुन व्यवसायी (वारेस)

विपक्ष : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

विषय : नयाँ नैकाप स्थित जग्गाको स्वामित्व विवादसम्बन्धी कागतपत्रको नक्कल माग

**कारवाही/निर्णय**

- २०६६ साउन २७ मा वरेसलाई सुरुदेखि नै सूचनाको हकसम्बन्धी ऐनअनुसार प्रक्रिया पुऱ्याएर सूचना नमागिएको र अहिले पनि आयोगमा पुनरावेदन दिँदा उक्त ऐनअनुसार नआएको हुँदा प्रक्रिया पुऱ्याएर सूचना माग गर्न सुझाव दिई पठाइयो ।

क्रम संख्या : ५ **निवेदन**

मिति : २०६६ भदौ ८

पक्ष : **प्रभातकुमार गुप्ता**, पर्सा जिल्ला, वीरगंज १३ आदर्शनगर ।

विपक्ष : अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्याय परिषद् ।

विषय : अख्तियारमा द.नं. ११७२४ मा दर्ता गराएको उजुरीउपर भएको काम कारवाहीको जानकारी माग ।

न्याय परिषद्मा द.नं. २७९ मा दर्ता गराएको उजुरीउपर भएको कामकारवाहीको विषयमा जनकारी माग ।

**कारवाही/निर्णय**

- २०६६ भदौ १५ मा निवेदकसँग निवेदनमा भएका मिति र म्यादसम्बन्धी अस्पष्टताको बारेमा छलफल भयो । ऐनको प्रावधानअनुसार प्रक्रिया पुऱ्याएर पुनः ती निकायका सूचना अधिकारी र प्रमुखहरूसँग सूचना माग गर्ने सुझाव दिइयो ।

क्रम संख्या : **६ निवेदन**

मिति : २०६६ भदौ ८

पक्ष : **प्रभातकुमार गुप्ता**, पर्सा जिल्ला, वीरगंज १३ आदर्शनगर,

विपक्ष : न्यायपरिषदका प्रमुख र सूचना अधिकारी तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त ।

विषय : न्यायपरिषदसँग मागेको सूचना : १) मेरो उजुरीमाथि अहिलेसम्म के कारवाही भयो ? कुन मितिमा के गरियो । २) न्यायपरिषदको बैठक र निर्णय गर्ने कार्यविधि वा नियमावली छ भने उपलब्ध गराइ पाउँ । ३) मेरो उजुरी उपर प्रारम्भिक छानबिन भएको छ कि छैन ? ४) न्यायपरिषदले मेरो उजुरी सम्बन्धमा छानबिन समिति कहिले गठन गर्नेछ र सो छानबिन समितिले कति समयमा आफ्नो प्रतिवेदन दिनेछ ? ५) मैले आरोप लगाएका न्यायाधीशहरूसँग स्पष्टीकरण लिइएको छ कि छैन ? छैन भने किन नलिएको हो ? स्पष्टीकरण आएको भए सोको प्रतिलिपि पाउँ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग मागेको सूचना : निजको उजुरीको सम्बन्धमा भएको कारवाही सम्बन्धी लिखतहरूको नक्कल ।

**कारवाही/निर्णय**

- २०६७०३।२५ मा निवेदकले माग गरेको सूचना दिन मिल्ने हो कि होइन दिन मिल्ने भए सूचना उपलब्ध गराई सोको जानकारी आयोगलाई दिनुहुन र सूचना दिन नमिल्ने भए किन नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले सात दिनभित्र लेखी पठान प्रमुख न्याय परिषद् सचिवालय र प्रमुख अ.दु.अ.आ का नाममा आदेश जारी ।

क्रम संख्या : **७ उजुरी**

मिति : २०६६ भदौ ९

पक्ष : शिक्षिका **पुष्पा कार्की**, कैलाली

विपक्ष : जिल्ला शिक्षा कार्यालय, कैलाली र सरस्वती नि.मा. विद्यालय, धनगढी

विषय : विद्यालयमा दलितमाथि भेदभाव तथा अनियमितता भएको कुरा संचारमाध्यमलाई दिएको आरोपमा शिक्षा कार्यालय र विद्यालयले उनलाई विभिन्न विद्यालयमा सरुवा गर्ने, विद्यालयले हाजिर गराउन इन्कार गर्ने गरेको । जेठ २१ गतेदेखि हाजिर पनि नगराएको हुँदा शंखघोषकको संरक्षणको दफा २९ अनुसार हाजिर गराउन र तलब खुवाउन आदेश जारी गर्न माग ।

**कारवाही/निर्णय**

- २०६६ भदौ १० मा विद्यालयको अनिमितता संचार माध्यमलाई दिएको कारणले नै सरुवा र हाजिरी नगराउनेजस्ता कारवाही भएको हो कि होइन भन्ने विषयमा पुष्पा कार्की र कानुन व्यवसायी मीना खड्कासँग छलफल भयो ।

- २०६६ भदौ ११ मा आयोगले 'निजलाई हाजिर गर्न नदिएको र अन्यत्र सरुवा गर्नु पर्ने कारण के पऱ्यो ? साथै निजलाई तलब भत्ता किन उपलब्ध नगराइएको हो ? सो सम्पूर्ण कुराको लिखित जवाफ यो पत्र प्राप्त भएको सात दिनभित्र पठाउनु होला । साथै निजलाई यस निवेदनको अन्तिम टुंगो नलागेसम्मको लागि हाजिर गराउन र तलब भत्ता उपलब्ध गराउन आदेश दिने' निर्णय गऱ्यो । सोअनुसार जिल्ला शिक्षा कार्यालयलाई पत्र र पुनरावेदकलाई जानकारी दिइयो ।

- २०६६।०७।२४ मा ताकेता पत्र पठाइयो ।

- २०६६।०८।०२ मा 'निज शिक्षिकालाई उहाँको हाजिर गराउने र तलब ख्वाउने सवालमा पदाधिकार रहेको विद्यालयबाट नियमअनुसार उपलब्ध गराउने कुरामा कार्यालयले आवश्यक पहल निरन्तर रूपमा गरी नै रहेको' भन्ने जिल्ला शिक्षा कार्यालय, कैलालीको लिखित जवाफ प्राप्त ।

- २०६६।०८।०४ मा विद्यालयसँग सरोकारवालाहरूले ०६६।०४।११ मा शिक्षा कार्यालयलाई दिएको ज्ञापनपत्र, मंसिर २ को रतनबहादुर बमको स्थलगत प्रतिवेदन, शिक्षकको हकहितका लागि संगठित पेशागत संघसंगठन आदि जस्ता सम्बन्धित समूहहरूको सिफारिस पत्रको नक्कल आयोगले जिशिका कैलालीसँग माग गरी पठाएको ।

- २०६६।०८।२४ मा माग गरिएका कागत पत्रको प्रतिलिपिहरू प्राप्त ।

- २०६६।१०।२४ मा पुष्पा कार्कीले आवश्यक कागतपत्र झिकाई स्पष्टीकरणसहित कारवाही प्रक्रिया अगाडि बढाइदिन पुनः निवेदन दिएको ।

- २०६६।११।१० मा आयोगको २०६६।०५।११ को निर्णयवमोजिमको आदेश हालसम्म किन कार्यान्वयन नगरेको र सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ वमोजिम कारवाही किन गर्न नपर्ने हो सोको कारण खुलाई सात दिनभित्र आयोगमा लेखी पठाउन जिल्ला शिक्षा अधिकारीलाई आदेश ।

- २०६७।०१।३० मा आयोगको आदेश पालना नगर्ने जि.शि.अ. कोषराज पनेरुलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (५) वमोजिम रु. ५०००। (पाँच हजार रूपैंयाँ) जरिवाना गरी आयोगको पूर्व आदेश कार्यान्वयन गराउनू भन्ने आदेश दिने निर्णय ।

- २०६७।०४।०६ मा आयोगबाट २०६६।०५।११, २०६६।११।०९, २०६७।०१।३० मा भएका आदेश तथा निर्णयको कार्यान्वयन प्रगतिसम्बन्धमा जानकारी प्राप्त हुन नआएकोले सो बारेमा अविलम्ब आयोगलाई जानकारी उपलब्ध गराउन पत्राचार ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ८ **निवेदन**

मिति : २०६६ भदौ ९

पक्ष : **भ्वाइलेन्टिका घिमिरे,** अध्यक्ष विश्वविद्यालयको विद्यार्थी संसद्, धोवीघाट, ललितपुर ।

विपक्ष : सीएससी एण्ड कम्पनी, अडिटर,

विषय : क्यानेडियन प्रोजेक्टबाट अडिटरसम्बन्धी टीओआर माग ।

**कारवाही/निर्णय**

- २०६६ भदौ १० मा यस मुद्दामा सूचना मागकर्तालाई मागेको सूचना दिन मिल्ने भए दिनु नमिल्ने भए तीनदिनभित्र कारण लेखी पठाउनु भनी पत्र पठाइयो ।
- २०६६ भदौ १४ सीएससी एण्ड कम्पनीबाट सीआईडीए (क्यानेडियन अन्तरराष्ट्रिय सहयोग संस्था) को सहमति विना सम्झौता पत्र दिन नसकिने पत्र प्राप्त । सीआईडीए विदेशी/अन्तरराष्ट्रिय निकाय भएको हुँदा आयोगको कार्यक्षेत्रभित्र नपर्ने ।

क्रम संख्या : ९ **निवेदन**

मिति : २०६६ भदौ ५

पक्ष : **गोपाल दास,** सिद्धार्थ प्रा.वि.लाहान, सिरहा

विपक्ष : जिल्ला शिक्षा कार्यालय सिरहा

विषय : विद्यालयको आयव्यय तथा नयाँ प्र.अ. नियुक्तिसम्बन्धी कागतपत्र, पूर्वांचल क्षे.शि.नि.बाट निवेदकलाई गरेको कारवाहीको पत्रको प्रतिलिपि माग ।

निवेदकको भनाइ : निवेदकले २०४५ जेठ २५ देखि श्री सिद्धार्थ प्रा.वि. लहान ८ मा प्र.अ.को पदमा काम गर्दै आएकोमा जि.शि.का. सिरहाले २०६३ असार १३ गतेदेखि प्र.अ.को पदबाट हटाएको र छानबिनको अन्तरिम व्यवस्था राखी त्यससम्बन्धमा गरेका कार्य र निर्णयहरूको जनकारी नदिएको ।

**कारवाही/निर्णय**

- २०६६ भदौ १४ मा पुनः सोही व्यहोराको निवेदन प्राप्त ।
- २०६६ भदौ १५ मा निवेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना माग गर्ने सबै प्रक्रिया पूरा गरेको देखिएन । सोझै आयोगमा आएको देखियो । यसैले सूचना माग्नका लागि ऐनमा व्यवस्था भएअनुसार गर्ने र प्रमुखबाट पनि नपाएपछि आयोगमा पुनरावेदन गर्न जानकारी दिँदै पत्र पठाउने निर्णय ।

क्रम संख्या : १० **निवेदन**

मिति : २०६६।०६।०७

पक्ष : **भीमप्रसाद पुन,** पाखापानी, ८, म्याग्दी ।

विपक्ष : पाखापानी इलाका हुलाक कार्यालय, म्याग्दी

विषय : अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष पठाएको उजुरी उपर म्याग्दी जिल्ला हुलाक कार्यालयद्वारा जवाफका लागि इलाका हुलाक कार्यालयमा पठाएको पत्र र सो पत्रसँग संलग्न रहेका अ.दु.अ.आ. र हुलाक सेवा विभाग काठमाडौंको पत्रको प्रतिलिपि माग ।

**कारवाही/निर्णय**

- २०६६।०७।२४ मा निवेदकले माग गरको सूचना दिन मिल्ने हो कि होइन, दिन मिल्ने हो भने किन उपलब्ध नगराइएको, दिन मिल्ने होइन भने के कति कारणले नमिल्ने हो त्यससम्बन्धमा हाल के भइरहेको छ सोको लिखित जवाफ पत्रप्राप्त भएको सात दिनभित्र पठाउन भनी पाखापानी इलाका हुलाक कार्यालयलाई पत्राचार ।
- २०६६।०८।१८ मा जि.हु.काबाट लिखित जवाफ आएपछि मात्रै निजको निवेदनको सम्बन्धमा कारवाही गर्न मिल्ने भनी पाखापनी हुलाक कार्यालयको पत्र प्राप्त ।
- २०६७।०१।०८ मा ऐनवमोजिम किन कारवाही गर्न नपर्ने हो सोको कारण खुलाई सात दिनभित्र लिखित जवाफ पठाउन आदेश ।
- २०६७।०३।३२ मा निवेदकले २०६६।०७।०८ र मिति २०६६।०५।२९ मा माग गरेका सूचनाहरू उपलब्ध गराउनु भनी पाखापानी इलाका हुलाक कार्यालयका नाममा आदेश जारी ।

क्रम संख्या: ११ **पुनरावेदन**

मिति : २०६६।०६।२१

पक्ष : **मीना खडका**, अधिवक्ता,

विपक्ष : ऐनको दफा २७ अनुसार बनेको सूचनाको वर्गीकरण समिति,

विषय : वर्गीकरण खारेज गर्ने माग ।

**कारवाही/निर्णय**

- २०६६ मंसिर २० मा वर्गीकरणका कतिपय कुरा ऐनसँग नमिल्ने देखिएको हुँदा यससम्बन्धमा वर्गीकरण समितिका अध्यक्ष मुख्यसचिवसँग भेटी आयोगको धारणा अवगत गराएको र आयोगले २०६६ मंसिर २० गते वर्गीकरण पुनःविचार गर्न पत्र पठाइएको ।
- २०६७।०१।०७ मा कुन सूचना वर्गीकरणमा नपर्नु पर्ने हो सो किटान गरी निवेदन पर्न आएका बखत आयोगले पुनर्विचार गरी निर्णय गर्न सक्ने भएकोले हाल निवेदिकाको माग दावी वमोजिम कुनै आदेश जारी गर्न नपर्ने आयोगको निर्णय ।

क्रम संख्या : **१२ पुनरावेदन**

मिति : २०६६।०७।०८

पक्ष : **शंकरदेव क्याम्पसका विद्यार्थीहरू ।**

सोम ढकाल, बीबीएस प्रथम वर्षको अंग्रेजी विषयको परीक्षाको उत्तर पुस्तिका ।

सन्तोष न्यौपाने, बीबीएस प्रथम वर्षको अंग्रेजी, बिजनेस स्टाट र कस्ट म्यानेजमेन्ट विषयको परीक्षाको उत्तरपुस्तिका ।

शंकर पौडेल, बीबीएस प्रथम वर्षको अंग्रेजी विषयको परीक्षाको उत्तर पुस्तिका ।

केशवराज रेग्मी, बीबीएस प्रथम वर्षको कस्ट म्यानेजमेन्ट, एकाउन्ट विषयको परीक्षाको उत्तरपुस्तिका ।

विपक्ष : परीक्षा नियन्त्रक, प.नि.का. त्रि.वि.वि.

विषय : १) उत्तरपुस्तिकाको प्रतिलिपि माग । २) उत्तरपुस्तिका नष्ट गर्नबाट रोक लगाउन आदेश माग ।

**कारवाही/निर्णय**

- २०६६।०७।१७ मा उत्तरपुस्तिका सुरक्षित राख्न र उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध नगराएको सम्बन्धमा आयोगको पत्र बुझेको सात दिनभित्र लिखित जवाफसहित उपस्थित हुन परीक्षा नियन्त्रकलाई आदेश ।
- २०६६।०७।२५ मा परीक्षा नियन्त्रक आयोगमा उपस्थित भई लिखित जवाफ पेश गरको ।
- २०६६।०८।१६ मा परीक्षकको नामनामेसी नखुल्ने गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनू भनी आयोगको निर्णय ।
- २०६६।०९।२१ मा आयोगको आदेशअनुसार उत्तरपुस्तिको प्रतिलिपि उपलब्ध नगराएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४को दफा ३२ को उपदफा १, २ र ५ वमोजिम सजाय र दफा ३३ वमोजिम क्षतिपूर्ति माग गरी निवेदकहरूबाट आयोगमा निवेदन दर्ता भएको ।
- २०६६।०९।३० मा क्षतिपूर्तिका आधार र कारण माग गरी आयोगबाट निवेदकहरूलाई सात दिनभित्र लेखी पठाउन पत्राचार ।
- २०६६।१०।२० मा क्षतिपूर्तिको आधार र कारण सहित निवेदन प्राप्त ।
- २०६६।११।०४ मा निवेदकले क्षतिपूर्ति र साजय माग गरेकोले पत्र प्राप्त भएको सात दिनभित्र आफ्नो सम्पूर्ण व्यहोरा खोली आयोग समक्ष आफै उपस्थित भई वा लिखित जवाफ पेश गर्ने आदेश जारी गर्ने आयोगको निर्णय ।
- २०६६।११।१८ त्रिविवि पनिकाबाट उत्तरपुस्तिकाको प्रतिलिपि दिन नसकिने र निवेदन खारेज गरी पाउँ भनी लिखित जवाफ प्राप्त ।

मिति २०६६।११।२८ मा आयोगको निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । निर्णय हुन बाँकी ।

क्रम संख्या : १३ **निवेदन**

मिति : २०६६ कार्तिक १०

पक्ष : **गणेशबहादुर थापा**, लेखनाथ नगरपालिका वडा नं. १३, कास्की

विपक्ष : विश्वविद्यालयहरू

विषय : शैक्षिक संस्थाको सम्बन्धन सार्वजनिक गराउने

**कारवाही/निर्णय**

- २०६६।१०।२१ मा सम्बन्धन प्राप्त संस्थाहरूको नाम ठेगाना, परिचय तथा सम्बन्धन दिँदा उक्त संस्थाले पूरा गर्नुपर्ने भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरका बारेमा नियमित रूपमा सार्वजनिक संचारका माध्यमबाट जानकारी दिने व्यवस्था गर्न विश्वविद्यालय तथा उच्च शिक्षा परिषदको नाममा आदेश जारी गर्ने निर्णय ।
- २०६६।१०।२५ मा पूर्वांचल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, काठमाडौं विवि, त्रिभुवन विवि, उच्चमाध्यमिक शिक्षा परिषद, नेपाल संस्कृत विवि, पोखरा विविलाई सम्वन्धन प्राप्त क्याम्पस तथा कलेजहरूको नाम ठेगाना, परिचय तथा सम्बन्धन दिँदा उक्त संस्थाले पूरा गर्नु पर्ने भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरका बारेमा नियमित रूपमा सार्वजनिक संचार माध्यमबाट जानकारी दिने व्यवस्था गर्न पत्र पठाइयो ।

क्रम संख्या : १४ **निवेदन**

मिति : २०६६ मंसिर ३ गते ।

पक्ष : **अमरनाथ मिश्र**, हनुमाननगर -१ सप्तरी

विपक्ष : श्री लिज्जा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालय, हनुमाननगर -९ का प्रधानाध्यापक श्री रामनन्दन तिवारी

विषय : लिखित परीक्षा कार्यक्रम स्थगित/रद्द गरिएको सूचना माग ।

**कारवाही/निर्णय**

माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ अन्तर्गत निजले प्राप्त गर्नसक्ने प्रकृतिको देखिएको हुँदा उक्त सूचना निवेदकलाई यो आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र उपलब्ध गराउनु भनी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (घ) अन्तर्गत श्री लिज्जा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालय हनुमाननगर -९ सप्तरीको प्रध्यानाध्यापकको नाउँमा यो आदेश जारी ।

क्रम संख्या : १५ **निवेदन**

मिति : २०६६ मंसिर ११

पक्ष : **प्रभातकुमार गुप्ता**, पर्सा जिल्ला, वीरगंज १३ आदर्शनगर ।

विपक्ष : कारागार व्यवस्थापन विभागका महानिर्देशक र सूचना अधिकारी ।

विषय : माग गरेको सूचना : २०६५ देखि हालसम्म जबर्जस्ती करणी गरी ज्यान मारेको मुद्दाका कैदीहरूलाई बाँकी कैद माफ मिनाहा दिई छाडिएको भए त्यसको विवरण ।

**कारवाही/निर्णय**

- २०६६ मंसिर २१ मा कारागार व्यवस्थापन विभागका महानिर्देशक र सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनु, गराउन नमिल्ने भए पत्र प्राप्त भएको सात दिनभित्र लिखित जवाफ पठाउन पत्राचार ।
- २०६६ माघ २४ मा कुनै जवाफ नआएकोले सात दिनभित्र उपस्थित हुन पत्र पठाइयो ।
- २०६६ फागुन १२ मा कारागार व्यवस्थापन विभागले कारागार कार्यालयलाई यसबारे सोधी पठाएको पत्रको बोधार्थ आयोगलाई प्राप्त ।
- २०६६ चैत १२ मा कारागार नियमावली २०२० को दफा २९ को नियम (१क) वमोजिम उक्त प्रकृतिको मुद्दाका कैदीहरूलाई माफी मिनाहाको सिफारिस गर्न नमिल्ने भनी कारागार व्यवस्थापन विभागबाट पत्र प्राप्त ।

क्रम संख्या : १६ **निवेदन**

मिति : २०६६ मंसिर

पक्ष : **विष्णुदेव राम**, विष्णुकान्त यादव, ज्ञानेन्द्र प्र. यादव, परमेश्वर यादव

विपक्ष : जनता मा.वि. खुरहुरियाका प्र.अ. असर्फीलाल यादव र व्यवस्थापन समितिका अध्यक्ष ओमप्रकाश यादव ।

विषय : जनता मा.वि. खुरहुरिया सामुदायिक विद्यालयको लेखा परीक्षण एवं शिक्षकको नयाँ नियुक्तिमा अनियमितता भएको सम्बन्धमा छानबिन गर्न माग ।

**कारवाही/निर्णय**

- २०६६ पुस २ मा विद्यालयको लेखा परीक्षण भए/नभएको, विद्यालयमा पत्राचार भए/नभएको एवं शिक्षक नियुक्तिको विषयमा हेर्न/छानवीन गर्न यस आयोगलाई प्रचलित कानुनले अधिकार प्रदान नगरेकोले उक्त निवेदन सम्बन्धमा यहाँबाट केही कारवाही गर्न नमिल्ने निर्णय ।

क्रम संख्या : १७ **निवेदन**

मिति : २०६६।०८।०७

पक्ष : **सुनिताकुमारी झा**, राजविराज ६, सप्तरी ।

विपक्ष : लिज्जा ठाकुर रा. प्रा. वि. हनुमान नगर ९, सप्तरीको शिक्षक छनौट समिति, जिल्ला शिक्षा कार्यालय, सप्तरी

विषय : माग गरिएको सूचना : शिक्षक छनौटको लागि उपलब्ध गरएको आवेदन फार्म, प्रवेशपत्र अशुद्ध, अपूर्ण भएको हुँदा लोक सेवा आयोग, शिक्षक सेवा आयोगले निर्धारण गरेको

फर्म्याट मुताबिक सबै व्यहोरा समेटिएको आवेदन फर्म र प्रवेशपत्र समयमै उपलब्ध गराई पाउन ।

**कारवाही/निर्णय**

- २०६६।०८।१९ मा निवेदकको निवेदनउपर के कस्तो कारवाही भएको छ भन्ने जानकारी उपलब्ध गराउन जिल्ला शिक्षा कार्यालय सप्तरीलाई आदेश ।
- २०६६।१०।२४ मा ताकेता पत्र पठाइयो ।
- २०६६।१२।३१ मा जि.शि.का. सप्तरीको सम्बन्धित विद्यालयसँग पत्राचार भइरहेको र उक्त मुद्दा पुनरावेदन अदालत राजविराजमा विचाराधीन रहेको जानकारी प्राप्त ।
- २०६७ असार ३२ मा निवेदिकाले मिति २०६६।०६।०१ र मिति २०६६।०६।०६ मा निवेदन दिई माग गरेका सूचनाहरू उपलब्ध गराउनू भनी जिल्ला शिक्षा अधिकारी, सप्तरीका नाममा आदेश जारी ।

क्रम संख्या : १८ **निवेदन**
मिति : २०६६।०८।०७
पक्ष : **बसन्तकुमार राय**, बरही बीरपुर ८, सप्तरी
विपक्ष : जनता प्रा.वि., बरही बीरपुर ७, सप्तरी र प्रधान अध्यापक अनन्तप्रसाद मण्डल
विषय : शिक्षक नियुक्तिसम्बन्धी सम्पूर्ण कागजातको प्रतिलिपि नदिएको ।

**मितिकारवाही/निर्णय**

- २०६६।०८।१० मा शिक्षक नियुक्तिसम्बन्धी कागजातको नक्कल दिनुहुन र दिन नमिल्ने भए पत्र प्राप्त भएको सात दिनभित्र लिखित जवाफ पठाउन आयोगबाट पत्र पठाइयो ।
- २०६६।१०।२१ मा आयोगले ताकेताको लागि आदेश ।
- २०६६।१०।५ मा कसैले सूचना माग नगरेको र व्यवस्थापन समितिले निर्णय गरेर मात्रै सूचना दिने भनी विद्यालय व्यवस्थापन समितिले निर्णय गरेको जानकारीसहित विद्यालयको पत्र प्राप्त भयो ।
- २०६७।०३।३२ मा पुनरावेदकले माग गरेका सूचना उपलब्ध गराउन जनता प्रा.वि. बरही ७ सप्तरीका प्रधान अध्यापक अनन्तप्रसाद मण्डलका नाममा लेखी पठाने निर्णय भयो ।

क्रम संख्या : १९ **निवेदन**

मिति : २०६६।०९।१३

पक्ष : **यामेन्द्र ओली**, जुगार ७, रोल्पा ।

विपक्ष : इलाम एफएम लगायत चौध एफएम स्टेसनहरू

विषय : प्रतियोगितामा पठाएको कथाको मूल्यांकनको प्राप्त अंक र मूल्यांकन प्रक्रियाको जानकारी माग गरेको ।

**कारवाही/निर्णय**

- २०६६।१०।१७ मा सूचना उपलब्ध गराई आयोगलाई जानकारी गराउन र सूचना उपलब्ध गराउन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले सात दिनभित्र आयोगमा पठाउन भनी सबै एफएम स्टेसनलाई पत्राचार ।
- २०६७०१।२७ मा प्रतियोगिता आयोजक रेडियो अडियो, काठमाडौंलाई माग गरिएको सूचना उपलब्ध गराउन र उपलब्ध गराउन नसक्ने भए पत्र प्राप्त भएको सात दिनभित्र लिखित जवाफ दिनू भने आदेश ।
- २०६७०२।२३ मा निवेदकको मागवमोजिम सूचनाहरू उपलब्ध गराउनु पर्ने ठहरसहित उपलब्ध गराउन रेडियो अडियोलाई आदेश दिने निर्णय ।
- २०६७०४।१० मा माग गरेवमोजिमका सूचनाहरू रेडियो अडियोबाट आयोगमा प्राप्त भयो । मागकर्ताले ती सूचना लिएर जानुभयो ।

क्रम संख्या : २० **निवेदन**

मिति : २०६६।०९।०९

पक्ष : **सुन्दरकुमार घिमिरे**, नेपाल टेलिकम ।

विपक्ष : नेपाल टेलिकम

विषय : कार्यसम्पादन मूल्यांकनको नम्बरको जानकारी माग ।

**कारवाही/निर्णय**

- २०६६।०९।२८ मा निवेदकले माग गरेको सूचना उपलब्ध गराउनु हुन र उपलब्ध गराउन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले सात दिनभित्र आयोगमा पेश गर्न पत्र पठाइयो ।
- २०६६।१०।१३ मा कार्यसम्पादन मूल्यांकनको नम्बर दिन नसिकिने व्यहोराको लिखित जवाफ प्राप्त ।
- २०६६।११।०५ मा सात दिनभित्र आयोगमा उपस्थित हुन नेपाल टेलिकमका प्रवन्ध निर्देशकलाई पत्राचार ।
- २०६६ चैत २७ मा प्रवन्ध निर्देशक उपस्थित भई नम्बर दिन नमिल्ने व्यहोरा जानकारी गराएको ।

मिति २०६६।१२।२७ मा मागेको सूचना दिनु पर्ने ठहर गरी निर्णय ।

टिप्पणी : आयोगको निर्णयको विरुद्ध नेपाल दूरसंचार कम्पनीले सर्वोच्च अदालतमा रिट निवेदन दिएको छ । रिट नं. ४२४/०६६ -WO- १०७०

क्रम संख्या : २१ **पुनरावेदन**

मिति : २०६६।१०।२५

पक्ष : **चित्रदेव जोशी**, पूर्व जिल्ला न्यायाधीश, काठमाडौं जिल्ला, कामनपा वडा नं. ३२ न्युप्लाजा पुतली सडक ।

विपक्ष : न्यायपरिषद प्रमुख, न्यायपरिषदका सूचना अधिकारी ।

विषय : निम्नलिखित विषयका सूचना माग गरिएको :

१) न्यायपरिषद ऐन २०४९ को दफा ५ (१) अनुसार पुनरावेदन अदालत पोखराका तत्कालीन मुख्य न्यायाधीशले न्यायपरिषदमा पेश गरेको अशिष्ट मन्तव्य व्यक्त गरेको भन्ने सम्बन्धको प्रारम्भिक जाँचबुझ प्रतिवेदन र संलग्न अन्य कागजात हरू ।

२) जाँचबुझ समितिले बयान गराउँदा देखाएको रक्षा मन्त्रालयले गृह मन्त्रालय हुँदै न्यायपरिषदमा पठाएको पत्रको प्रतिलिपि ।

३) २०६१ पौष २७ गते को कार्यक्रममा दिएको मन्तव्यसहितको श्रव्यदृश्य क्यासेटको डिजिटल कपी ।

४) न्यायपरिषदबाट मबाट भयो भनिएको अशिष्ट मन्तव्यका सम्बन्धमा जाँचबुझ गर्न समिति गठन गरिएको निर्णयको प्रतिलिपि ।

५) अशिष्ट मन्तव्यका सम्बन्धमा जाँचबुझ समितिले जाँचबुझ गरी न्यायपरिषदमा बुझाएको प्रतिवेदनको प्रतिलिपि ।

६) न्यायपरिषदले गठन गरेको जाँचबुझ समितिसमक्ष मैले दिएको लिखित बयानको प्रतिलिपि ।

७) न्यायपरिषदले मेरो बर्खास्तको लागि निर्णय गरी तत्कालीन श्री ५ समक्ष गरेको सिफारिस र श्री ५ बाट स्वीकृत भई आएको लिखतको प्रतिलिपि ।

**कारवाही/निर्णय**

- २०६६।११।१७ मा मागिएको सूचना दिन मिल्ने हो कि होइन, दिन मिल्ने हो भने सूचना उपलब्ध गराई सोको सूचना यस आयोगलाई दिनुहुन र नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिबाट सात दिन भित्र आयोगमा पठाउन न्यायपरिषद सचिवालय प्रमुखको नाममा आदेश जारी ।

- २०६६।११।२१ मा न्याय परिषद सचिवालयबाट सूचना उपलब्ध गर्न नसकिने व्यहोराको लिखित जवाफ प्राप्त आयोगमा प्राप्त ।

- २०६६।१२।०३ मा न्यायपरिषदका सचिव वा प्रतिनिधिलाई २०६६।१२।६ शुक्रबार आयोगमा उपस्थित गराउन पत्र पठाइयो ।

- २०६७।०१।०२ मा पत्र प्राप्त भएको सात दिनभित्र उल्लिखित सूचनासहित सात दिनभित्र आयोगमा उपस्थित हुन न्याय सेवा परिषद सचिवालयका सचिवलाई अर्को आदेश र पत्राचार ।

- २०६७।०१।०८ मा माग वमोजिमको सूचना उपलब्ध गराउन कानुन वमोजिम न्यायपरिषदलाई कर नलाग्ने भएकोले सूचना उपलब्ध गराउन नसकिएको व्यहोराको पत्र पठाएको उल्लेख गर्दै "२०६७।०१।०२ को पत्रबाट माग गरिएका कागजातका सम्बन्धमा चित्रदेव जोशीको विरुद्ध न्यायपरिषद सचिवालयसमेत भएको रिट निवेदन सर्वोच्च अदालतमा विचाराधीन रही पेशीका दिन इजालाससमक्ष ती कागजातका फाइलहरू देखाउन लैजानु पर्ने समेतको कारण तथा उक्त पत्र न्यायपरिषदको बैठकमा पेश नगरी सचिव स्तरबाट निर्णय गर्न नसकिने भएकोले कागतपत्र पठाउन नसकिने ।" भन्ने न्याय परिषद सचिवालयबाट जानकारी प्राप्त ।

- २०६७।०२।०५ मा आयोगबाट निवेदकले मागेको सूचना १५ दिनभित्र उपलब्ध गराउन न्यायपरिषद सचिवालयका प्रमुख र सूचना अधिकारीलाई लेखिपठाउने निर्णय ।

- २०६७।०३।१५ मा न्यायपरिषद सचिवालयबाट निम्नलिखित सूचना निवेदकलाई उपलब्ध गराउन भनी आयोगमा पठाइएको ।

  १) जिल्ला प्रशासन कार्यालय स्याङजाका प्रमुख जिल्ला अधिकारीले गृह मन्त्रालयमा मिति २०६१।०९।२८ मा सीडीमा भएको व्याहोरा उल्लेख गरी पेश गरेको जाहेरी ।

  २) गृह मन्त्रालयले न्याय परिषद्लाई लेखेको मिति २०६१।१०।०५ को पत्र ।

  ३) चित्रदेव जोशीले गरेको वयान र निजले पेश गरेको स्पष्टीकरण ।

  ४) पदमुक्त गर्ने निर्णय ।

  यी सूचनाहरू निवेदकले आयोगमा आएर पढी जानकारी लिनुभयो ।

क्रम संख्या : २२ **निवेदन**

मिति : २०६६।११।२०

पक्ष : **पहलबहादुर क्षेत्री**, अध्यक्ष राप्रपा नेपाल, जिल्ला कार्य समिति स्याग्दी ।

विपक्ष : जिल्ला विकास समिति, म्याग्दी ।

विषय : २०६६।०९।१८ गते बसेको सर्वदलीय बैठकमा बोलाएर पनि जिल्लामा राप्रपा नेपाल अस्तित्वमा नरहेको भनी गलत सूचना दिई बैठकमा उपस्थित नगराएको हुँदा गलत सूचना सच्याई पाउँ र सर्वदलीय बैठक संयन्त्रमा सहभागी गराउन पुनः सूचित गर्ने व्यवस्था गर्न माग ।

हुलाकबाट प्राप्त यो उजुरीको विषय सूचनाको हकसम्बन्धी ऐन अन्तर्गत सूचना मागको नभएकोले थाती राखियो ।

क्रम संख्या : २३ **पुनरावेदन**

मिति : २०६६।११।२३

पक्ष : **रामजी दाहाल**, हिमाल खबर पत्रिका, ललितपुर ।

विपक्ष : गृह मन्त्रालय

विषय : मागिएको सूचना : कैलालीका पत्रकार जेपी जोशीको हत्यासम्बन्धमा गठित जाँचबुझ आयोगको प्रतिवेदन र खर्चको विवरण । बिल भर्पाइको प्रतिलिपि मागेकोमा आंशिक सूचना मात्र पाएको हुँदा पूर्ण सूचना माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।०५ मा निवेदकले मागेको सबै सूचना उपलब्ध गराउनू, गराउन नमिल्ने हो भने के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको सात दिनभित्र आयोगलाई लेखी पठाउन गृह मन्त्रालयका नाममा आदेश जारी ।
- २०६६।१२।१३ मा प्रतिवेदन गृहमन्त्रालयमा नरहेको र खर्चको जानकारी निवेदक रामजी दाहाललाई जानकारी उपलब्ध गराइएको र लेखापरीक्षण कार्य नभएकोले बिलसहितको विवरण उपलब्ध गराउन नसकिने भनी गृह मन्त्रालयको लिखित जवाफ प्राप्त ।
- २०६७।०२।०३ मा जाँच बुझ आयोगको प्रतिवेदन गृह मन्त्रालयमा नरहेकोले सोबाहेक खर्चको फाँटवारीको सम्पूर्ण विवरणको बिल भर्पाइहरू निवेदकलाई उपलब्ध गराउनू भनी गृह मन्त्रालयलका सचिव र सूचना अधिकारीका नाममा आदेश जारी गर्ने निर्णय । २०६७।०२।२१ मा निवेदनमा मागेका सबै कागत पत्र प्राप्त भएको निवेदक रामजी दहालबाट जानकारी प्राप्त ।

क्रम संख्या : २४ **पुनरावेदन**

मिति : २०६६।११।२३

पक्ष : **होमराज पन्त**, गोरखा जिल्ला घर भई हाल जिल्ला काठमाडौं, कामनपा वडा नं ११

विपक्ष : कार्यकारी अधिकृत जनार्दन आचार्य, विभागीय प्रवन्धक माधवराज पन्त र सूचना अधिकारी राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय, सिंहदरबार प्लाजा ।

विषय : वचतखाताको हकदावीसम्बन्धी दिएको मिति २०६६।०३।२५, दर्ता नं. १०५७ निवेदन माथि भएको कारवाहीको जानकारी माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।०९ मा निवेदनमाथि के कारवाही भइरहेको छ, मागवमोजिमको सूचना निवेदकलाई उपलब्ध गराई सोको जानकारी आयोगलाई दिनु भन्ने आदेश जारी ।
- २०६६।१२।२५ मा निवेदकलाई २०६६।११।१६ मा पत्रबाट हकदावी पुग्न नसक्ने जानकारी गराएको भनी राष्ट्रिय वाणिज्य बैंकबाट पत्र प्राप्त ।
- २०६७।०३।३२ मा पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउनु भनी राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौँका प्रमुख कार्यकारी अधिकृतका नाममा आदेश जारी गर्ने निर्णय ।

क्रम संख्या : २५ **निवेदन**

मिति : २०६६।१२।१

पक्ष : **माया क्षेत्री**, काठमाडौँ ।

विपक्ष : वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुर

विषय : माग गरिएका सूचना : १) २०६६, ६७ मा संचालित कार्यक्रमको टीओआर । २) जैविक इन्धन प्रशोधन प्लान्टको विकास गर्ने । ३) सजिवन खेतीसम्बन्धी स्थानीय स्तरमा तालिम संचालन गर्ने । ४) सजिवन खेतीको लागि आधुनिक नर्सरी स्थपना गर्ने । ५) जैविक इन्धनसम्बन्धी प्रचार प्रसार र सूचनामूलक सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्ने । ६) जैविक इन्धन उत्पादनको लागि तेल पेल्ने मेसिन स्थापना गर्ने । ७) सजिवन उन्नत जातको जर्मप्लज्म बगैंचा स्थापना गर्ने । ८) सजिवनको जेनेटिक स्रोतको अध्ययन तथा जैविक र रासायनिक गुणको अध्ययन गर्ने ।

**कारवाही/निर्णय**

- २०६६।१२।२४ मा सूचना उपलब्ध गराउनू तथा गराउन नमिल्ने भए के कति कारणले नमिल्नेको सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले सात दिनभित्र पठाउनू भनी आदेश जारी ।
- २०६६।१२।३१ मा सोसम्बन्धी सूचना मिति २०६६।११।१९ मा माया क्षेत्रीलाई उपलब्ध गराइसकेको भनी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट लिखित जवाफ प्राप्त ।
- २०६७।०२।०९ मा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले पठाएको जवाफ चित्तबुझ्दो नभएको भनी निवेदकले कागजात माग गरी पुनः निवेदन गरेको ।
- २०६७।०३।११ मा आयोगको निर्णय : निवेदकको मागलाई सम्बोधन हुने गरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको मिति २०६६।११।१९ को पत्र नभएको देखिदा निवेदकले माग गरेका कागजात, २०६६।०६७ मा संचालित कार्यक्रमको ToR १) जैविक ईन्धन प्रशोधन प्लान्टको विकास गर्ने ।

२) सजिवन खेती सम्बन्धी स्थानिय स्तरमा तालिम संचालन गर्ने । ३) सजिवन खेतीको लागि आधुनिक नर्सरी स्थापना गर्ने । ४) जैविक ईन्धन सम्बन्धी प्रचार प्रसार र सूचना मूलक सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्ने । ५) जैविक ईन्धन उत्पादनको लागि तेल पेल्ने मेसिन स्थापना गर्ने । ६) सजिवन उन्नत जातको जर्मप्लाज्म बगैचा स्थापना गर्ने । ७) सजिवनको जेनेटिक स्रोतको अध्ययन तथा जैविक र रासायनिक गुणको अध्ययन गर्नेजस्ता विषयको जानकारी उपलब्ध गराउन बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरका प्रमुखलाई लेखी पठाई निवेदकलाई समेत सो कुराको जानकारी गराउने निर्णय ।

क्रम संख्या : २६ **निवेदन** (विगतको पुनरावेदनको निर्णयसँग सम्बन्धित)

मिति : २०६६ चैत ३

पक्ष : **दुर्गाप्रसाद पन्थी**, जिल्ला कृषि विकास कार्यालय, कंचनपुर

विपक्ष : कृषि तथा सहकारी मन्त्रालय

विषय : रा सू आ.को फैसलाअनुसार सूचना नपाएको हुँदा मूल्यांकनसम्बन्धी सूचना पुनः माग गरेको ।

**कारवाही/निर्णय**

- २०६६।१२।१८ मा आयोगको मिति २०६६।०४।१९ को निर्णयअनुसार किन सूचना उपलब्ध नगराएको हो र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही किन गर्न नपर्ने हो ? सात दिनभित्र आफ्नो सम्पूर्ण कुरा लेखी पठाउन निर्णय भई २०६६।१२।२२ मा पत्र पठाइएको ।

- २०६७।०२।२४ मा तत्कालीन कृषि तथा सहकारी मन्त्रालयका कार्यालय प्रमुख सचिव डा. बज्रकिशोर प्रसाद शाहलाई सूचना उपलब्ध नगराएकोमा किन कारवाही गर्न नपर्ने हो भनी जवाफ लेखी पठाउन आदेश जारी गरी २०६७।०२।२५ मा पत्र पठाइयो ।

  आदेशको व्यहोरा : कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका दुर्गाप्रसाद पन्थीको सम्बन्धमा मिति २०६६।०४।१९ मा यस आयोगबाट पुनरावेदक दुर्गाप्रसाद पन्थीले माग गरेको सूचना दिन मिल्ने भनी निर्णय भई उक्त निर्णय कार्यान्वयनको लागि मिति २०६६।०४।२६ मा पत्राचार गरेकोमा त्यस मन्त्रालयको तर्फबाट तपाईं सचिव डा. बज्रकिशोर प्रसाद शाहले मिति २०६६।०४।३२ मा यस आयोगमा दिएको "निर्णयमा पुनः विचार गरिदिने बारे" भन्ने पत्रको सम्बन्धमा आयोगले पुनर्विचार गर्न सक्ने प्रावधान नरहेको र आयोगको निर्णय कार्यन्वयन गर्नु भनी लेखी पठाउँदा हालसम्म पनि उक्त निर्णय अनुसार सूचना नपाएको भनी दुर्गाप्रसाद पन्थीले सूचना पाउँ भनी मिति २०६६।१२।०३ मा आयोगमा निवेदन दिएकामा मिति २०६६।०४।१९ को निर्णय वमोजिम हालसम्म किन सूचना उपलब्ध नगराएको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम तपाईंलाई कारवाही किन गर्न नपर्ने हो ? आफ्नो सम्पूर्ण व्यहोरा खोली पत्र प्राप्त भएको मितिले सात दिनभित्र यस आयोगमा लेखी पठाउन कृषि तथा सहकारी मन्त्रालय सिंहदरबार, काठमाडौंका तत्कालीन कार्यालय प्रमुख, सचिव डा. बज्रकिशोर प्रसाद शाहका नाममा आदेश जारी गर्ने ।"

- २०६७ असार ३ मा डा. ब्रजकिशोर प्रसाद शाह, हाल उपराष्ट्रपतिको कार्यालयबाट लिखित जवाफ प्राप्त ।

- २०६७ असार ७ मा पत्रको सम्बन्धमा स्पष्ट जानकारी प्राप्त गर्न डा. ब्रजकिशोर प्रसाद शाहलाई आयोगमा बोलाइएअनुसार कानुन व्यवसायी सहित उपस्थित भई सुनुवाइ भएको । आयोगको आदेशविरुद्ध मन्त्रालयले सर्वोच्च अदालतमा रिट दिने निर्णय गरेको र यससम्बन्धी प्रक्रिया भइरहेको जानकारी प्राप्त । असार २१ गते पुनः पेशी तोकिएको ।

- २०६७।०३।२० मा उपराष्ट्रपतिको कार्यालयका सचिवको तर्फबाट आयोगको निर्णयको विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको जानकारीको पत्र प्राप्त ।

क्रम संख्या : २७ **पुनरावेदन**

मिति : २०६६ चैत १२ गते

पक्ष : **जितेन्द्रकुमार झा**, पोखरा विश्वविद्यालय अन्तरगत पोखरा इन्जिनियरिङ्ग कलेजमा अध्ययनरत विद्यार्थी, हाल काठामाडौं ।

विपक्ष : परीक्षा नियन्त्रक र रजिस्टार, पोखरा विश्वविद्यालय

विषय : बी.इ. कम्प्युटरको इन्स्ट्रुमेन्टेसन (Instrumentation) विषयको उत्तरपुस्तिकाको प्रतिलिपि माग ।

उत्तरपुस्तिका सुरक्षित राख्न आदेश जारी गर्ने माग । क्षतिपूर्तिसमेत माग ।

**कारवाही/निर्णय**

- २०६६ चैत १७ मा आयोगको निर्णय : यस्तै प्रकृतिको मुद्दामा "राष्ट्रिय सूचना आयोगमा पुनरावेदक विजय अर्याल र विपक्षी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय भएको सूचनाको हक अन्तरगत आफूले दिएको परीक्षाको उत्तरपुस्तिकाको प्रमाणित फोटोकपी पाऊँ भन्ने विषयमा परेको उजुरी सम्बन्धमा छलफल हुँदा म्यादभित्र निवेदन दिन आएका निवेदकको माग वमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि परीक्षकको नामनामेसी नखुल्ने गरी उपलब्ध गराउनू" भन्ने आदेश भएको हुँदा पुनरावेदक जितेन्द्र कुमार झाले माग गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनुपर्ने देखिन्छ । निजले माग गरेवमोजिम उत्तरपुस्तिका निजलाई उपलब्ध गराई सोको सूचना आयोगलाई दिनु हुन र निजलाई उपलब्ध नगराउने भए पत्र प्राप्त भएको मितिले सात दिनभित्र उत्तरपुस्तिका सहित लिखित जवाफ लिई आयोगमा उपस्थित हुन पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रकका नाममा आदेश जारी गर्ने ।

- २०६७।०२।२० मा पोखरा विश्वविद्यालयका रजिष्ट्रारसँग आयोगमा छलफल । पुनरावेदनसम्बन्धी सम्पूर्ण कागतपत्रको प्रतिलिपि लगेको ।

- २०६७।०१।०३ मा आयोगको निर्णयको विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको छ ।

क्रम संख्या : २८ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **संगम के.सी.,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।
- २०६७।०१।०८ मा काठमाडौं वि.वि. को निम्न लिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।
- २०६७।०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नु पर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागतसमेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङपेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।
- २०६७।०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।
- २०६७।०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको ।
- २०६७।०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : २९ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **सृजना पौडेल,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।

- २०६७।०१।०८ मा काठमाडौं वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।

- २०६७।०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नुपर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७।०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।

- २०६७।०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।

- २०६७।०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सर्‍यो)

क्रम संख्या : ३० **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **शिखा शाह,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।

- २०६७०१।०८ मा काठमाडौँ वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।

- २०६७०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूप्मा सुरक्षित राख्नु पर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।

- २०६७०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।

- २०६७०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३१ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **श्रद्धा प्रधान,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौँ वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौँ वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।

- २०६७०१।०८ मा काठमाडौँ वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ ।

उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।

- २०६७०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नु पर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।

- २०६७०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।

- २०६७०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३२ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **सुसन प्रधान,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।

- २०६७०१।०८ मा काठमाडौं वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।

- २०६७०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता

रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नुपर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।
- २०६७०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।
- २०६७०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : **३३ निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **निश्चल पुरी,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।
- २०६७०१।०८ मा काठमाडौं वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।
- २०६७०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नुपर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७।०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।

- २०६७।०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।

- २०६७।०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३४ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **रञ्जन रानाभाट,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौं वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौं वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।

- २०६७।०१।०८ मा काठमाडौं वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।

- २०६७।०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नुपर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।

- २०६७।०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।

- २०६७।०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।

- २०६७।०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३५ **निवेदन**

मिति : २०६६।१२।२९

पक्ष : **धिरज शाह,** नेपाल मेडिकल कलेज, जोरपाटी

विपक्ष : काठमाडौँ वि.वि., परीक्षा नियन्त्रण कार्यालय र नेपाल मेडिकल कलेज जोरपाटी

विषय : स्पटिङ पेपर हेर्न माग ।

**कारवाही/निर्णय**

- २०६६।१२।३० मा स्पटिङ पेपर सुरक्षित राख्ने साथै स्पटिङ पेपर सहित लिखित जवाफ लिई सात दिनभित्र आयोगमा उपस्थित हुन काठमाडौँ वि.वि., पनिकाका प्रमुख र नेपाल मेडिकल कलेज जोरपाटीका प्रमुखका नाममा आदेश जारी ।
- २०६७।०१।०८ मा काठमाडौँ वि.वि. को निम्नलिखित व्यहोराको पत्र प्राप्त : परीक्षाका सैद्धान्तिक बाहेक प्रयोगात्मक परीक्षामा स्पटिङ पेपर लगायत अरु प्रयोगात्मक परीक्षाहरूको रेकर्ड विश्वविद्यालयमा रहँदैन । प्रयोगात्मक परीक्षा लिने आन्तरिक र वाह्य परीक्षकहरूको सामूहिक दस्तखत भएको, हासिल गरेको नतिजा, प्राप्तांक मात्र वि.वि.लाई उपलब्ध हुन्छ । उल्लिखित स्पटिङ पेपर वि.वि.लाई उपलब्ध गराइँदैन । तसर्थ विविबाट उक्त पेपर उपलब्ध हुन सक्तैन ।
- २०६७।०१।०८ मा नेपाल मेडिकल कलेजबाट निम्नलिखित व्यहोराको पत्र प्राप्त : प्रयोगात्मक परीक्षामा दिइएका खेस्रा कागत परीक्षा समाप्त भएपछि न त वि.विमा पठाउनु पर्ने अनिवार्यता रहेको छ, न त कलेजका सम्बन्धित विभागहरूमा नै अनिवार्य रूपमा सुरक्षित राख्नु पर्छ भन्ने वि.विको निर्देशन रहेको छ । यसरी यस्तो खेस्रा कागत समेत परीक्षा पश्चात नरहने भएकाले र उजुरकर्ताको मागवमोजिम स्पटिङ पेपर समेत नहुने भएकाले उपलब्ध गराउन असमर्थता ।
- २०६७।०१।२९ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम सजाय किन नगर्ने ? सोको जवाफ तीन दिनभित्र पठाउन आदेश ।
- २०६७।०२।२५ मा पेशी तोकी बोलाइएकोमा नेपाल मेडिकल कलेजका प्रमुख डा. शेखरबाबु रिजाल उपस्थित भई आफ्नो कुरा राखेको पक्ष प्रस्तुत गरेको ।
- २०६७।०२।२५ मा प्रयोगात्मक परीक्षामा परीक्षक तथा विभागीय प्रमुखको नाम ठेगाना माग गर्ने तथा निजहरूको नाम उपलब्ध भएपछि परीक्षकहरूलाई सात दिनभित्र उपस्थित हुन आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : **३६ पुनरावेदन**

मिति : २०६७ जेठ ३ गते ।

पक्ष : **श्रीप्रसाद रूपखेती**, अध्यक्ष सुन्दर नेपाल प्रा.लि. । का.म.न.पा. ९ गौशाला ।

विपक्ष : बन तथा भूसंरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषय : बन तथा भूसंरक्षण मन्त्रालयमा दिएको निवेदनका सम्बन्धमा जानकारी माग ।

**कारवाही/निर्णय**

- २०६७।०२।२३ मा पुनरावेदकले मागेको सूचना दिन मिल्ने हो कि होइन ? दिन मिल्ने भए सूचना उपलब्ध गराई सोको जानकारी दिनु र नमिल्ने भए किन नमिल्ने हो सोको लिखित जवाफ सात दिनभित्र लेखी पठाउनु भनी विपक्षीका नाममा आदेश जारी गर्ने निर्णय ।

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३७ **निवेदन**

मिति : २०६७ जेठ २५

पक्ष : **राजेश पासवान र सखीचना पासवान**, कारागार कार्यालय, पर्सा, वीरगंज ।

विपक्ष : धनुषा जिल्ला अदालत, जनकपुर धाम ।

विषय : डाँका मुद्दा (स.फौ. नं. १३५, प्रमोद खनाल शाखा, धनुषा जिल्ला अदालत) को फैसला साढे तीन वर्ष भइसक्दा पनि नभएकोले फैसला किन नभएको ? हाम्रो गैरकानुनी थुनाको जिम्मेवार को हो ? र हामीले क्षतिपूर्ति पाउने वा नपाउने के हो ? भनी जिल्ला अदालत नियमावली २०५२ को नियम ९१ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ का दफा ३० (२) समेत वमोजिम वीरगंज कारागार मार्फत २०६७।०१।३१ मा दर्ता नं ४०३६ मार्फत श्री जिल्ला अदालत जनकपुरधाममा निवेदन गरेका थियौं । सोही विषयमा चाँडो फैसला गराइ दिन सर्वोच्च अदलतका सम्मानीय प्रधान न्यायाधीशज्यूलाई कारागार शाखामार्फत् मिति २०६७।०२।०२ मा दर्ता नं. ४०४१ मार्फत् निवेदन गरेता पनि हालसम्म पनि कहीँ कतैबाट कुनै जानकारी नपाएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (घ) वमोजिम मागिएको सूचना यथाशक्य चाँडो उपलब्ध गराइ पाउँ र दोषीलाई ऐनको दफा ३२ (२) वमोजिम सजाय गरी पाउँ ।

**कारवाही/निर्णय**

- २०६७।०३।०३ मा निवेदकले मागेको सूचना उपलब्ध गराई आयोगलाई जानकारी गराउन हुन र उपलब्ध गराउन नमिल्ने भए पत्र प्राप्त भएको सात दिनभित्र लिखित जवाफ पठाउन धनुषा जिल्ला अदालत, धनुषाका कार्यालय प्रमुखको नाममा आदेश जारी गर्ने निर्णय ।

- २०६७।०३।२७ मा धनुषा जिल्ला अदालतबाट प्राप्त पत्रअनुसार 'प्रतिवादीहरूले सफाइ पाउने ठहरी मिति २०६७।०३।०२ मा अदालतबाट फैसला भई सकेको' जानकारी प्राप्त ।
- २०६७।०३।३२ मा निवेदकले माग गरेका सूचना उपलब्ध गराउन धनुषा जिल्ला अदालतका कार्यालय प्रमुखका नाममा आदेश जारी ।

क्रम संख्या : ३८ **पुनरावेदन**

मिति : २०६७।०३।०३

पक्ष : रामाज्ञप्रसाद चतुर्वेदी, काठमाडौँ महानगरपालिका वडा नं. ७, चाबहिल, वारेस : शुक्रकुमार ओझा ।

विपक्ष : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौँ ।

विषय : "अमिल्दो तथा अस्वाभाविक जीवनयापन सम्बन्धमा अवलम्बन गरेका सामान्य मान्यताहरू (General Norms) को प्रमाणित प्रतिलिपि माग ।

**कारवाही/निर्णय**

- २०६७।०३।०३ मा पुनरावेदकले माग गरेअनुसार नै सूचना उपलब्ध गराई आयोगलाई जानकारी गराउनुहुन र उपलब्ध गराउन नमिल्ने भए के कति कारणले नमिल्ने हो ? सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिनभित्र यस आयोगमा लेखी पठाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुखको नाममा आदेश जारी ।
- २०६७।०३।२७ मा अख्तियार दु.अ.आ. बाट निम्तलिखित व्यहोराको पत्र प्राप्त : '..... पुनरावेदकले माग गरेवमोजिमको सूचना प्रवाह गर्न नमिल्ने भनी आयोगबाट निर्णय भई सकेकोले सोही व्यहोरा लेखी पठाउने भन्ने मिति २०६७।०३।२२ मा आयोगबाट निर्णय भएको हुँदा निर्णयअनुसार जानकारीको लागि अनुरोध छ ।'

(कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

क्रम संख्या : ३९ **पुनरावेदन**

मिति : २०६७६ असार २५

पक्ष : मञ्जु खड्का, महासचिव सोसेक (Social Service Centre) रावतकोट, दैलेख

विपक्ष : सबडिभिजन प्रमुख, खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालय, दैलेख ।

विषय : निम्नलिखित विषयको सूचना माग :

१. हालसम्म सुचना प्रकाशित नहुनुका कारणहरू र इच्छापत्र खोल्दा गैसस वोलाउनु पर्नेमा नवोलाउनुको कारण
२. गैसस छनौटका आधारहरू र छनौट प्रक्रिया
३. मूल्यांकन भएको विवरण र समितिको निर्णय

४. सवै संस्थाले पेश गरेको ईच्छा पत्र प्रस्ताव र अन्य कागतजातहरू का प्रतिलिपीहरू (कारवाही जारी, आ.व.२०६७/६८ मा सऱ्यो)

**आयोगका निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेका रिट निवेदन तथा कारवाहीको विवरण**

१) विजय अर्यालको पुनरावेदनसम्बन्धमा भएको निर्णयविरुद्ध त्रिविविको रिटसम्बन्धी विवरण :

रिट नं. ०३६९, रिट परेको मिति : २०६६।०७।२५

पहिलो सुनुवाइ मिति : २०६६।०८।३

अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय ।

२) शंकरदेव क्याम्पसका चार जना विद्यार्थीको पुनरावेदनसम्बन्धमा भएको निर्णयविरुद्ध त्रिविविको रिट

सोमढकाल समेतका चार जना विद्यार्थीहरूको रिट नं. ०७२०, ०७२१, ०७२२ र ०७२३

रिट परेको मिति : २०६६।१०।२८

मिति २०६६।११।१७ मा सर्वोच्च अदालतबाट लिखित जवाफ माग गरी आदेशको प्रतिलिपिसहित सूचना म्याद प्राप्त भएको ।

उपरोक्त चार वटा रिटका सम्बन्धमा प्रधान न्यायाधीश अनुपराज शर्माको आदेशमा उल्लेख भएको व्यहोरा :

"…. अन्तरिम आदेशको मागका सम्बन्धमा विचार गर्दा यस्तै विषयवस्तु समावेश भएको सम्बत् २०६६ सालको रिट नम्बर ०३६९ को निवेदनमा दुबै पक्षसँग छलफल गराई अन्तरिम आदेश नहुने गरी यस अदालत संयुक्त इजलासबाट २०६६।०८।०३ मा आदेश भै गएको देखिँदा हाल माग वमोजिमको अन्तरिम आदेश जारी गर्न परेन । उक्त रिट नं. ०३६९ साथै राखी नियमवमोजिम पेश गर्नू ।"

३) जितेन्द्रकुमार झाको पुनरावेदनसंबन्धमा भएको निर्णयविरुद्ध पोखरा विश्वविद्यालयको रिट ।

रिट नम्बर : १२३५, परेको मिति : २०६७।०३।०६

आदेश जारी मिति : २०६७।०३।०७, म्याद तामेली मिति : २०६७।०३।०९

४) दुर्गाप्रसाद पन्थीको पुनरावेदनका संबन्धमा भएको निर्णयविरुद्ध कृषि तथा सहकारी मन्त्रालयले रिट दिएको जानकारी उपराष्ट्रपतिको कार्यालयबाट मिति २०६७।०३।२० मा जानकारी प्राप्त ।

५) सुन्दरकुमार घिमिरेको पुनरावेदनका सम्बन्धमा भएको निर्णयको विरुद्ध नेपाल दूरसंचार कम्पनीले सर्वोच्च अदालतमा रिट निवेदन दिएको छ ।

रिट नं. ४२४/०६६ -WO- १०७०

एक न्यायाधीशको इजलासमा पेश भइ आदेश भएको मिति : २०६७।०२।०४

म्याद जारी भएको मिति : २०६७।०२।०४

आयोगमा म्याद तामेली मिति : २०६७।०५।२३

६) आयोगलाई समेत विपक्षी बनाई अधिवक्ता सुवोध नापितको रिट निवेदन

रिट नं. ६१२, रिट परेको मिति : २०६६।१०।०७

म्याद जारी भएको मिति : २०६६।१०।०७,

आयोगमा म्याद तामेली मिति : २०६७।०३।०९

## परिशिष्ट-४

### प्रवर्द्धनात्मक कार्यक्रमको विवरण

### जिल्लागत सचेतना कार्यक्रम गोष्ठीहरू

सूचनाको हकसम्बन्धी ऐनका बारेमा जनचेतना फैलाउनका लागि आयोगले आमसंचार माध्यमहरूको उपयोग गर्नुका साथै विभिन्न जिल्लामा सचेतना गोष्ठी जस्ता कार्यक्रमहरू गर्ने योजना राखेको थियो । जसअनुसार नेपाल पत्रकार महासंघसँग सम्झौता गरी तीन चरणमा सचेतना कार्यक्रम गोष्ठीहरू सम्पन्न भए । कार्यक्रमहरूको जिल्लागत विवरण यस प्रकार छ :

### नुवाकोट

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा नुवाकोटको सदरमुकाम विदुरमा २०६६ कार्तिक ९ मा नागरिक जागरण कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका आयुक्त श्री सविता भण्डारी बरालको प्रमुख आतिथ्य र नेपाल पत्रकार महासंघका महासचिव श्री पोषण के.सी. को विशेष आतिथ्यमा भएको सो नागरिक जागरण कार्यक्रममा कार्यालय प्रमुखहरू, राजनीतिक दल, सामाजिक संघसस्था र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो । कार्यक्रमको सभापतित्व नेपाल पत्रकार महासंघ नुवाकोट-रसुवाका अध्यक्ष श्री राजुमित्र खनालले गर्नु भएको थियो ।

कार्यक्रममा सूचना आयुक्त श्री बरालले सूचनाको हक सबै नेपाली नागरिकको लागि आवश्यक रहेको बताउँदै सूचनाको हकसम्बन्धी ऐनको महत्वपूर्ण अंशका बारेमा जानकारी गराउनु भएको थियो । महासंघका महासचिव श्री के.सी.ले महासघंको दवावमा ऐन जारी भएको हुँदा यसलाई कार्यान्वयन गराउन सशक्तरूपमा लाग्नुपर्ने बताउँदै ऐन लागू भएपछि मुलुकमा सुशासन कायम रहने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी श्री गोविन्दमणि भूर्तेलले सरकारी कार्यालयमा सूचनाको हक कार्यान्वयनमा सक्दो पहल गर्ने प्रतिबद्धता जनाउनु भयो । विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले सूचनाको हक कार्यान्वयन गराउन जिल्लाका सम्पूर्ण कार्यालय र सघंसस्थाहरूलाई दवाव दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

**सप्तरी**

२०६६ कार्तिक ९ गते सप्तरी जिल्लाको सदरमुकाम राजविराजमा सूचनाको हक सम्बन्धी नागरिक जागरण कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगको सहयोगमा नेपाल पत्रकार महासघंद्वारा आयोजित यो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवं स्थानीय पत्रकारहरूको उपस्थिति थियो । सरकारी कार्यालयका तर्फबाट स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारीको पनि कार्यक्रममा उपस्थिति थियो । नेपाल पत्रकार महासंघ, सप्तरी शाखाका सभापति व्यासशङ्कर उपाध्यायको सभापतित्वमा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथि र नेपाल पत्रकार महासघंका केन्द्रीय सदस्य शम्भु झा विशेष अतिथि हुनुहुथ्यो ।

कार्यक्रमका प्रमुख अतिथि श्रीआचार्यले सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यता साथै सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै राष्ट्रिय सूचना आयोगका गतिविधिमाथि चर्चा गर्नुभएको थियो । छलफल कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका जिज्ञाशाको जवाफ सूचना आयुक्त श्रीआचार्यले दिनुभएको थियो । विशेष अतिथि श्री झाले विशेषप्रवेश गर्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले ऐनले व्यवस्था गरेवमोजिम यस जिल्लाका सरकारी कार्यालयमा सूचना अधिकारीको व्यबस्था भएको र जनता पनि सूचनाको हकका कुरा लिएर कार्यालयमा आउन थालेको जानकारी दिनुभयो । गोष्ठीमा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**सुनसरी**

२०६६ कार्तिक ६ गते राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको सयुक्त आयोजनामा सुनसरी जिल्ला सदरमुकाम इनरुवामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सुनसरीका सञ्चारकर्मी, राजनीतिक दलका नेताहरू, सरकारी/गैरसरकारी कार्यालयका प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी थिए । नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष राजेश विद्रोहीको अध्यक्षतामा भएको सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथि र पत्रकार महासघका पूर्वाञ्चल संयोजक किशोरकुमार कार्की विशेष अतिथि हुनुहुन्थ्यो ।



कार्यक्रममा सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हक सम्बन्धी ऐनको आवश्यकता, महत्व र यसमा भएको व्यबस्थाबारे

विस्तृतरूपमा जानकारी गराउनु भएको थियो । सहभागीहरूले टिप्पणी गर्दै सूचनाको हकसम्बन्धी ऐनमा भएका कमजोरी र व्यावहारिक कठिनाइबारे चर्चा गरेका थिए । त्यसक्रममा सुनसरीका स्थानीय विकास अधिकारी प्रेमप्रसाद भट्टराईले सूचना दिने सम्बन्धमा विभिन्न समस्या हुनसक्ने भएकोले ऐनमा उल्लेख भएका विषयहरू स्पष्ट किटान गरी केन्द्रीयस्तरबाट नै जिल्ला, नगर तथा गाउँ सम्म सर्कुलर जारी हुनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा नेपाल टेलिभिजनका संवाददाता महेश श्रेष्ठले सूचना प्राप्त गर्न शुल्क बुझाउनुपर्ने व्यवस्था पत्रकारका लागि उपयुक्त नहुने धारणा व्यक्त गर्नुभएको थियो । त्यसक्रममा ब्लाष्ट टाइम्स् दैनिकका सम्बाददाता राजन निरौला, औजार दैनिकका प्रधानसम्पादक भीम राई ज्वाला, मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का सुनसरी अध्यक्ष डीएन मेहता लगायतले कार्यक्रमको प्रशंसा गर्दै सुझाव प्रस्तुत गरेका थिए ।

**धनकुटा**

२०६६ कार्तिक ७ गते राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघंको संयुक्त आयोजनामा घनकुटामा सूचनाको हकसम्बन्धी जागरण अभियान सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको महत्वको बारेमा प्रकाश पार्दै कार्यक्रमको सहजीकरण गर्नु भएको थियो । पूवाञ्चलका क्षेत्रीय प्रशासक धरणीधर खतिवडाले सूचना सुशासन र विकासको आधार भएकाले सूचना जनस्तरसम्म सहज रूपमा पुऱ्याउन पूर्वाञ्चलका सबै सरकारी तथा सार्वजनिक संस्थान र कार्यालयहरूमा सूचना अधिकारी एक महिना भित्र तोक्ने बताउनुभयो ।

वरिष्ठ अधिवक्ता नगेन्द्रभक्त श्रेष्ठले सूचना पाउन निवेदन दिनुपर्ने र १५ दिन पर्खिनु पर्ने लगायतको झन्झटिलो व्यवस्था ऐनमा भएकोले यसलाई संशोधन गरी मौखिक रूपमा पनि माग गरिएकोमा सम्भव भएसम्म तुरुन्त पाउने व्यवस्था गर्नु पर्नेमा जोड दिनु भएको थियो । कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पत्रकार, नागरिक समाज, अधिकारकर्मी र सर्वसाधारणहरूले सूचना विना झन्झट सरोकारवालाले माग गरेको समयमा पाउनुपर्ने व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए ।




कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी ओमकार न्यौपाने, प्रनाउ सानुकाजी लामिछाने, जिल्ला शिक्षा अधिकारी झुमप्रसाद राई, प्रमुख उद्योग अधिकृत गोपालप्रसाद शर्मा, विभिन्न गाविस सचिवहरू, नेपाली सेनाका उपसेनानीलगायत सुरक्षा निकायका प्रमुखहरू, विभिन्न कार्यालय तथा सघं संस्था तथा राजनीतिक पार्टीका प्रमुख तथा प्रतिनिधिहरूले सूचनाको हक नौलो भएता पनि प्रयोग भने सामान्य रूपमा आइरहेकोले अबदेखि सरोकारवालाले मागेको समयमा सूचनाको हकसम्बन्धी

ऐनले दिन मिल्ने सम्मको सूचनाहरू तत्काल उपलब्ध गराउने प्रतिबद्धता जाहेर गर्नु भएको थियो । नेपाल पत्रकार महासंघ धनकुटा शाखाका अध्यक्ष विजयसन्तोषी राईको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि पत्रकार महासंघ धनकुटाका पूर्वसभापति एवं सल्लाहकार प्राध्यापक गोपालप्रसाद अधिकारीले प्रकाश पार्नुभएको थियो ।

**इलाम**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघंको आयोजनामा २०६६ कात्तिक ५ गते इलाम जिल्ला विकास समितिको हलमा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम आयोजना गरियो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को बारेमा जानकारी गराउँदै राज्यको कानुनद्वारा स्थापना भएका दल, संघसंगठनलाई पारदर्शी बनाउनकालागि आमनागरिकलाई सूचनाको हक उपभोगमा प्रोत्साहन गर्न कार्यक्रम आयोजना गरिएको थियो ।

पत्रकार महासंघ इलामका अध्यक्ष सटेन्द्र जबेगूको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथि र नेपाल पत्रकार महासघ पूर्वाञ्चलका संयोजक किशोरकुमार कार्की विशेष अतिथि हुनुहुन्थ्यो । सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हक सम्बन्धी ऐनको आवश्यकता, महत्व र यसमा भएको व्यवस्थाबारे विस्तृत रूपमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा सहभागीहरूले टिप्पणी गर्दै सूचनाको हकसम्बन्धी ऐनका सम्बन्धमा जिज्ञासा, भएका कमजोरी र व्यावहारिक कठिनाइबारे चर्चा गरेका थिए ।



कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुर्दशनप्रसाद ढकाल, नेपाल पत्रकार महासंघ इलामका संस्थापक संयोजक धर्म गौतम, इलाम सहयोग परिषद्का विष्णु काफ्ले, महेन्द्ररत्न बहुमुखी क्याम्पसका प्रमुख जेवी लुङ्गेली, राप्रपा इलामका अध्यक्ष सोमनाथ बास्तोला, नेकपा एमाले इलामका उपसचिव नरेन्द्र भट्टराई, नेपाल बार एसोसियसन इलामका सदस्य उत्तम पौडेल, एनेकपा माओवादी इलामका सहसचिव उर्मिला तामाङ, नेकपा एकिकृत इलामका संयोजकले अन्तरक्रियामा भाग लिनुभएको थियो । सूचना आयुक्त श्री श्रीआचार्यले विभिन्न जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा विभिन्न राजनीतिक दल, कार्यालय, संघसंस्थाका प्रतिनिधि, पत्रकार, विद्यार्थी र सर्वसाधारणको सहभागिता थियो ।



**प्युठान**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघंको सयुक्त आयोजनामा २०६६ कार्तिक १७ गते प्युठानस्थित जिविसको सभाकक्षमा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे प्रकाश पार्नुभएको थियो । नेपाल पत्रकार महासंघ प्युठानका अध्यक्ष सुशील पोखरेलको अध्यक्षता संचालित सो कार्यक्रममा जिल्लास्थित राजनीतिक दल, सार्वजनिक निकायका प्रतिनिधि, संचारकर्मी, कानुनविद्, मानवअधिकारकर्मी लगायतको व्यापक सहभागिता थियो ।




*खलंगा, प्युठान*

**काभ्रे**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंधको सहकार्यमा २०६६ मंसिर ४ गते काभ्रे जिल्लाको बनेपास्थित परिवार नियोजन संघको सभाकक्षमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल पत्रकार महासंध काभ्रेका अध्यक्ष भोला थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष गोविन्द आचार्य, प्रमुख जिल्ला अधिकारी नेत्र न्यौपाने, जिविसका स्थानीय विकास अधिकारी मेघनाथ काफ्ले, शिक्षक लक्ष्मीकृष्ण ताम्राकार, जिल्ला बार एसोसिएसनका उपाध्यक्ष अधिवक्ता रमेश हुमागाई, प्रनाउ संदीप भण्डारी, पत्रकारहरू पेमा, सीताराम रायमाझी, ईश्वरीराज, कुमार मैनाली, ध्रुव रायमाझीले विचार व्यक्त गर्नुभयो । सो कार्यक्रममा विभिन्न सरकारी निकाय, नागरिक समाज, संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

**रसुवा**

सूचनाको हकसम्बन्धी ऐनका बारेमा जिल्लास्तरमा सचेतना फैलाउने तथा सूचनाको हक सम्बन्धी ऐन लागू गराउन जानकारी गराउने उद्देश्यले राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार

महासंघको संयुक्त आयोजनामा रसुवाको धैवुङ गाविस कालिकास्थान बजारमा कार्तिक १० गते नागरिक जागरण कार्यक्रम सम्पन्न भएको थियो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालको प्रमुख आतिथ्य र नेपाल पत्रकार महासंघका महासचिव पोषण के.सी. को विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जीवन ओली, सभासद् प्रेमबहादुर तामाङ्ग लगायतको उपस्थिति थियो ।

कार्यक्रमको सभापतित्व नेपाल पत्रकार महासंघ नुवाकोट-रसुवाका उपाध्यक्ष कृष्ण थापाले गर्नु भएको थियो । कार्यक्रमा विभिन्न सरकारी कार्यालयका प्रमुख, राजनीतिक दल, सामाजिक संघसस्थाका प्रतिनिधिहरू र नागरिक समाजका प्रतिनिधिको उल्लेख्य सहभागिता थियो ।

**जुम्ला**

सूचनाको हकबारे नागरिक जागरण कार्यक्रम २०६६ कार्त्तिक १९ गते जुम्ला जिल्लाको सदरमुकाम खलङ्गामा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगको सहयोगमा नेपाल पत्रकार महासघंद्वारा आयोजित यो कार्यक्रममा जिल्लास्थित नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, विद्यार्थी, उद्योगी व्यापारी एवम् स्थानीय पत्रकारहरूको उपस्थिति थियो । पत्रकार महासंघ, जुम्ला शाखाका सभापति भीमबहादुर सार्कीको सभापतित्वमा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथि र नेपाल पत्रकार महासघं केन्द्रीय सदस्य गौरी कठायत विशेष अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाहरूबारे प्रकाश पार्दै राष्ट्रिय सूचना आयोगको गतिविधिहरूको चर्चा गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । सहभागीहरूले जिल्लाका कार्यालयमा सूचना अधिकारी नतोकिएको गुनासो गरेका थिए । सहभागीहरूले चेतनामूलक शैलीमा अन्तरक्रियात्मक कार्यक्रम, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम राख्नुपर्छ, विद्यार्थीवर्गलाई लक्षित गरेर यस्ता कार्यक्रम बनाउनु पर्ने जस्ता सुझाव दिएका थिए । गोष्ठीमा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पुस्तक र पम्पलेट वितरण गरिएको थियो ।




*जुम्ला*

**कास्की**

सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा कार्तिक १२ गते सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले आयोगलाई प्रभावकारी बनाउन पत्रकार, नागरिक समाज र सरकारले चासो दिनुपर्ने बताउनुभयो । उहाँले सूचनाको हक र आयोगको काम कारवाहीबारे जानकारी गराउँदै पत्रकारहरूले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा विशेष भूमिका खेल्न सक्ने धारणा राख्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी शम्भु कोइरालाले कास्कीका सबै कार्यालयहरूमा सूचनाको हकको प्रत्याभूति गराइने बताउनुभयो । प्रजिअ कोइरालाले कार्यालय प्रमुखको आउँदो बैठकबाट यहाँका सबै कार्यालयमा सूचना अधिकारी तोकिने विश्वास दिलाउनु भयो । स्थानीय विकास अधिकारी नरहरि बराल, क्षेत्रीय प्रशासन कार्यालयका अधिकृत रामचन्द्र पौडेल, पत्रकार महासंघका केन्द्रीय सदस्य पुण्य पौडेल, स्वतन्त्रता सेनानी पत्रकार माधव शर्मा, केशवराज पराजुली, अधिकारकर्मी टेकनाथ बराल, सुरेन्द्र थापा मगर, विदुर बास्तोला, पत्रकारहरू दीपेन्द्र श्रेष्ठ, श्याम कुँवर, श्रीभक्त खनाल, श्रीराम सिग्देल, रविन्द्र तिमिल्सिना लगायतले आयोगले आफ्नो कामलाई प्रभावकारी बनाउन र नागरिकको सुसूचित रहने अधिकारलाई स्थापित गराउने कार्यक्रमहरू गर्न जोड दिनुभएको थियो ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष नारायण कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा कास्कीका सरकारी कार्यालय प्रमुख, पत्रकार, कानुन व्यवसायी, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो ।

**दोलखा**

सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा सहयोग पुऱ्याउन राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा सम्पन्न भयो । नेपाल पत्रकार महासंघका कोषाध्यक्ष रमेश विष्टको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ दोलखा शाखाका अध्यक्ष राजेन्द्र मानन्धरले अध्यक्षता गर्नु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका हरिनारायण वाग्ले र बलराम लुईटेल, प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षक यज्ञविनोद पोखरेल, जिल्ला विकास समितिका विक्रम कार्की, महासंघका जिल्ला शाखा सचिव जीवन लामा लगायतका वक्ताले ऐनको प्रभावकारी कार्यान्वयनका लागि गर्नुपर्ने कामका बारेमा विचार व्यक्त गर्नु भएको थियो । कतिपय सहभागीले सूचनाको हकसम्बन्धी कानुनको बारेमा चासो व्यक्त गर्दै विशेषगरी सरकारी कार्यालयहरूले सूचना उपलब्ध नगराउने बताए । कार्यक्रममा पत्रकार, राजनीतिक दलका नेता, प्रहरी प्रशासन, सरकारी कार्यालयका प्रमुखहरू, नागरिक समाजका प्रतिनिधि, व्यवसायीहरूको सहभागिता थियो ।

## उदयपुर

सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम कार्तिक ८ गते उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको सहकार्यमा आयोजना भएको जागरण कार्यक्रममा जिल्लाका पत्रकारहरू, राजनीतिक दलका नेता, स्थानीय प्रहरी प्रशासन, कार्यालय प्रमुखहरू, नागरिक समाजका प्रतिनिधि तथा व्यवसायीहरूको सहभागिता थियो । नेपाल पत्रकार महासंघका उदयपुर शाखाका सभापति महेश्वर चेम्जोङको सभापतित्व सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथि र नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य शम्भु झा विशेष अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथि श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनको मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनवारे जिज्ञासा र सुझाव प्रस्तुत गरेका थिए । सहभागीहरूले जिल्लामा सरकारी कार्यालयमा ऐनका बारेमा जनचेतना नभएको बताउँदै स्थानीयस्तरमा सूचनाको हकसम्बन्धी ऐनको प्रचारप्रसारका निम्ति बेग्लै संरचना तयार गरेर जानुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले साधन स्रोतको अभावमा सूचना अधिकारी तोकिए पनि काम सूचारु गर्न नसकिएको बाध्यता बताउनुभएको थियो । कार्यक्रममा सहभागीहरूले चेतनामूलक शैलीमा अन्तरक्रियात्मक कार्यक्रम राख्नुपर्ने र विद्यार्थीवर्गलाई लक्षित गरेर यस्ता कार्यक्रम बनाउनु पर्ने सुझाव दिएका थिए ।

गोष्ठीमा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

## सिरहा

सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम २०६६ कार्तिक ९ गते सिरहा जिल्लाको लाहान बजारमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगको सहयोगमा नेपाल पत्रकार महासंघद्वारा आयोजित यो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवम् स्थानीय पत्रकारहरू र सरकारी कार्यालयका तर्फबाट जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको उपस्थिति थियो । पत्रकार महासंघ, सिरहा शाखाका सभापति दिनेश्वर गुप्ताको सभातित्वमा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्रीआचार्य प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य शम्भु झा विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा लगभग ३० जनाको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । उनीहरूले सूचना तपाईको अधिकार जस्ता नारा बनाएर जनस्तरमा पर्चा पम्पलेट बाडेर चेतना फैलाउने कार्य गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । सूचनाको हकसम्बन्धी प्रचारप्रसार गाउँ गाउँमा पुऱ्याउनु उपयुक्त हुने उनीहरूको धारणा थियो ।

गोष्ठीमा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**रूपन्देही**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघंको सयुक्त आयोजनामा २०६६ कार्तिक १५ गते रूपन्देहीको आनन्दवन गाविसको सभाहलमा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम सम्पन्न भयो ।

नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष मोहन चापागाईको अध्यक्षता सम्पन्न सो कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी कानुन बने पनि त्यसको व्यावहारिक रूपमा कार्यान्वयन हुन नसकेको बताएका थिए ।




*आनन्दवन गाविस, रुपन्देहीको कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी श्री नागेन्द्र झा ।*

कार्यक्रममा सूचना आयोगका सूचना आयुक्त श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे अवधारणा प्रस्तुत गर्नुभएको थियो । पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्य, पत्रकार महासंघका केन्द्रीय सदस्य हरि लम्साल, अधिवक्ता पदमबहादुर कार्की, आन्दनवन गाविसका पूर्वअध्यक्ष लोकमणि पाठक, पत्रकार अमृता अनमोल, पत्रकार अर्जुन ज्ञवाली, पत्रकार विकर पन्त, नेकपा एकीकृतका जेवी दर्नाल, एमालेका खुमानन्द पौडेल, काँग्रेसका रोहिणी ज्ञवालीले आ-आफ्नो भनाइ प्रस्तुत गरेका थिए । कार्यक्रममा जिल्लाका पत्रकारहरू, राजनीतिक दलका नेता, स्थानीय प्रहरी प्रशासन, कार्यालय प्रमुखहरू, नागरिक समाजका प्रतिनिधि, व्यवसायीहरूको बाक्लो सहभागिता थियो ।

**दाङ**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघंको सयुक्त आयोजनामा २०६६ कार्तिक १६ गते दाङको घोराहीस्थित नेपाल पत्रकार महासंघको सभाकक्षमा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम सम्पन्न भयो ।

सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे अवधारणा प्रस्तुत गर्नुभएपछि सहभागीहरूले त्यसै विषयमा टिप्पणी, सुझाव र जिज्ञासा राख्दै जिल्लाको अवस्थाबारे जानकारी गराएका थिए ।

नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष प्रताप रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्य, प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकाल, जिल्ला बारका अध्यक्ष अधिवक्ता भानुभक्त शर्मा, अस्मिता महिला संचार अभियान दाङकी अध्यक्ष लक्ष्मी आचार्य, जिल्ला कृषि कार्यालयका सूचना अधिकारी पुष्पराज वेल्वासे, मानव अधिकार संजालका अध्यक्ष केशवकुमार शर्मा, पत्रकार नरेन्द्र के.सी., पत्रकार रामप्रसाद पौडेल, जिविसका ध्रुव के.सी., जिविसका अधिकृत तोयनारायण सुवेदी, नागरिक समाज दाङका अध्यक्ष टीकाराम रेग्मी, एकीकृत माओवादीका नेता सागर, एमालेका जिल्ला नेता चुडामणि बेलवासे, मालेका जिल्ला सचिवले आआफ्नो विचार व्यक्त गर्दै मौलिक अधिकारको प्रमुख विषय सूचनाको हक भएकाले यसको कार्यान्वयन गराउन सबै पक्ष लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा जिल्लास्थित राजनीतिक दल, सार्वजनिक निकायका प्रतिनिधि, संचारकर्मी, कानुनविद्, मानवअधिकारकर्मी लगायतको व्यापक सहभागिता थियो ।



*घोराही दाङ*

**गोरखा**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको आयोजनामा २०६६ माघ १७ गते गोरखा सदरमुकाममा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंङ थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी कानुन बने पनि त्यसबारे जनस्तरमा कुनै जानकारी नभएकोले यस्ताखाले कार्यक्रमलाई गाउँस्तरसम्म लानुपर्नेमा जोड दिएका थिए ।

पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्यले कार्यक्रमबारे जानकारी गराउदै नागरिक र सरोकारवाला सबैमा जागरण पैदा गर्न र ऐनलाई व्यवहारमा उतार्नका लागि दवाव दिन देशका ५० जिल्लामा




*गोरखामा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रममा बोल्नु हुँदै नेपाल पत्रकार महासंघका उपाध्यक्ष श्री गोविन्द आचार्य ।*

यसप्रकारका कार्यक्रम गर्न लागेको बताउनुभयो । सूचना आयोगका सूचना आयुक्त श्रीआचार्यले सूचनाको हक सम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे विस्तृत चर्चा गर्दै विषयप्रवेश गराउनु भएपछि कार्यक्रमा खुल्ला छलफल गरिएको थियो ।

सो क्रममा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद भण्डारी, एकीकृत माओवादीका जिल्ला नेता कृष्ण राना, नेपाली काँग्रेसका राजेन्द्रराज पन्त, एमालेका नेता विश्वेश्वर कट्टेल, अधिवक्ता थानेश्वर दवाडी, प्राध्यापक राजेन्द्र अर्याल, मानवअधिकार संस्था काहुराष्ट्रका जिल्ला अध्यक्ष किशोर रेग्मी, जिविस गोरखाका स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ, पशु सेवा कार्यालयका क्षेत्रबहादुर के.सी., खानेपानीका ध्रुवमणि पौडेल लगायत विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, पत्रकार र नागरिक समाजका व्यक्तिहरूले आआफ्नो धारणा राख्नुभएको थियो ।

**तनहुँ**

राष्ट्रिय सूचना आयोग र  नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा २०६६ माघ १८ गते तनहुँको  सदरमुकाम दमौलीमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष प्रदीप काफ्लेको अध्यक्षता, सचिव बसन्त कंडेलको संचालनमा सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्रीआचार्य प्रमुख अतिथि हुनुहुन्थ्यो । नेपाल पत्रकार महासघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमको औचित्यबारे मन्तव्य राख्दै नागरिक र सरोकारबाला सबैमा जागरण पैदा गर्न यसप्रकारका कार्यक्रम गर्न लागिएको जानकारी गराउनु भयो । राष्ट्रिय सूचना आयोगका आयुक्त श्रीआचार्यले सूचनाको हक जनताको सम्पत्ति हो, सूचना दिदा नागरिक जिम्मेवार बन्दछ भन्दै सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यवारे प्रकाश पार्नुभएको थियो । त्यसपछि सहभागीहरूले त्यसै विषयमा टिप्पणी, सुझाव र जिज्ञासा राख्दै जिल्लाको अवस्थाबारे जानकारी गराएका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी थमनसिंह, एमालेका जिल्ला अध्यक्ष केदार सिग्देल, नेपाली काग्रेसका सभापति रघुनाथ पौडेल, पत्रकार विश्वबन्धु भण्डारी, अधिवक्ता गोविन्द पन्त एवं सहभागीहरू विष्णु घिमिरे, प्रेम पौडेल, समुन्द्र पौडेल लगायत विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, पत्रकार र नागरिक समाजका व्यक्तिहरूले आआफ्नो धारणा राख्नुभएको थियो ।



*दमौली, तनहुँ*

## पर्वत

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघको संयुक्त आयोजनामा माघ १९ गते पर्वतको सदरमुकाम कुश्मा बजारमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

नेपाल पत्रकार महासघ पर्वतका अध्यक्ष ओम घायलको अध्यक्षता, सचिव माधवराज पाण्डेको संचालनमा र उपाध्यक्ष सरस्वती शर्माको जिज्ञासायुक्त स्वागतसहित सम्पन्न सो कार्यक्रममा जिल्लास्थित राजनीतिक दल, सार्वजनिक निकायका प्रतिनिधि, संचारकर्मी, कानुनविद, मानवअधिकारकर्मी र विभिन्न व्यवसायीहरूको व्यापक सहभागिता थियो ।

नेपाल पत्रकार महासघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे जानकारी गराउदै सूचना दिने र लिने पक्षलाई जागरण गर्न यसप्रकारका कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो । प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका आयुक्त श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे विस्तृत रूपमा चर्चा गर्नुभएको थियो । सो प्रस्तुतिपछि सहभागीहरूले आआफ्ना भनाइ, टिप्पणी र सुझाव प्रस्तुत गर्नु भएको थियो । सो क्रममा प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरे, अधिवक्ता एवम् पत्रकार भोला शर्मा, इन्जिनियर सूर्यप्रकाश पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख हरिराज वाग्ले, एमाले नेता राजु पौडेल लगायत जिल्लाका विभिन्न सरकारी र गैरसरकारी संस्थाका प्रमुखहरूले पनि आफ्नो भनाइ राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सूचना आयुक्त श्री श्रीआचार्यले सहभागीहरूको जिज्ञासाबारे जवाफ दिनु भएको थियो ।




*कुस्मा, पर्वत*

## बाग्लुङ

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा माघ १९ गते बाग्लुङ जिल्लाको सदरमुकाममा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

नेपाल पत्रकार महासंघ बाग्लुङका अध्यक्ष हरिनारायण गौतमको अध्यक्षता, उपाध्यक्ष रामबहादुर के.सी. को संचालनमा र सचिव मुकेशचन्द्र राजभण्डारीको स्वागतमा सम्पन्न सो कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय सदस्य रविन्द्र वास्तोलाले कार्यक्रमको औचित्यबारे जानकारी गराउँदै सरोकारबाला सबैमा जागरण पैदा गर्ने तथा सम्बन्धित निकायलाई ऐन कार्यान्वयनमा दवाव दिने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताउनुभयो । नेपाल पत्रकार महासघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे जानकारी गराउदै सूचना दिने र लिने पक्षमा जागरण ल्याउन यसप्रकारको कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो । प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे विस्तृत विवरण प्रस्तुत गनुभएको थियो । उहाँले नेपाली नागरिकलाई हरेक सार्वजनिक निकायका सूचना माग्ने हक भएको प्रष्ट पार्दै खुला र पारदर्शी समाज निर्माण गर्न नागरिकको सूचनामा पहुँच कायम हुनुपर्ने बताउनुभयो । त्यसपछि सहभागीहरूले आआफ्नो धारणा, जिज्ञासा र सुझाव प्रस्तुत गरेका थिए । जसबारे सूचना आयोगका सूचना आयुक्त श्रीआचार्य, पत्रकार महासंघका उपाध्यक्ष गोविन्द आचार्य र कोषाध्यक्ष रमेश विष्टले प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रममा स्थानीय विकास अधिकारी जनककाजी पौड्याल, उद्योग वाणिज्य संघका अध्यक्ष बसन्तकुमार श्रेष्ठ, रेडक्रस सोसाइटीका अध्यक्ष विश्वनाथ रेग्मी, एकीकृत माओवादीका कृष्ण के.सी., विद्यार्थी हरिहर शर्मा, पत्रकार हिरा के.सी., भीम बराइली, सहभागी यमबहादुर थापा, चन्द्रबहादुर क्षेत्री, सहायक प्रजिअ डोलराज ढकाल लगायत विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, पत्रकार र नागरिक समाजका व्यक्तिहरूले आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा विभिन्न सरकारी कार्यालय, नागरिक समाज, संघसंस्थाका प्रतिनिधि लगायतको सहभागिता थियो ।




**म्याग्दी**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा माघ २० गते म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा जिल्लास्थित नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवम् पत्रकारहरूको व्यापक

उपस्थिति थियो । पत्रकार महासंघ, म्याग्दी शाखाका अध्यक्ष घनश्याम खड्काको अध्यक्षता, सचिव तारानाथ सापकोटाको संचालनमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्य विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमको औचित्यबारे पत्रकार महासंघका केन्द्रीय सदस्य रविन्द्र वास्तोलाले प्रकाश पार्नु भएको थियो ।

प्रमुख अतिथि श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनको मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । उहांले राष्ट्रिय सूचना आयोगका गतिविधि र यसले गतवर्षमा गरेका उल्लेख्य कार्यहरूको चर्चा गर्नुभएको थियो । सो छलफल कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्री श्रीआचार्य र पत्रकार महासंघका उपाध्यक्ष गोविन्द आचार्यले दिनुभएको थियो ।



कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भीमप्रसाद तिवारी, जिल्ला शिक्षा कार्यालयका गंगा गुरुङ, एकीकृत नेकपा माओवादीका नेता टेकबहादुर विक, अधिवक्ता उदयचन्द्र अधिकारी, पत्रकार महासंघका कोषध्यक्ष रमेश विष्ट लगायत विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, पत्रकार र नागरिक समाजका व्यक्तिहरूले आफ्नो धारणा राख्नु भएको थियो । सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**स्याङजा**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम माघ २० गते स्याङजा जिल्लाको सदरमुकाम सम्पन्न भयो । कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एंव पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनको मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । उहाँले राष्ट्रिय सूचना आयोगका गतिविधिको चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूद्वारा राखिएको जिज्ञासाको जवाफ सूचना आयुक्त श्री श्रीआचार्यले दिनुभएको थियो । त्यसअघि पत्रकार महासंघका केन्द्रिय सदस्य पुण्य पौडेलले विषय प्रवेश गर्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नन्दीकेशर त्रिपाठी, जिल्ला




प्रहरी कार्यालयका प्रतिनिधि रमेश श्रेष्ठ, बार एसोसिएसनका अध्यक्ष युवनारायण श्रेष्ठ, जिविस प्रतिनिधि हुमनाथ शर्मा, काँग्रेस नेता खगेन्द्रराज रेग्मी लगायतका सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । पत्रकार महासंघ, स्याङजा शाखाका अध्यक्ष ओमप्रकाश शर्माको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**मकवानपुर**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा २०६६ माघ २६ गते मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडा बजारमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे जानकारी गराउनु भएको थियो । प्रमुख अतिथि सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगको कार्य विवरण प्रस्तुत गर्नुभएको थियो ।




सहभागी राजन दाहाल, रामश्वेर पुडासैनी, कृषि विकास कार्यालयका बासुदेव

शर्मा, हेटौँडा नगरपालिकाका विकेश मर्हजन, मनोज ढुगंरी, प्राध्यापक भूपमणि दाहाल, जिशिकाका हिम शर्मा, विजय तिमिल्सिना, सरोज मैनाली, धन बस्नेत, वविनकुमार शाह लगायतले आफ्ना जिज्ञासा एवम् धारणा प्रस्तुत गर्नुभएको थियो । अन्त्यमा सूचना आयुक्त श्री सविता भण्डारी बरालले सहभागीहरूका जिज्ञासाको जवाफ दिनुभएको थियो । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष राममणि दाहालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जिल्लास्थित राजनीतिक दल, सार्वजनिक निकायका प्रतिनिधि, संचारकर्मी, कानुनविद्, मानवअधिकारकर्मी लगायतको व्यापक सहभागिता थियो । सहसचिव सुनिल खड्काले कार्यक्रम संचालन र केन्द्रिय सदस्य प्रताप विष्टले स्वागत गर्नु भएको थियो ।

**कपिलवस्तु**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको सहकार्यमा २०६६ माघ २७ गते कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा सूचनाको हकसम्बन्धी नागरिक सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवम् स्थानीय पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथि र नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष गोविन्द आचार्य विशेष अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा सूचना आयुक्त सविता भण्डारीले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यता र नेपालमा ऐन कार्यान्वयनको अवस्थाबारे विस्तृतरूपमा प्रकाश पार्नु भएको थियो । उहाँले आयोगका गतिविधि र आयोगले गरेका महत्वपूर्ण क्रियाकलापहरूबारे पनि चर्चा गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त सविता भण्डारी बरालले दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शंभु भण्डारी, एकीकृत नेकपा माओवादीका भानुप्रकाश श्रेष्ठ, नागरिक समाजका द्रोणराज सुवेदी, इन्सेकका नन्दराम पौडयाल, नेपाल सद्भावना पार्टीका रामदयाल ठाकुर, चिनकप्रसाद कुर्मी, जिल्ला बन कार्यालयका प्रकाश प्याकुरेल, सुरेन्द्र लम्साल लगायतले आफ्ना भनाइ राख्नु भएको थियो । सहभागीहरूले चेतनामूलक शैलीमा अन्तरक्रियात्मक र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम राख्नु पर्ने, जनसरोकारसँग सम्बन्धित उत्पादन, निर्माण, अस्पताल र बैकिङ क्षेत्रलाई आयोगबाटै सूचना सार्वजनिक गर्न निर्देशन दिनु पर्ने,




विद्यार्थीवर्गलाई लक्षित गरेर पाठ्यक्रममा सूचनाको हकको विषय राख्नुपर्ने लगायतका सुझाव दिएका थिए । कार्यक्रम पत्रकार महासंघ, कपिलवस्तु शाखाका अध्यक्ष भेषराज पाण्डेको सभापतित्व भएको

थियो । सचिव किरणमान ब्रजाचार्यले कार्यक्रम संचालन र उपाध्यक्ष बनारसी बर्माले स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**नवलपरासी**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघको सहकार्यमा नवलपरासीमा २०६६ माघ २८ गते सूचनाको हकसम्बन्धी नागरिक सचेतना कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमा जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवं स्थानीय पत्रकारहरूको बाक्लो उपस्थिति थियो । पत्रकार महासंघ, नवलपरासी शाखाका अध्यक्ष कृष्णबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथि र नेपाल पत्रकार महासंघ केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्य विशेष अतिथि हुनुहुन्थ्यो । पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा ४० जना भन्दा बढीको सहभागिता थियो ।

कार्यक्रममा सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐनको मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै यसको कार्यन्वयन पक्ष र सूचना आयोगका कार्यबारे प्रकाश पर्नुभएको थियो । उहाँले आयोगले गतवर्षमा गरेका उल्लेख्य कार्यबारे चर्चा गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूद्वारा राखिएका जिज्ञासाको श्री सविता भण्डारी बरालले जवाफ दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले आफूलाई ऐन बनेको थाहा भए पनि पहिलो पटक ऐन हेर्न पाएको बताउँदै ऐन कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सहभागीहरूले गाउँगाउँमा चेतनामूलक अन्तरक्रियात्मक कार्यक्रम, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्नु पर्ने, शिक्षक, विद्यार्थी, पत्रकार र वकिलहरूलाई लक्षित गरेर यस्ता कार्यक्रम बनाउने सुझाव दिएका थिए ।




कार्यक्रममा राष्ट्रिय सूचना आयोगको तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

## चितवन

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा २०६६ फागुन १ गते चितवनको सदरमुकाम भरतपुरस्थित बार एसोसियसनको सभाकक्षमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे जानकारी गराउदै सूचना दिने र लिने पक्षलाई जागरण पैदा गर्न यसप्रकारको कार्यक्रम गर्न लागिएको जानकारी गराउनु भयो । प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐन यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्यबारे अवधारणा प्रस्तुत गर्नुभएको थियो । उहाँले नेपालका प्रत्येक नागरिकलाई सूचना खोज्न पाउने र सार्वजनिक महत्वका सूचना सार्वजनिक गर्ने हक ग्यारेण्टी गरिएको बताउँदै त्यसमा कहीँ कतैबाट अवरोध गरिए सूचना आयोगमा पुनरावेदन गर्न सकिने जानकारी गराउनु भयो ।

कार्यक्रममा सहभागीहरूले आआफ्ना भनाइ, टिप्पणी र सुझाव प्रस्तुत गरेका थिए । सो क्रममा जिल्ला वन कार्यालयका यमबहादुर थापा, मालपोत प्रमुख प्रकाश श्रेष्ठ, जिविसका बलराम लुइटेल, पत्रकार नारायण ढुगांना, सहभागी मोहन बस्याल, पशु सेवा कार्यालयका अर्जुन थपलियालगायतले आफ्ना जिज्ञासा एवं धारणा प्रस्तुत गर्नुभएको थियो । सूचना आयुक्त श्री सविता भण्डारी बरालले सहभागीहरूका जिज्ञासाको जवाफ दिनु भएको थियो । नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष कृष्ण गिरीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको संचालन र स्वागत सचिव शान्ता भण्डारीले गर्नु भएको थियो । कार्यक्रममा नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एंव पत्रकारहरूको व्यापक उपस्थिति थियो ।

## ललितपुर

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम ललितपुरको मानभवनस्थित जिल्ला जनस्वास्थ्य कार्यालयको तालिम हलमा २०६६ फागुन २५ गते सम्पन्न भयो । कार्यक्रमको सुरुमा नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले कार्यक्रमबारे प्रकाश पर्नु भएको थियो । प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनको मुख्यमुख्य बूँदांबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । उहाँले आयोगका गतिविधि र यसले गतवर्षमा गरेका कार्यको चर्चा गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गर्दै यस्ता नागरिक जागरण कार्यक्रम व्यापक रूपमा जनस्तरमा लैजान र सूचनाको हक संरक्षण सञ्जाल नै बनाएर गाउँगाउँमा पुऱ्याउन आयोग र महासंघले पहल गर्नु पर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डे, एकीकृत नेकपा माओवादी, नेकपा एमालेका नेताहरू, हरि दाहाल, सुरेन्द्रमोहन शर्मा, भुपेन्द्र नेम्वाङ, स्थानीय विकास अधिकारी विष्णुप्रसाद ढकाल, वार एसोसिएसनका अध्यक्ष रमेशकुमार मैनालीले विचार व्यक्त गर्नुभएको थियो । सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्री श्रीआचार्य दिनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो । जिल्लाका नागरिक समाजका अगुवा, राजनीतिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका

प्रमुख तथा प्रतिनिधि, शिक्षक, उद्योगी व्यापारी एवम् पत्रकारहरूको उपस्थित सो कार्यक्रमको अध्यक्षता पत्रकार महासंघ, ललितपुर शाखाका अध्यक्ष दामोदर तिमिल्सिनाले गर्नु भएको थियो । सचिव पूर्णसिंह वराइलीले कार्यक्रम संचालन र कोषाध्यक्ष अमृतनाथ तिमिल्सिनाले स्वागत गर्नु भएको थियो ।

**धादिङ**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा २०६६ चैत्र १५ गते धादिङको सदरमुकाम धादिङबेसीमा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको सुरुमा नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्यले सूचनाको हकसम्बन्धी ऐन बनाउन प्रमुख भूमिका खेलेको महासंघले ऐनलाई व्यवहारमा उतार्नका लागि पनि आयोगसँग मिलेर कार्यक्रम गरिरहेको प्रष्ट पार्नु भयो । ऐनमा प्रत्येक नागरिकलाई सूचनाको हकको ग्यारेण्टी गरिएको र यो ऐन पत्रकारका लागि मात्र नभएको पनि उहाँले प्रष्ट पार्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हक जनताको सम्पत्ति हो, सूचना लिनु नागरिकको अधिकार र कर्तव्य पनि हो र सूचना दिँदा सार्वजनिक निकायहरू जिम्मेवार बन्दछन् भन्दै सूचनाको हकसम्बन्धी ऐन, यसको कार्यान्वयन पक्ष र सूचना आयोगका कार्य विवरण प्रस्तुत गर्नुभएको थियो । उहाँको प्रस्तुतिपछि सहभागीहरूले त्यसै विषयमा टिप्पणी, सुझाव र जिज्ञासा राख्दै जिल्लाको अवस्थाबारे जानकारी गराएका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले जनता लिखित निवेदन लिएर सूचना माग्न नआएको बताउदै निकायले सूचना मागेपछि मात्रै दिने नभई आफै सार्वजनिक गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारी कार्यालयमा सूचनाको अभिलेख कसरी राख्ने भन्ने सम्बन्धमा सूचना व्यवस्थापन सम्बन्धी तालिम दिनु पर्ने बताउनुभयो । जिल्लाका सबै कार्यालयमा सूचना अधिकारी तोकिएको बताउँदै ऐनबारे जानकारी दिन गाउँगाउँसम्म पुग्ने तयारी भइरहेको जानकारी दिनुभयो । सामुदायिक रेडियो प्रसारक संघका केन्द्रिय कोषाध्यक्ष सुवास खतिवडाले सूचनाको हकको महत्वबारे प्रष्ट पार्दै देशभरका सामुदायिक रेडियोहरूले यससम्बन्धी सचेतना कार्यक्रम प्रसारण गर्ने तयारी गरिरहेको बताउनुभयो । उहाँले गैरससरकारी सार्वजनिक संस्थाहरूलाई पनि सूचना दिनु पर्ने बाध्यता भए पनि ती निकायले सूचना नदिएकोले त्यसको अनुगमन हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गर्दै नागरिक जागरण कार्यक्रम व्यापक रूपमा पुऱ्याउन आयोग र महासंघले पहल गर्नु पर्ने कुरामा जोड दिएका थिए । सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्री सविता भण्डारी बरालले दिनुभएको थियो । कार्यक्रम नेपाल पत्रकार महासंघ धादिङका अध्यक्ष सीतारामप्रसाद वर्माको अध्यक्षता भएको थियो । सचिव सीता अधिकारीले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको थाहा पाउने अधिकार, सूचनाको हक कार्यान्वयन निर्देशिका र सूचनाको हक किन भन्ने सूचनामूलक पम्पलेट वितरण गरिएको थियो ।

**सिन्धुपलाञ्चोक**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा २०६६ चैत्र ३ गते सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको

हकसम्बन्धी कानुन र यसको महत्वका बारेमा चर्चा गर्दै यसलाई पालना नगर्दा हुने दण्ड-सजायका बारेमा समेत बताउनु भएको थियो । सो क्रममा आयुक्त श्रीआचार्यले राष्ट्रिय सूचना आयोगका बारेमा पनि विस्तृत चर्चा गर्नु भएको थियो ।

कार्यक्रममा सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी हरिकृष्ण उपाध्यायले जिल्लामा सूचना प्रवाहको अवस्थाको बारेमा सहभागीहरूलाई जानकारी गराउनुभएको थियो । सहभागीहरूले सरकारी कार्यालय र विभिन्न संघसंस्थाका प्रतिनिधि तथा प्रमुखहरूले आआफ्ना कार्यालयसँग सम्बन्धित सूचनाहरू जनतालाई उपलब्ध गराउने गरिएको बताउँदै सूचना प्रणालीलाई थप व्यवस्थित बनाइने प्रतिबद्धतासमेत जाहेर गरेका थिए । महासंघका पूर्वसभापति विष्णु निष्ठूरीले सूचनाको हकसम्बन्धी कानुनले जनतालाई अधिकार सम्पन्न बनाएको बताउनुभयो । उहांले भारतमा यस्तै प्रकारको कानुनले ल्याएको पविर्तनका बारेमा समेत चर्चा गर्नु भएको थियो । कार्यक्रममा अधिकांश सहभागीले सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम गाउँगाउँसम्म पुर्‍याउनु पर्ने आवश्यकता औंल्याएका थिए भने पत्रकारहरूले यसलाई अभियानका रूपमा अघि बढाउन आफूहरू तयार रहेको बताउनुभयो ।

नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखाका अध्यक्ष पवित्रकुमार खड्काले अध्यक्षता गर्नु भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका पदाधिकारी, पत्रकार, नागरिक समाजका प्रतिनिधि, विभिन्न संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । नेपाल पत्रकार महासंघका कोषाध्यक्ष रमेश विष्टले महासंघ र राष्ट्रिय सूचना आयोगले सञ्चालन गरेका सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम बारेमा प्रकाश पार्नु भएको थियो ।




*सिन्धुपलाञ्चोक जिल्लाको चौतारामा आयोजित सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रमका सहभागीहरू ।*




*सिन्धुपलाञ्चोक जिल्लाको चौतारामा नेपाल पत्रकार महासंघको सभाकक्षमा आयोजित कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका पूर्वसभापति श्री विष्णु निष्ठुरी ।*

## रामेछाप

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा २०६६ चैत्र २ गते सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा सम्पन्न भयो । कार्यक्रमको सुरुमा नेपाल पत्रकार महासंघका कोषाध्यक्ष रमेश विष्टले महासंघ र राष्ट्रिय सूचना आयोगले सञ्चालन गरेका सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम बारेमा चर्चा गर्नु भएको थियो ।

प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी कानुन र यसको महत्वका साथै राष्ट्रिय सूचना आयोगका गतिविधिका बारेमा विस्तृत प्रकाश गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शंकर अर्याल, नेपाल पत्रकार महासंघका पूर्वसभापति विष्णु निष्ठूरीले मन्तव्य व्यक्त गर्नु भएको थियो । सरकारी कार्यालय र विभिन्न संघसंस्थाका प्रतिनिधि तथा प्रमुखहरूले आ-आफ्ना कार्यालयसँग सम्बन्धित सूचनाहरू जनतालाई उपलब्ध गराउने गरिएको बताउदै सूचना प्रणालीलाई थप व्यवस्थित बनाइने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरूले सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम गाउँगाउँसम्म पुऱ्याउनु पर्ने आवश्यकता औंल्याएका थिए भने पत्रकारहरूले यसलाई अभियानका रूपमा अघि बढाउन आफूहरू तयार रहेको बताउनुभयो । नेपाल पत्रकार महासंघ रामेछाप शाखाका अध्यक्ष टीका भट्टको अध्यक्षतामा भएको उक्त सचेतना कार्यक्रममा नेपाल पत्रकार महासंघका पदाधिकारी, पत्रकार, नागरिक समाजका प्रतिनिधि तथा विभिन्न संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




*मन्थली, रामेछाप*

**पाल्पा**

२०६७ जेठ ११ गते राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ पाल्पा शाखाको आयोजनामा 'सूचनाको हकसम्बन्धी जागरण कार्यक्रम' सम्पन्न भयो । सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले 'सूचनाको हकसम्बन्धी ऐन र सार्वजनिक निकायको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमका सहभागीहरूमध्ये जिल्ला न्यायाधीश श्री हरिप्रसाद बगालेले सूचनाको हक कार्यान्वयन गर्दा जरिवाना नगर्ने वातावरण तयार गर्नु राम्रो हुने सुझाव दिनुभयो । उहाँले पत्रकारहरूसँग एक पक्षको मात्रै सूचना लिएर समाचार नबनाउन अनुरोध गर्नुभयो । प्रमुख जिल्ला अधिकारी जनकराज रेग्मीले सूचना दिने वातावरण बनाउने जिम्मा कसको हो ? भन्ने प्रश्न राख्दै मन्त्रालयहरूलाई तालिम, स्रोतसाधन र समय उपलब्ध गराइदिन सुझाव दिनुभयो । सूचना लिने दिने काममा सकारात्मक वातावरण हुनुपर्ने, बाझिने कानुनहरू संशोधन गर्नुपर्ने, पत्रकारले समाचार लेख्दा पुष्टि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले पत्रकारहरूलाई परिचयपत्र सँगै लिएर हिँड्न पनि आग्रह

गर्नुभयो । वरिष्ठ पत्रकार मेघराज शर्मा, कर्णबहादुर बानिया, जगदीश भट्टराईलगायत नागरिक समाजका प्रतिनिधिहरूले सूचनाको हक र आयोगका कामका बारेमा जिज्ञासा राख्नु भएको थियो ।

नेपाल पत्रकार महासंघ, पाल्पा शाखाका अध्यक्ष श्री भगवान भण्डारीको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथि प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले उद्‌घाटन गर्नु भएको थियो । महासंघका जिल्ला सचिव राजेशकुमार अर्यालले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रममा सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू राजनीतिक दलका प्रतिनिधिहरू, पत्रकार तथा नागरिक समाजका विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।



*पाल्पाको कार्यक्रममा बोल्दै प्रमुख सूचना आयुक्त विनयकुमार कसजू ।*

**कैलाली**

सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेष्ठ २८ गते कैलाली जिल्लाको सदरमुकाम धनगढीमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासघको सहकार्यमा आयोजित यो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनितिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । पत्रकार महासंघ, कैलाली शाखाका अध्यक्ष श्री दीर्घराज उपाध्यायको अध्यक्षता सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघ केन्द्रिय कोषाध्यक्ष श्री रमेश विष्ट विशेष अतिथिको रूपमा उपस्थिति हुनुहुन्थ्यो ।

कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । सहभागीहरूका सुझावमा यस्ताखाले नागरिक जागरण कार्यक्रम व्यापकरूपमा जनस्तरमा लग्नुपर्ने र सार्वजनिक नियमित अनुगमन हुनुपर्ने सुझाव दिएका थिए । छलफल कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्री श्रीआचार्यले दिनुभएको थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार पारी वितरण गरिएको 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक पम्प्लेट धेरै उपलब्धिमूलक रहेका र यस्ता प्रकाशन गाउँसम्म पुऱ्याउनु पर्ने सहभागीहरूको भनाइ थियो ।

**कंचनपुर**

सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेष्ठ २८ गते कंचनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको सहकार्यमा आयोजित सो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनितिक पार्टीका प्रतिनिधि, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि एवम् स्थानीय पत्रकारहरूको उल्लेखनीय संख्यामा उपस्थिति थियो । पत्रकार महासंघ, कंचनपुरका उपाध्यक्ष श्री अशोक पाण्डेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघका केन्द्रिय कोषाध्यक्ष श्री रमेश विष्ट विशेष अतिथिको रूपमा उपस्थिति हुनुहुन्थ्यो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनवारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए ।



कार्यक्रममा राष्ट्रिय सूचना आयोगले तयार पारेको "थाहा पाउने अधिकार", "सूचनाको हक कार्यान्वयन निर्देशिका", पुस्तिका र सूचनाको हक किन ?" भन्ने सूचनामूलक पम्प्लेट वितरण गरिएको थियो ।

**बाँके**

सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम अर्न्तगत २०६७ जेष्ठ २७ गते बाँकेको सदरमुकाम नेपालगंजमा सूचनाको हकसम्वन्धी जनजागरण कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघद्वारा आयोजित सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य, पत्रकार महासंघका केन्द्रिय कोषाध्यक्ष श्री रमेश विष्ट, विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकार नागरिक समाजका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, विद्यार्थी लगायतको उपस्थिति थियो । पत्रकार महासंघ, बांके शाखाका अध्यक्ष श्री झलक गैरेको अध्यक्षतामा कार्यक्रममा सम्पन्न भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्य मुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यता र नेपालमा कार्यान्वयनको अवस्थाका बारेमा प्रकाश पर्नुभएको थियो । उहांले राष्ट्रिय सूचना आयोगका गतिविधि र यसले गतवर्षमा गरेका उल्लेख्य निर्णयहरूको चर्चा गर्दै ऐन कार्यान्वयनमा सबैलाई सहकार्य गरेर अघि बढ्न आग्रह गर्नु भयो । कार्यक्रमको औचित्यबारे पत्रकार महासंघका केन्द्रिय कोषाध्यक्ष श्री

रमेश विष्टले प्रष्ट पार्नुभएको थियो भने सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्रीआचार्यले दिनुभएको थियो ।

गोष्ठीमा राष्ट्रिय सूचना आयोगले तयार पारेको 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक पम्पप्लेटहरू वितरण गरिएको थियो ।



*नेपालगंजमा आयोजित सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रमलाई सम्बोधन गर्दै सूचना आयुक्त श्री श्रीआचार्य ।*

**बर्दिया**

सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेष्ठ २७ गते बर्दिया जिल्लाको सदरमुकाम गुलरियामा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघद्वारा आयोजित सो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, राजनितिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योगी-व्यापारी एवं स्थानीय पत्रकारहरूको उपस्थिति थियो । पत्रकार महासंघ, बर्दिया शाखाका अध्यक्ष श्रीराम सिग्देलको अध्यक्षता सम्पन्न त्यस कार्यक्रममा जिल्लाका राजनितिक दलका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी साथै जिल्ला विकास समितिका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि लगायतका सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष श्री रमेश विष्टले कार्यकमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्य मुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यता र नेपालमा कार्यान्वयनको अवस्थाका बारेमा प्रकाश पार्नु भएको थियो । उहांले राष्ट्रिय सूचना आयोगका गतिविधि र यसले गतवर्षमा गरेका उल्लेखनीय निर्णयहरूको चर्चा गर्दै ऐन कार्यान्वयनमा सबैलाई सहकार्य गरेर अघि बढ्न आग्रह गर्नुभयो । कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका विभिन्न जिज्ञासाको जवाफ पनि सूचना आयुक्त श्री श्रीआचार्यले दिनुभएको थियो ।




*बर्दिया जिल्लाको गुलरियामा आयोजित सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम ।*

## डोटी

सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेष्ठ २९ गते डोटी जिल्लाको सदरमुकाम सिलगढीमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघद्वारा आयोजित सो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, शिक्षक, विद्यार्थी, राजनितिक पार्टीका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योगी-व्यापारी एवं पत्रकारहरूको उपस्थिति थियो । पत्रकार महासंघ, डोटी शाखाका अध्यक्ष श्री दिलबहादुर बस्यालको अध्यक्षता सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्याक्रममा प्रमुख जिल्ला अधिकारी भवानीप्रसाद पराजुली, नेपाली सेनाका प्रतिनिधि, वकिल, स्थानीय विकास अधिकारी समेतको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताका साथै आयोगका गतिविधि र आयोगले गतवर्षमा गरेका उल्लेख्य निर्णयहरूको चर्चा भएको थियो । छलफल कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका विभिन्न जिज्ञासाको पनि सूचना आयुक्त श्री श्रीआचार्यले जवाफ दिनुभएको थियो ।



*सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रमअन्तर्गत डोटी जिल्लाको सदरमुकाम सिलगढीमा आयोजना गरिएको गोष्ठीमा जिल्लामा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाबारे जानकारी गराउँदै प्रमुख जिल्ला अधिकारी श्री भवानीप्रसाद पराजुली ।*

त्यसअघि विशेष अतिथि श्री रमेश विष्टले विषयप्रवेश गर्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । उहांले पत्रकार महासंघले सूचना दिने र लिने दुवै पक्षलाई जागरुक बनाउन आयोगसँग मिलेर देशभर यस्ता कार्यक्रम गरिरहेको बताउनु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट तयार गरिएको 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक पम्प्लेटहरू वितरण गरिएका थिए ।

**अछाम**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेठ ३० गते अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा सम्पन्न भयो ।

पत्रकार महासंघ, अछाम शाखाका अध्यक्ष श्री वेदप्रकाश तिमल्सिनाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्य प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघका केन्द्रिय कोषाध्यक्ष श्री रमेश विष्ट विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्य मुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नुका साथै राष्ट्रिय सूचना आयोगका गतिविधि र यसले गतवर्षमा गरेका उल्लेख्य निर्णयहरूको चर्चा भएको थियो ।

यसअघि विशेष अतिथि श्री रमेश विष्टले विषय प्रवेश गर्दै कार्यक्रमको औचित्य र पत्रकारहरूले सूचना माग गर्दा आईपर्ने समस्याहरूबारे प्रकाश पार्नु भएको थियो । प्र.जि.अ. श्री ज्ञानपुरुष ढकालले जिल्लाको अवस्था बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । सार्वजनिक निकाय/सरोकारवाला कार्यलयका सूचना अधिकारीहरूलाई पनि सूचनाको हकसम्बन्धी ऐनवारे अभिमुखीकरण कार्यक्रम चाहिने बताउँदै उनीहरूलाई जागरुक नगराई जनताले ऐनको उपयोग गर्न पाउदैनन् । त्यसैले सचेतनामूलक कार्यक्रम सदरमुकाम र गाउँस्तर लगायत सबैतिर गर्ने र सूचना अधिकारीहरूलाई कसरी सूचना दिनु पर्छ भनेर तालिम नै दिनु पर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगको कार्यलय केन्द्रीय स्तरमामात्र नभई जिल्ला स्तरमा पनि राखिनु पर्छ, जसबाट सूचनाको हकसम्बन्धी ऐन राम्ररी कार्यान्वयन हुने सहभागीहरूको विचार थियो ।



*अछामको सदरमुकाम मंगलसेन बजारस्थित जि.वि.स.को सभाकक्षमा आयोजित सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रमका सहभागीहरु ।*

**डडेलधुरा**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा आयोजित सूचनाको हकसम्बन्धी सचेतना कार्यक्रम २०६७ जेठ ३१ गते डडेलधुरामा सम्पन्न भयो । पत्रकार महासंघ, डडेलधुरा शाखाका अध्यक्ष श्रीराम धामीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्लाको सम्पूर्ण राजनितिक दलका प्रतिनिधि, पत्रकार, संघसंस्था, प्रमुख जिल्ला अधिकारीका साथै जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालय लगायतका सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रमका राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे राखेका जिज्ञासा र सुझावहरूबारे श्रीआचार्यले जवाफ दिनु भएको थियो । त्यसअघि पत्रकार महासंघका कोषाध्यक्ष श्री रमेश विष्टले कार्यक्रमवारे जानकारी गराउनु भएको थियो । केन्द्रिय सदस्य छत्र सावदले स्वागत गर्नु भएको थियो । सरकारी कार्यालयका कर्मचारी र आमनागरिकलाई सो ऐनका कानुनी प्रवधान र प्रयोगबारे स्पष्ट पार्न समय समयमा जिल्लाको सदरमुकाममा मात्र होइन गाउँ गाउँ र टोल टोलमा यस्ता कार्यक्रम गर्नु पर्ने सुझाव सहभागीहरूले दिएका थिए ।

**रौतहट**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघको संयुक्त आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम २०६७ असार २७ गते रौतहट जिल्लाको गौरमा सम्पन्न भयो । पत्रकार महासंघ, रौतहट शाखाका अध्यक्ष श्री प्रेमचन्द्र झाको अध्यक्षततामा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघ केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्य विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, सरकारी कार्यालयका प्रतिनिधि एवं पत्रकारहरूसमेत लगभग ३५ जनाको उपस्थिति थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हक कार्यान्वय गर्नेबारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । सहभागीहरूलाई सूचनाको हकसम्बन्धी पुस्तिका र प्रचार सामग्री बाँडिएको थियो ।

**धनुषा**

सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम २०६७ असार २८ गते धनुषा जिल्लाको जनकपुरमा सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगको सहयोगमा नेपाल पत्रकार महासंघद्वारा आयोजित यो कार्यक्रममा जिल्लाका नागरिक समाजका अगुवा, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि एवम् पत्रकारहरूको उपस्थिति थियो । पत्रकार महासंघ, धनुषा शाखाका अध्यक्ष श्री उमेश शाहको अध्यक्षततामा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघ केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्य विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा लगभग ३० जनाको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐनका मुख्यमुख्य बूँदाबारे स्पष्ट गर्दै सूचनाको हकको विश्वव्यापी सैद्धान्तिक मान्यताबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐनबारे जिज्ञासा र सुझावहरू प्रस्तुत गरेका थिए । सहभागीहरूलाई सूचनाको हकसम्बन्धी पुस्तिका र सचेतना सामग्री बाँडिएको थियो ।

**महोत्तरी**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम महोत्तरी जिल्लाको जलेश्वरमा २०६७ असार २८ गते सम्पन्न भयो । पत्रकार महासंघ, महोत्तरी शाखाका अध्यक्ष श्री हरि मण्डलको अध्यक्षततामा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघ केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्य विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो कार्यक्रममा पत्रकार, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, नागरिक समाजका प्रतिनिधि, सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो ।

**सर्लाही**

राष्ट्रिय सूचना आयोग र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा सूचनाको हकसम्बन्धी नागरिक जागरण कार्यक्रम सर्लाही जिल्लाको लालबन्दीमा २०६७ असार २९ गते सम्पन्न भयो । पत्रकार महासंघ, सर्लाही शाखाका अध्यक्ष श्री श्री कृष्ण इस्मालीको अध्यक्षततामा सम्पन्न त्यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सविता भण्डारी बराल प्रमुख अतिथिको रूपमा र नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष श्री गोविन्द आचार्य विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा पत्रकार, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति थियो ।

परिशिष्टः ५

राष्ट्रिय सूचना आयोगद्वारा चार विकास क्षेत्रलाई समेटेर संचालित प्रशिक्षक प्रशिक्षण कार्यक्रमको विवरण

**क) सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम कास्की, पोखरा**

पोखरा, जेठ ११ गते । राष्ट्रिय सूचना आयोगबाट आयोजित सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम पश्चिमाञ्चल विकास क्षेत्रको कास्की, पोखरामा २०६७ जेठ ११ र १२ गते सम्पन्न भयो । पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने सोह्र जिल्लामध्ये प्रत्येक जिल्लाबाट एक जना सहभागी गराउने निर्णय भएअनुसार पत्रकार मध्येबाट ४, शिक्षक मध्येबाट ४, अधिबक्ता मध्येबाट ४ र गैरसरकारी संस्था महासंघका तर्फबाट ४ प्रतिनिधि पठाई दिन सम्बन्धित जिल्लाका सम्बन्धित अध्यक्षहरूलाई पत्राचार र फोन सम्पर्क गरी १६ जना सहभागी समावेश गर्ने गरी मिलाइएको यस कार्यक्रममा पोखराका विभिन्न बुद्धिजीवी, पत्रकार तथा अधिवक्ताहरूको अनुरोधलाई स्वीकार गरी स्थानीय ५ सहभागीहरू थप गर्दा सहभागी संख्या २० पुगेको थियो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सबिता भण्डारी बरालले आयोगको गठन प्रक्रियादेखि हालसम्मका गतिविधि, समस्या र चुनौतीका बारेमा प्रकाश पार्नुका

साथै प्रशिक्षक प्रशिक्षण कार्यक्रमको महत्व र उपादेयताका सम्बन्धमा चर्चा गर्नु भएको थियो । उहाँले सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य नै सार्वजनिक निकायलाई खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही, जिम्मेवार बनाउनुका साथै सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाई नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराई शासन व्यवस्थामा आम नागरिकको पहुँचलाई स्थापित गराई लोकतन्त्रलाई बलियो बनाउनु र लोकतन्त्रको लाभ आमजनतामा पुऱ्याउनु भएको कुरामा जोड दिनुभयो ।

कार्यक्रममा आयोगका सचिव श्री बिन्द्रा हाडा भट्टराईले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ को चर्चा गर्नुहुँदै विभिन्न निकायहरूले सूचना लुकाउने प्रवृत्तिलाई निरुत्साहित पार्दै पारदर्शिताको बानी बसाल्न प्रेरित गरिनु पर्नेतर्फ लाग्न सुझाव दिनु हुंदै कार्यक्रमबाट सिकेका कुराहरू व्यवहारमा प्रयोग गर्ने, गराउनेतर्फ सहयोग गर्नुहुन सुझाव दिनु भएको थियो ।

सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रमको दोस्रो दिन आयोगका सूचना आयुक्त श्रीआचार्यले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो । प्रमाणपत्र वितरण पश्चात् सहभागीहरूलाई सम्बोधन गर्दै उहाँले कार्यक्रममा सहभागी सबैसँग सूचनाको हकसम्बन्धी कार्यमा आआफ्नो तर्फबाट सक्रिय भूमिकाका लागि अनुरोध गर्नु भएको थियो । उहाँले कुनै विषयको ऐन बन्नु मात्र यथेष्ट हैन भन्नु हुँदै ऐनलाई व्यवहारमा लागू गर्ने, गराउनेतर्फ हामी सबैको भूमिका गहन हुने कुरा स्पष्ट पार्नु भएको थियो ।

समापन कार्यक्रममा बोल्नु हुंदै नेपाल पत्रकार महासंघ कास्की जिल्ला समितिका अध्यक्ष लगायत अधिकाँश वक्ताहरूले सबै जिल्ला र स्थानीय स्तरसम्ममा यस्तो कार्यक्रम गर्नुपर्ने, सहभागीको संख्यामा बढाउनु पर्ने, सहभागीहरूले पनि तालिममा हासिल गरेका कुराहरू व्यवहारमा लागू गर्न सक्रिय भूमिका खेल्नु पर्ने बताउनुका साथै समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था गरिरहनु पर्ने सुझाव दिनु भएको थियो ।

यस प्रशिक्षण कार्यक्रममा स्रोतव्यक्तिहरू श्री टंकराज अर्याल र बाबुराम अर्यालले प्रशिक्षण दिनु भएको थियो ।

**प्रशिक्षण कार्यक्रममा सहभागीहरू :**

| क्र.सं. | सहभागीको नाम | कार्यालयको नाम | पद |
|---|---|---|---|
| १ | युगनारायण श्रेष्ठ | जिल्ला वार एसोसियसन, स्याङजा | अध्यक्ष |
| २ | श्याम कुँवर | नेपाल पत्रकार महासंघ, कास्की | उपाध्यक्ष |
| ३ | विष्णु पोखरेल | नेपाल शिक्षक युनियन, पाल्पा | सचिव |
| ४ | कृपा भण्डारी | सञ्चारिका समूह, पश्चिमाञ्चल | सदस्य |
| ५ | दीपा रेग्मी | " " | सचिव |
| ६ | गोपाल भण्डारी | नेपाल पत्रकार महासंघ, कपिलवस्तु | सदस्य |
| ७ | दीपक ज्ञवाली | पत्रकार महासंघ, रूपन्देही | उपाध्यक्ष |
| ८ | जनकबहादुर वोहरा | पु.वे.अ. वार, पोखरा | सदस्य |
| ९ | शेषराज रेग्मी | गै.स.स.महासंघ, पर्वत | सदस्य |
| १० | मेघराज खनाल | नेपाल शिक्षक युनियन, गुल्मी | उपाध्यक्ष |

| | | | |
|---|---|---|---|
| ११ | हरिकृष्ण सुवेदी | नेपाल शिक्षक युनियन, म्याग्दी | अध्यक्ष |
| १२ | दिलीपकुमार श्रेष्ठ | नवलपरासी वार इकाई | सा.स. |
| १३ | देवीदत्त खनाल | गोरखा वार इकाई | सचिव |
| १४ | अग्निविलास अधिकारी | लमजुङ जिल्ला जि.अ. वार इकाई | कोषध्यक्ष |
| १५ | नवराज वाग्ले | नेपाल शिक्षक युनियन, तनहुँ | उपाध्यक्ष |
| १६ | केवी पौड्याल | पोखरा विश्वविद्यालय, लेखनाथ, कास्की | परीक्षा नियन्त्रक |
| १७ | कल्पिता मर्सानी | पु.वे.अ.वा.पोखरा | का. स. |
| १८ | डिलमाया भुजेल | पु.वे.अ.वा.पोखरा | सदस्य |
| १९ | मुकेशचन्द्र राजभण्डारी | नेपाल पत्रकार महासंघ, वाग्लुङ शाखा | सचिव |
| २० | दुर्गा भण्डारी | कास्की सन्देश साप्ताहिक | सम्पादक |
| २१ | श्रीआचार्य | रा.सू. आयोग | सूचना आयुक्त |
| २२ | सविता भण्डारी | रा.सू. आयोग | सूचना आयुक्त |
| २३ | विन्द्रा हाडा भट्टराई | रा.सू. आयोग | सचिव |
| २४ | गौलोचन सैंजू | रा. सू. आयोग | सहायक सचिव |
| २५ | बावुराम अर्याल | - | प्रशिक्षक |
| २६ | टंक अर्याल | - | प्रशिक्षक |
| २७ | मोहनबहादुर बुढाथोकी | रा.सू. आयोग | ना.सु. |





**ख) सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम घनकुटा, भैँडेटार**

राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम पूर्वाञ्चल विकास क्षेत्रको भैँडेटार, धनकुटामा २०६७ जेठ २७ र २८ गते सम्पन्न भयो । यस क्षेत्रअन्तर्गत पर्ने १६ जिल्लाबाट पत्रकार, शिक्षक, अधिवक्ता र गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरूमध्ये एकएक जना र केही सरकारी कार्यालयमा कार्यरत सूचना अधिकारीहरूलाई प्रशिक्षक प्रशिक्षण दिने व्यवस्था मिलाइएको थियो । जसअनुसार कार्यक्रम हुने अघिल्लो दिनसम्म १७ जना सहभागी आइपुग्ने जानकारी भए तापनि अन्तमा १३ जना सहभागीले मात्र भाग लिनुभएको थियो ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सबिता भण्डारी बरालले गर्नुभएको थियो । कार्यक्रमका आयोगका सहायक सचिव श्री गौलोचन सैंजूले सूचनाको हकसम्बन्धी ऐन, २०६४ कार्यान्वयनको लागि आयोजना गरिएको यसप्रकारको तालिमबाट आआफ्नो गाउँ, टोल र समाजका जनसमुदायलाई सूचनाको हक के कसरी प्राप्त गर्न सकिन्छ सोको जानकारी प्रदान गरी अभिप्रेरित गर्नुहुन अनुरोध गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो दिन आयोगका सूचना आयुक्त सबिता भण्डारी बरालले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । त्यसपछि उहाँले कार्यक्रमका सहभागीहरूलाई आआफ्नो व्यस्तताका बावजूद पनि कार्यक्रममा साथ दिनु भएकोमा खुसी व्यक्त गर्दै सूचनाको हकसम्बन्धी कार्यमा आआफ्नो तर्फबाट सक्रिय भूमिकाका लागि अनुरोध गर्नुभएको थियो । उहाँले कुनै विषयको ऐन बनेर मात्र स्वतः सफल हुन सक्दैन भन्दै ऐनलाई व्यहारमा लागु गर्ने / गराउने तर्फ हामी सबैको भूमिका गहन हुने कुरा स्पष्ट पार्नु भएको थियो । उहाँले प्रशिक्षण प्राप्त सहभागीलाई जिल्लामा यस्तै कार्यक्रम गर्दा स्रोत व्यक्तिको रूपमा सघाउन अनुरोध पनि गर्नु भएको थियो । सहभागीहरूका तर्फबाट बोल्ने अधिकांश वक्ताहरूले यस कार्यक्रमबाट अपेक्षा गरेभन्दा धेरै नै जानकारी मिलेको र यस सम्बन्धमा केही भूमिका आफूले पनि खेल्ने विश्वास दिलाउनु भएको थियो ।

यस प्रशिक्षण कार्यक्रममा स्रोतव्यक्तिहरू श्री टंकराज अर्याल र श्री सन्तोष सिग्देलले प्रशिक्षण दिनु भएको थियो ।

**प्रशिक्षण कार्यक्रममा सहभागीहरू :**

| क.सं. | सहभागीको नाम | कार्यालयको नाम | पद |
|---|---|---|---|
| १ | दीपेन्द्रकुमार मेहता | जि.वि.स., सुनसरी | क.अ. (ना.सु.) सूचना सहायक |
| २ | अशोककुमार वान्तवा | पत्रकार महासंघ, इलाम | सचिव |
| ३ | सत्यनारायण मेहता | ने.शि.संघ, सुनसरी | अध्यक्ष |
| ४ | नारायणप्रसाद दाहाल | सामुदायिक वाल विकास एवम् महिला जागरण केन्द्र, कटारी | उपाध्यक्ष |
| ५ | पुष्प अधिकारी | Save the Earth Sunsari | सदस्य |
| ६ | नारायण वान्तवा | मोरङ्ग बार एसोसियशन | सदस्य |
| ७ | नारायणप्रसाद लुइटेल | तेह्रथुम, जिल्ला वार एसोसियशन | उपाध्यक्ष |
| ८ | युवराज निरौला | मालपोत कार्यालय, सुनसरी | शा.अ. |
| ९ | त्रिलोचन गुरागाई | क्षे.प्रशासन का. धनकुटा | ले.अ. |
| १० | इन्दु पुर्वेली | नेपाल पत्रकार महासंघ, झापा | सदस्य |
| ११ | चुडाबहादुर थापा | ने. शिक्षक युनियन संखुवासभा | अध्यक्ष |
| १२ | लेखनाथ खतिवडा | ने. पत्रकार महासंध, पाँचथर | अध्यक्ष |
| १३ | Puspa | NGO Coordination Committee, | Chairman |

| | | | |
|---|---|---|---|
| | Bhattarai | Sunsari | |
| १४ | टंक अर्याल | | प्रशिक्षक |
| १५ | सन्तोष सिग्देल | | प्रशिक्षक |
| १६ | सबिता भण्डारी बराल | रा.सू.आयोग | सूचना आयुक्त |
| १७ | गौलोचन सैंजू | रा.सू.आयोग | सहायक सचिव |
| १८ | मोहनबहादुर बुढाथोकी | रा.सू.आयोग | ना.सु. |

**ग) सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम बाँके, नेपालगंज**

राष्ट्रिय सूचना आयोगले दुई विकास क्षेत्र - मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल - लाई समेटेर सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम २०६७ असार २० र २१ गते नेपालगंजमा आयोजना गरेको थियो । यसमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने पन्ध्र जिल्ला र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने नौ जिल्ला गरी जम्मा २४ जिल्लाका २४ जना र सरकारी निकायका सूचना अधिकारीहरू छ जना सहमागी हुने व्यवस्था मिलाइए तापनि अन्तमा २१ जना सहभागीले मात्र प्रशिक्षण लिएका थिए ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री सबिता भण्डारी बरालले गर्नु भएको थियो भने आयोगका सचिव श्री बिन्द्रा हाडा भट्टराईले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बारे प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरूका साथै स्थानीय बुद्धिजीबी, पत्रकार तथा समाजसेवीहरूको उपस्थिति थियो । उद्घाटन कायक्रममा अधिकांश वक्ताहरूले सूचनाको हकसम्बन्धी ऐन लागू भैसकेको र यसका लागि विभिन्न कार्यक्रम भए तापनि स्थानीयस्तरमा ऐनका बारेमा जानकारी पुऱ्याउनु पर्नेतर्फ ध्यान पुऱ्याउन सुझाव दिनु भएको थियो ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रमको दोस्रो दिन आयोगका सूचना आयुक्त श्री सबिता भण्डारी बरालले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो । सहभागीहरूका तर्फबाट बोल्ने अधिकांश वक्ताहरूले यस कार्यक्रमबाट अपेक्षा गरेभन्दा धेरै नै जानकारी मिलेको र यस सम्बन्धमा केही भूमिका आफूले पनि खेल्ने बिश्वास दिलाउनुका साथै आयोगबाट सहयोग र समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने सुझाव दिनु भएको थियो ।

यस प्रशिक्षण कार्यक्रममा स्रोतव्यक्तिहरू श्री बाबुराम अर्याल र श्री सन्तोष सिग्देलले प्रशिक्षण दिनु भएको थियो ।

**प्रशिक्षण कार्यक्रममा सहभागीहरू :**

| क.सं. | सहभागीको नाम | कार्यालयको नाम | पद |
|---|---|---|---|
| १ | छविराज शर्मा | जिल्ला अदालत वार इकाई, जाजरकोट | अधिवक्ता, प्राध्यापक |
| २ | गणेशदत्त देबकोटा | ब जि अ वार एसोसिएसन | अध्यक्ष |
| ३ | युवराज जोशी | एन वि ए डडेल्धुरा | चियरपर्सन |
| ४ | महेन्द्रसिह बम | नेपाल शिक्षक युनियन, कैलाली | अध्यक्ष |
| ५ | जगत बस्नेत | क्षेत्रीय प्रशासन कार्यालय सुर्खेत | शा अ |
| ६ | बलबहादुर चन्द | पुनरावेदन अदालत वार नेपालगंज | सचिव |
| ७ | तेजबहादुर कुँवर | गैसस अछाम | सदस्य |
| ८ | नरेशचन्द्र सुवेदी | गैसस प्युठान | सदस्य |
| ९ | राजेन्द्र नाथ | नेपाल पत्रकार महासंघ, बैतडी | अध्यक्ष |
| १० | सूरेससुमन डाँगी | नेपाल पत्रकार महासघं, दाङ्ग | प्रतिनिधि |
| ११ | रामकुमार सोनकर | जिल्ला प्रशासन कार्यालय, बाँके | क. अ. |
| १२ | वामदेव सुवेदी | नेपाल शिक्षक युनियन, बाँके | सचिव |
| १३ | धनसिंह खड्का | ने. शि.यु. सुर्खेत | अध्यक्ष |
| १४ | पूर्णा जोशी | ने.शि.यु.राष्ट्रिय समिति, डोटी | उपाध्यक्ष |
| १५ | मुना श्रेष्ठ | नेपाल पत्रकार महासंघ | प्रतिनिधि |
| १६ | विश्वजित तिवारी | बाके जिल्ला अदालत वार एसोसिएसन | अध्यक्ष |
| १७ | हिक्मत बिष्ट | कालिकोट जिल्ला वार एसोसिएसन | अध्यक्ष |
| १८ | यादवप्रसाद उपाध्याय | पत्रकार महासंघ सल्यान | अध्यक्ष |
| १९ | दिनेश चौधरी | गै.स.स.जाजरकोट | सदस्य |
| २० | लिलाराम ढकाल | मालपोत बाँके | ना.सू. |
| २१ | शरदकुमार पौडेल | जि.बि.स. बाँके | का.अ. |
| २२ | बाबुराम अर्याल | प्रशिक्षक | |
| २३ | सन्तोष सिग्देल | प्रशिक्षक | |
| २४ | सबिता भण्डारी बराल | रा.सू.आयोग | सूचना आयुक्त |
| २५ | बिन्द्रा हाडा भट्टराई | रा.सू.आयोग | सचिव |
| २६ | गौलोचन सैंजू | रा.सू.आयोग | सहायक सचिव |
| २७ | मोहनबहादुर बुढाथोकी | रा.सू.आयोग | ना.सु. |
| २८ | कृष्णकुमार लामा | रा.सू.आयोग | ह.स.चालक |

## परिशिष्ट-६

### अनुगमनसम्बन्धी गतिविधि

### झापा, मोरङ र इलामका

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले २०६६ मा ६, ७ र ८ गते झापा र मोरङ तथा २०६७ जेठ ३० र ३१ गते इलाम जिल्लाका सरकारी कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनको स्थितिबारे अनुगमन गर्नु भएको थियो । झापा जिल्लामा जिल्ला प्रशासन कार्यालय, जिल्ला सिँचाई कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला बन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला भूमिसुधार कार्यालय, मालपोत कार्यालय, कृषि कार्यालय तथा वनकार्यालको अनुगमन गरिएको थियो भने स्थानीय निकायहरूमा सोही दिनदेखि हडताल भएकोले स्थानीय निकायहरूको अनुगमन गर्न सकिएन । मोरङ जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, मालपोत कार्यालय तथा वनकार्यालयको अनुगमन निरीक्षण गरिएको थियो । तीमध्ये जिल्ला जनस्वास्थ्य कार्यालयमा तालिम चलिरहेको हुँदा रिपोर्ट लिन सकिएन । तैपनि उक्त कार्यालयले प्रकाशित गरेका सूचना तथा प्रचार सामग्रीहरूको अवलोकन गरियो ।

इलाम जिल्लाका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, दूरसंचार कार्यालय, आदि कार्यालयहरुको अनुगमन गरिएको थियो । त्यहाँ प्रमुख जिल्ला अधिकारी कोशराज निरौला सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा सक्रिय देखिनु भएको थियो । उहाँको सक्रियतामा सबै सरकारी कार्यालयमा सूचना अधिकारी नियुक्त गर्न पत्राचार गरिएको तथा जिल्ला प्रशासन कार्यालयबाट जिल्लाभरिका सूचनाअधिकारीहरूको सम्मेलन गर्न लागेको जानकारी प्राप्त भयो । आयोगबाट उक्त सम्मेलनका लागि 'थाहा पाउने अधिकार' पुस्तक तथा तालिम स्रोत सामग्री पठाइएको थियो ।

**अनुगमनमा देखिएका केही मुख्य विषयहरू :**

१.निरीक्षण गरिएका कुनै पनि कार्यालयमा सूचना अधिकारीको नामसहितको भिन्नै संकेत पाटी राखेको पाइएन । सबै ठाउँमा प्रमुख को हो ? सूचना अधिकारी को हो भनी सोध्नु पर्ने अवस्था रह्यो ।


२.सूचना अधिकारीको दायित्व र अख्तियारीको सम्बन्धमा पनि खासै ज्ञान भएको पाइएन । तसर्थ सबै ठाउँमा सूचना अधिकारीलाई तालिम दिइनु पर्ने कुरामा जोड दिइएको थियो ।

३.मानिसहरू प्रायः सूचना माग्न आउने गरेका छैनन् । माग्न आउनेहरूले पनि लिखित रूपमा नमागी मौखिक रूपमा वा फोनबाट सूचना माग्ने र मौखिक रूपमै दिने गरेको बुझियो ।

४.सबै कार्यालयहरूमा नागरिक बडापत्र राख्ने चलन रहेको र त्यो हेरेमा कामकारवाही सुचारु रूपले संचालन हुन सक्ने देखियो । तर जनता नागरिक बडापत्र नहेर्ने, सम्पूर्ण कुरा कार्यालय प्रमुख र कर्मचारीले बताइदिनु पर्ने गुनासो पाइयो ।



*राहदानी फाँट, जिल्ला प्रशासन कार्यालय, झापा*




*नागरिकता फाँट, जिल्ला प्रशासन कार्यालय झापा*



*मालपोत कार्यालय, झापा ।*



*जिल्ला भूमिसुधार कार्यालय, झापा*



*जिल्ला शिक्षा कार्यालय मोरङ*



*मालमोत कार्यालय, मोरङ ।*

**दाङ**

यस आयोगका सहायक सचिव श्री अच्युतकुमार पौड्यालले २०६७ असार ९ देखि १५ सम्म दाङ्ग जिल्लामा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको अवस्थावारे अनुगमन गर्नु भएको थियो । अनुगमन गरिएका कार्यालय र अनुगमनमा देखिएका कुराहरू यसप्रकार छन् :

१.जिल्ला प्रशासन कार्यालय, घोराही, दाङ

२.जि.वि.स.को कार्यालय, घोराही, दाङ

३.घोराही नगरपालिका, घोराही, दाङ

४.मालपोत कार्यालय, घोराही, दाङ

५.घरेलु तथा साना उद्योग कार्यालय, घोराही, दाङ

६.जिल्ला प्रहरी कार्यालय, घोराही, दाङ

७.जिल्ला शिक्षा कार्यालय, घोराही, दाङ

८.जिल्ला निर्वाचन कार्यालय, घोराही, दाङ

९.जिल्ला सरकारी वकिल कार्यालय, घोराही, दाङ

१०.जिल्ला वन कार्यालय, घोराही, दाङ

११.नापी कार्यालय, घोराही, दाङ

१२.भूमिसुधार कार्यालय, घोराही, दाङ

१३.नेपाल परिवार नियोजन संघ दाङ शाखा, घोराही, दाङ

१४.नेपाल संस्कृत विश्वविद्यालय, वेलझुण्डी, दाङ

१५.तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था तुलसीपुर, दाङ

१६.मध्य पश्चिम सिंचाई विकास डिभिजन, तुलसीपुर, दाङ

१७.आन्तरिक राजस्व कार्यालय, तुलसीपुर, दाङ

१८.यातायात व्यवस्था कार्यालय, तुलसीपुर, दाङ

१९.तुलसीपुर नगर विकास समिति, तुलसीपुर, दाङ

२०.दूरसंचार कार्यालय, तुलसीपुर, दाङ

२१.पशु सेवा केन्द्र, तुलसीपुर, दाङ

उपरोक्त कार्यालयहरूको अनुगमन तथा निरीक्षण गर्दा केही कार्यालयहरूमा सूचना अधिकारी तोकिएको, केही कार्यालयहरू सूचना अधिकारी तोक्ने प्रकृयामा रहेको, केही कार्यालयहरूमा सूचना अधिकारी नभएको (नतोकिएको) र केही कार्यालयमा सूचना अधिकारी कार्यालय प्रमूख नै रहेको पाइयो । केही कार्यालयहरूमा सूचनाहरू वर्गीकरण गरिएको पाइएन भने कतिपय कार्यालयहरूमा सूचनाको

वर्गीकरण गरेर राख्नुपर्छ भन्ने ज्ञानसमेत रहेको पाइएन । प्रायः सबै कार्यालयहरूको सूचनाको भाषा माध्यम नेपाली नै रहेको पाइयो । अधिकांश कार्यालयहरूमा कर्मचारीका लागि सूचनाको हकसम्बन्धी तालिम/ प्रशिक्षणको व्यवस्था भएको पाइएन । कतिपय कार्यालयहरूमा सूचना पाटी, नागरिक वडापत्र र उजुरी पेटिकासमेत नभएको पाइयो । अधिकांश कार्यालयहरूमा सूचना राख्ने प्रविधि परम्परागत नै रहेको पाइयो ।

**सुझावहरू :**

१. सूचना अधिकारी नतोकिएको कार्यालयहरूमा अनिवार्य रूपमा यथाशक्य छिटो सूचना अधिकारी तोक्न लगाउने ।

२. कार्यालयहरूले सूचना वर्गीकरण गर्दा सूचना वर्गीकरण गर्ने आधार र मापदण्ड निर्धारण गरी साधारण, गोप्य र अतिगोप्यजस्ता आधारमा सूचना वर्गीकरण गर्नुपर्ने ।

३. नागरिक वडापत्र, सूचनापाटी तथा उजुरी पेटिकाजस्ता नागरिकका सूचनाका माध्यम जतिसक्दो छिटो तथा अनिवार्य रूपमा गर्नुपर्ने ।

४. सूचना अधिकारीलाई कार्यकक्ष, तालिम र भत्ताको व्यवस्था हुनुपर्ने ।

५. सूचनाको हकसम्वन्धमा गोष्ठी/प्रचार प्रसारको माध्यमबाट व्यापक प्रचार प्रसार गरिनु पर्ने ।

सूचनाको हकसम्वन्धी ऐन २०६४, लागू भएपनि यस ऐनको प्रभावकारी कार्यान्वयन कतिपय कार्यालयहरूमा नभएको पाइएकोले ऐनलाई व्यापक रूपमा प्रभावकारी वनाउन सबै सार्वजनिक निकायहरूलाई नागरिकका सूचनाको हकसम्वन्धी व्यवस्था, दिनुपर्ने सूचनाको प्रकृति तथा सूचना नदिएमा भोग्नुपर्ने सजाय आदिका सम्वन्धमा ऐनमा भएका प्रमुख व्यवस्थाका सम्वन्धमा पुनः संस्मरण गराउनु पर्ने देखिन्छ । नागरिकलाई पनि सूचना पाउने अधिकार आफ्नो नैसर्गिक अधिकार हो भन्ने कुराको अनुभूति गराउनु पर्ने देखिन्छ ।

**स्याङजा**

आयोगका मुद्रण अधिकृत श्री गीता घिमिरे र खरिदार श्री विमला बास्तोलाले ०६६ चैत ३ देखि ०९ सम्म स्याङजा जिल्लामा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको अवस्थावारे अनुगमन गर्नु भएको थियो ।

अनुगमन गरिएका कार्यालयहरू :

जिल्ला प्रशासन कार्यालय,

जिल्ला विकास समितिको कार्यालय,

जिल्ला निर्वाचन कार्यालय,

जिल्ला सरकारी वकिलको कार्यालय,

घरेलु तथा साना उद्योग विकास समिति,

जिल्ला हुलाक कार्यालय,

तथ्याङ्क कार्यालय,

नापी कार्यालय,

जिल्ला प्राविधिक कार्यालय र

जिल्ला कृषि विकास कार्यालय

**अनुगमनमा देखिएका कुराहरू :**

- जिल्ला स्वास्थ्य कार्यालय र सहकारी कार्यालयमा दुईतीन पटक जाँदा पनि प्रमुखहरूसँग भेट भएन र अरु कर्मचारीहरूले प्रमुखको आदेश विना फर्म भर्न मिल्दैन भनी बारम्बार भनेकोले त्यहाँको निरीक्षण लिखित रूपमा हुन सकेन ।
- सबै कार्यालयमा सूचना अधिकारी भनी भिन्दै वोर्ड टाँसिएको भेटिएन । सूचना अधिकारी को हो ? प्रमुख को हो ? कहाँ हुनहुन्छ भनी खोजी जानुपर्ने अवस्था रहेको थियो ।
- केही कार्यालयमा प्रमुख आफू नै सूचना अधिकारी रहेको र केही कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको पाइयो ।
- जिल्ला विकास समिति कार्यालयमा सूचना अधिकृतको नै दरवन्दी रहेको पनि पाइयो ।
- प्रायः सबै कार्यालयहरूमा सूचना अधिकारी भनी व्यक्ति तोकिए तापनि कार्यालयको अन्य कार्यहरू वढी गर्नुपर्ने भएकोले सक्रिय रूपमा नरहेको पाइयो ।
- सूचना अधिकारीको दायित्व र अख्तियारी के हो सो सम्बन्धमा पनि खासै ज्ञान भएको पाइएन ।
- केही कार्यालयमा कर्मचारीहरूको अभाव भएकाले सूचना अधिकारीको व्यवस्था नगरेको उल्लेख गरेका थिए ।
- सबै ठाउँमा सूचना अधिकारीलाई तालिम दिइनु पर्ने कुरामा जोड दिइएको थियो ।
- व्यक्तिहरू सूचना माग्न नआएको र माग्न आए पनि लिखित रूपमा माग्ने चलन नरहेको, मौखिक रूपमा सूचना माग्ने र दिने प्रचलन भएको भेटियो ।
- सबै कार्यालयमा नागरिक वडापत्र, सुझाव पेटिका र सूचनापाटी  राख्ने प्रचलन रहेको र त्यो हेरेमा काम कारवाही सूचारु रूपले गर्न सक्ने देखिएको तर जनता नागरिक वडापत्र नहेर्ने, सम्पूर्ण कुरा कार्यालय प्रमुख र कर्मचारीले नै गरिदिनु पर्ने/भनिदिनु पर्ने कार्यालय प्रमुख र कर्मचारीको गुनासो पाइयो ।
- सूचना माग्न आएमा निवेदन लिएर सूचना दिने गरिएको भन्ने जानकारी प्राप्त भएको ।

**अनुगमन गरिएका जिल्ला र अनुगमन गर्न जाने पदाधिकारीहरू :**

| क्रम सं. | अनुगमन गर्न जाने पदाधिकारी | अनुगमन गरिएको जिल्ला | अनुगमन मिति |
|---|---|---|---|
| १ | श्री हरिनारायण वाग्ले, शाखा अधिकृत र श्री बलराम लामिछाने, लेखा अधिकृत | सिन्धुपाल्चोक | २०६६ असोज १५ देखि २२ |
| २ | श्री हरिनारायण वाग्ले, शाखा अधिकृत र श्री बलराम लामिछाने, लेखा अधिकृत | दोलखा र काभ्रे | २०६६ कार्तिक २७ देखि मंसिर ३ |
| ३ | श्री बलराम लामिछाने, लेखा अधिकृत | चितवन, मकवानपुर | २०६६ पुस २४ देखि माघ १ |
| ४ | श्री सबिता भण्डारी बराल, सूचना आयुक्त | मोरङ, झापा | २०६६ माघ ६, ७ र ८ |
| ५ | श्री गीता घिमिरे, मुद्रण अधिकृत | धनुषा | २०६६ माघ २२ देखि २७ |
| ६ | श्री हरिनारायण वाग्ले, शाखा अधिकृत | कास्की | २०६६ माघ २२ देखि २८ |
| ७ | श्री गौलोचन सैंजू, सहायक सचिव र श्री हरिनारायण वाग्ले, शाखा अधिकृत | पाल्पा | २०६६ फागुन २३ देखि २९ |
| ८ | श्री गीता घिमिरे, मुद्रण अधिकृत, श्री विमल बास्तोला, खरिदार | स्याङ्जा | २०६६ चैत ३ देखि ९ |
| ९ | श्री बलराम लामिछाने, लेखा अधिकृत | लमजुङ | २०६६ चैत ४ देखि १० |
| १० | श्री ऋषिराम पन्थी, ना.सु., श्री लीला ढँगा, ना.सु. | रूपन्देही | २०६६ चैत १८ देखि २५ |
| ११ | श्री लीला ढँगा, ना.सु., श्री ऋषिराम पन्थी, ना.सु. | अर्घाखाँची, गुल्मी | २०६७ जेठ ३ देखि ९ |
| १२ | श्री हरिनारायण वाग्ले, शाखा अधिकृत र श्री बलराम लामिछाने, लेखा अधिकृत | नुवाकोट | २०६७ जेठ २६ देखि असार २ |
| १३ | श्री सबिता भण्डारी बराल, सूचना आयुक्त | इलाम | २०६७ जेठ ३० र ३१ |
| १४ | श्री अच्युतकुमार पौड्याल, सहायक सचिव | दाङ, बाँके | २०६७ असार ९ देखि १५ |

## परिशिष्ट-७

## विविध

### १. सूचनाको वर्गीकरणका सम्बन्धमा आयोगको सुझाव

आयोगको २०६६ मंसिर १९ गते बसेको बैठकले निम्नलिखित निर्णय गरी सूचनाको वर्गीकरणसम्बन्धमा वर्गीकरण समितिलाई सुझाव दिने निर्णय गरेको थियो :

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ४ को सूचनाको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा २७ मा सूचनाको वर्गीकरणको व्यवस्था गरिएको छ । सो कानुनी व्यवस्थाअनुसार गठित समितिले 'उपर्युक्त कानुनी व्यवस्थाको आधारमा सबै सरकारी कार्यालयलाई लागू हुने गरी देहायका सूचनाहरू देहायको अवधिसम्म गोप्य राख्न सकिने गरी वर्गीकरण गरिएको छ :' भनी ११ पृष्ठमा समेटिएको गोप्य राख्न सकिने सूचनाहरूको सूची प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट मिति २० पुस २०६५ मा आयोगमा प्राप्त भयो । उक्त वर्गीकरणका सम्बन्धमा कानुनविद् तथा विशेषज्ञहरूसँग परामर्श र आयुक्तहरूबीच छलफल हुँदा आयोग निम्नलिखित निष्कर्षमा पुगेको छ :

गोप्य राख्न सकिने सूचनाहरूको वर्गीकरणको उक्त सूचीको प्रारम्भमा नै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ वमोजिम गोप्य राख्नु पर्ने सूचनाहरूको निम्नअनुसारको जानकारी दिइएको छ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तरराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने,

तर यसै दफा ३ (३) को अभिन्न अंगको रूपमा गरिएको व्यवस्था अत्यन्त विचारणीय, महत्वपूर्ण र उल्लेखनीय छ । जसमा भनिएको छ : 'तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।'

यसको आसय स्पष्ट छ कि दफा ३ (३) अनुसार गोप्य राख्नु पर्ने सूचनाहरूको आधार अर्थात् सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण विना कुनै पनि सूचना गोप्य राख्न पाइँदैन ।

नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ विश्वका लोकतान्त्रिक मुलुकका नागरिकहरूले निर्वाध रूपमा उपभोग गरिरहेका मानवअधिकारकै अंगका रूपमा, नेपाल सरकार पक्ष बनेका अन्तरराष्ट्रिय अनुवन्धहरूको पालना तथा नेपालको अन्तरिम संविधान २०६३ को भावनाअनुसार नेपाली नागरिकहरूको मौलिक हकको रूपमा आएको हो ।

ऐनको उद्देश्यबारे ऐनको प्रस्तावनामा नै यसरी स्पष्ट गरिएको छ :

**प्रस्तावना :**

राज्यका काम कारवाही लोकतान्त्रिक पद्दतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ ।

ऐनको मूल भावना, मर्म र उद्देश्य नै राज्यलाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउनका लागि राज्यका सबै काम कारवाही खुला र पारदर्शी बनाउनु तथा सार्वजनिक निकायहरूमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको सजिलोसँग पहुँच पुऱ्याउनु हो । यी उद्देश्य प्राप्त गर्नका लागि ऐनका विभिन्न दफाहरूमा सार्वजनिक निकायले सबै काम खुला र पारदर्शी रूपमा गर्नुपर्ने, निकायका कामकारवाही, आर्थिक तथा मानवीय संसाधान लगायतका सम्पूर्ण कुराहरू निमित रूपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्ने र पाउने कार्यविधि तथा सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचना माग्ने र सच्याउने जस्ता विभिन्न व्यवस्था गरिएका छन् ।

साथै ऐनको दफा ३७ मा 'यस ऐनमा लेखिए जति कुरामा यसै ऐन वमोजिम र अन्यमा प्रचलित कानुनवमोजिम हुनेछ ।' भनी स्पष्ट गरिएको हुँदा पनि सूचना माग्ने र पाउने सवालमा यस ऐनसँग बाझिने पुराना ऐनहरूलाई यो ऐनले निरस्त (ओभरराइड) गर्ने कुरा स्पष्टै छ ।

यसरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यलाई ध्यानमा राखी विचार गर्दा दफा २७ को उपदफा १ बमोजम गठित माथि उल्लिखित वर्गीकरण समितिले जारी गरेको वर्गीकरणका कतिपय विषय र बूँदाहरू ऐनको उद्देश्यसँग बाझिने देखिन्छन् ।

कुनै सूचना किन गोप्य राख्नुपर्ने भन्ने उचित र पर्याप्त कारण खुलाइएको छैन । कुनै सूचना वर्गीकरणमा तोकिएको वर्ष वा समय लागि किन गोप्य राख्नु पर्ने भन्ने समयावधिको आधार दिइएको छैन । साथै सूचना 'संरक्षण गर्ने तरिकासमेतका बारेमा निश्चित मापदण्ड निर्धारण' गरिएको छैन । अर्थात् गोप्य राखिने सूचनाको संरक्षण कसरी गरिन्छ, कुन माध्यममा, कुन भौतिक तथा रासायनिक उपाय वा प्रविधि प्रयोग गरिन्छ जस्ता महत्वपूर्ण जानकारीहरू उक्त वर्गीकरणमा समावेश गरिएका छैनन् ।

उक्त वर्गीकरणको बूँदा नं.२ को पहिलो बूँदा 'प्रचलित कानुनवमोजिम गोप्य राख्नु पर्ने विषयमा सो ऐनले अवधि तोकिदिएकोमा सोहीवमोजिम र नतोकिदिएकोमा विषयको प्रकृति हेरी सम्बन्धित निकायको प्रमुखले निर्धारण गरेको अवधिसम्म' भन्ने भनाइले सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने पुराना ऐनको व्यवस्थालाई कायम गर्नुका साथै कुनै पनि सार्वजनिक सूचना सार्वजनिक गर्ने कि नगर्ने भन्ने अधिकार निकायका प्रमुखलाई दिएको देखिन्छ ।

साथै 'विषयको प्रकृति हेरी सम्बन्धित निकायको प्रमुखले निर्धारण गरेको अवधिसम्म' भन्ने भनाइले समितिले सम्बन्धित निकायको प्रमुखलाई समयअवधि निर्धारण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । तर ऐनमा यस्तो व्यवस्था गरेको देखिँदैन ।

वर्गीकरणको पृष्ठ ९ मा वातावरण तथा विज्ञान र प्रविधि मन्त्रालयका वर्गीकृत सूचनाहरूमध्ये चौथोदेखि अन्तिम बूँदासम्ममा उल्लेख गरिएका सूचनाहरू व्यक्तिगत र व्यापारिक निकायका निजी पासवर्डहरूजस्ता गोप्य सूचनाहरू तीस वर्षसम्म गोप्य राख्ने एकमुष्ठ वर्गीकरण ऐनको उद्देश्यभन्दा बाहिर गएको देखिन्छ ।

यसरी विश्लेषण गर्दा विभिन्न बूँदामा ऐनसँग बाझिने कुराहरू स्पष्ट हुँदै जान्छन् । समग्रमा हेर्दा उक्त वर्गीकरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यको प्रतिकूल देखिन्छ ।

अतः ऐनको दफा २७ को उपदफा २ र ३ को व्यवस्थालाई मनन गर्दै यो ऐनको दफा १९ को (च) अनुसार राष्ट्रिय सूचना आयोग उक्त वर्गीकरणको यथाशीघ्र पुनरावलोक गर्न सिफारिस गर्दछ ।

## २. सूचनाको हक र थाहा पाउने अधिकारसम्बन्धी गोष्ठीमा जारी घोषणापत्र

राष्ट्रिय सूचना आयोग, नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस इन्स्टिच्युटको आयोजना तथा ओएचसीआर र युनेस्कोको सहयोगमा २०६७ जेठ ४ गते सम्पन्न “सूचनाको हक र थाहा पाउने अधिकार” विषयको गोष्ठीमा प्रस्तुत कार्यपत्र तथा छलफलको निचोडको रूपमा जारी भएको चार बूँदे घोषणापत्र :

- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना दिने प्रमुख दायित्व राज्यका निकायको भएकाले स्वतः सार्वजनिकीकरण गर्नुपर्ने दायित्वलाई पूरा गर्न सबै निकायमा सूचना अधिकारीको नियुक्ति अविलम्ब गर्न तथा प्रत्येक तीन-तीन महिनामा सूचना सार्वजनिक र अद्यावधिक गर्नुपर्ने ऐनले तोकेको दायित्व पूरा गर्न सरकारको ध्यानाकर्षण गराइन्छ ।

- सूचना संरक्षणसम्बन्धी प्रावधानको व्याख्या गर्दै सरकारले जारी गरेको सूचना वर्गीकरणसम्बन्धी निर्देशिका तत्काल फिर्ता गरी ऐनले तोकेको प्रक्रियाअनुरूप मात्र वर्गीकरण र संरक्षणसम्बन्धी व्यवस्था गर्न ध्यानाकर्षण गराइन्छ ।

- सूचना माग गर्न सर्वसाधारण जनताको चेतना जगाउने कार्यमा नागरिक संघसंस्था र प्रेसजगतको भूमिका महत्वपूर्ण हुने हुनाले सूचना माग गर्ने अभियानलाई सशक्तरूपमा सञ्चालन गर्न आवश्यक छ ।

- पत्रकारितालाई अझ विश्वसनीय र जिम्मेवार बनाउन अनुसन्धानात्मक पत्रकारिताको प्रवृत्ति बढाउन सूचनाको हकसम्बन्धी ऐन प्रयोग गर्न पत्रकारहरू सक्रिय हुनु आवश्यक छ । अनुसन्धानात्मक पत्रकारिताको लागि यो ऐनलाई प्रभावकारी औजार बनाउन पत्रकार र यससम्बन्धी संस्थाहरूको ध्यानाकर्षण गराइन्छ ।

❐ ❐ ❐






SOUTH ASIA REGIONAL CONSULTATION ON
FREEDOM OF INFORMATION: THE RIGHT TO KNOW


सूचनाको हक सम्बन्धी
नागरिक




सूचनाको हक सम्बन्धी
नागरिक
कार्यक्रम



